सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ चैत २०८०, बिहीबार (21 Mar 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३३२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बाँसबारीको सरकारी जग्गा हिनामिनामा सांसद विनोद चौधरीमाथि पनि अनुसन्धान

चौधरी समूहले ३७ वर्षअघि हडपेको काठमाडौंको बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गामा चाँदबाग स्कुल चलाउँदै छ, सरकार हिनामिनामा संलग्नलाई अनुसन्धानको दायरामा तान्दै जग्गा फिर्ता ल्याउने प्रक्रियामा छ

विनोद चौधरीसँग अब बयान लिन्छौं



एसपी होविन्द्र बोगटी
प्रवक्ता, सिआइबी

बाँसबारी छाला तथा जुत्ता कारखानाको हडपिएको जग्गा सम्बन्धमा सिआइबीले अनुसन्धान गरिरहेको छ। यस क्रममा विनोद चौधरीमाथि पनि अनुसन्धान गर्नुपर्ने देखियो। त्यसको जानकारी सभामुखलाई गराइएको हो। चौधरी सांसद हुनुहुन्छ। चौधरीमाथि अनुसन्धान प्रक्रिया अघि बढेको छ। अब उहाँसँग बयान लिनेछौं। आवश्यक अनुसन्धान प्रक्रिया अघि बढ्नेछ।

टेकराज थामी/नयाँ पत्रिका

बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गा हिनामिना प्रकरणमा सांसद एवं अर्बपति उद्योगी विनोद चौधरी अनुसन्धानको दायरामा तानिएका छन्। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बुधबार सभामुख देवराज घिमिरेलाई पत्र लेख्दै सांसद चौधरीमाथि अनुसन्धान भइरहेको जानकारी गराएको हो।

सिआइबीले सभामुखलाई पत्रमार्फत जानकारी गराउनुलाई चौधरी पक्राउसमेत पर्न सक्ने पक्षबाट हेरिएको छ। बिहीबारदेखि १० दिनका लागि प्रतिनिधिसभा बैठक स्थगित गरिएको अवस्थामा सिआइबीले सभामुखलाई पत्र लेखेको हो।

तत्कालीन बाँसबारी छाला तथा जुत्ता कारखानाको १० रोपनी जग्गा चौधरी समूहले ०४३ मा हडपेको थियो। उक्त जग्गामा समूहले सिजी चाँदबाग स्कुल

» पृष्ठ ११ मा क्रमशः



चौधरी ग्रुपले चलाएको बाँसबारीस्थित चाँदबाग स्कुल



हडपिएको जग्गासँग विनोदको सम्बन्ध

बाँसबारी छाला तथा जुत्ता कारखानाको १० रोपनी जग्गा हिनामिना प्रकरणमा अनुसन्धानरत प्रहरी यतिवेला अर्बपति विनोद र वसन्त चौधरीको 'नेक्सस' पहिल्याउन जुटेको छ। यहाँको जग्गा च्याम्पियन सु फ्याक्ट्री अर्थात् तत्कालीन 'च्याम्पियन फुटवेयर लिमिटेड'को नाममा हडपिएको थियो। जसको संस्थापक सेयरहोल्डर विनोद चौधरी, वसन्त चौधरी, अरुण चौधरी, लुनकरणदास चौधरी, महेशकुमार अग्रवाल, बाँसबारी छाला तथा जुत्ता कारखाना र गंगादेवी चौधरी थिए। लिमिटेडको कुल पाँच हजार कित्ता सेयरमध्ये विनोद र वसन्तको दुई-दुई सय कित्ता थियो। त्यस्तै, विनोद र वसन्तका भाइ अरुणको दुई सय, बुबा लुनकरणदासको दुई हजार एक सय, भिनाजु महेशकुमारको दुई सय, आमा गंगादेवीको एक सय कित्ता सेयर थियो। बाँकी दुई हजार कित्ता सेयर भने बाँसबारी छाला जुत्ता कारखानाको नाममा थियो। सेयरबापत कारखानाले १० रोपनी जग्गा दिएको थियो। जसको मूल्यांकन मात्रै २० लाख रुपैयाँ गरिएको थियो। जब कि फुटवेर लिमिटेडको सेयर त्यतिवेलै प्रतिकित्ता एक हजार रुपैयाँ तोकिएको थियो। सिआइबीका प्रवक्ता एसपी बोगटीले घटना सम्बन्धमा मिहिन ढंगले अनुसन्धान भइरहेको बताए। उनले भने, 'जग्गा हिनामिनाबारे प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गरिरहेको छ। अहिले यत्ति नै भनौं।' अहिले च्याम्पियन फुटवेयर लिमिटेड बन्द छ। जग्गा भने सिजी चाँदबाग रेसिडेन्सी प्रालि च्याम्पियन फुटवेयर प्रालिको नाममा छ। जसको सम्पूर्ण सेयर अरुण चौधरीको नाममा छ। अरुण अहिले उक्त जग्गामा चाँदबाग नामको महँगो स्कुल चलाइरहेका छन्। जग्गा गैरकानुनी ढंगले हडपेको अभियोगमा प्रहरीले गत १८ माघमा अरुणलाई पक्राउ गरेको थियो। ६ दिनको हिरासतपछि उनीसहितका व्यक्ति साधारण तारेखमा छुटिसकेका छन्। ०२० मा चीन सरकारले स्थापना गरिदिएको छालाजुत्ता कारखानाको १० रोपनी जग्गासँग फुटवेयरले ०४३ मा सेयर साटेको थियो। तर, फुटवेयर तीन वर्ष पनि चलेन। लगातार घाटा देखाएर छालाजुत्ताको सेयर फुटवेयरले पछि आफ्नै नाममा नामसारी गरेको थियो।

■ सिआइबीले सभामुखलाई किन दियो अनुसन्धानको जानकारी ?

संविधानको धारा १०३ (६) मा कुनै फौजदारी अभियोगमा कुनै सांसदलाई संघीय कानुनबमोजिम पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्ने व्यवस्था छ। प्रतिनिधिसभा नियमावलीको नियम २४८ मा कुनै सदस्य पक्राउ गरिएको सूचना प्राप्त भएमा सभामुखले त्यसको जानकारी सदनलाई तत्काल दिने, बैठक नचलेको अवस्थामा सूचना टाँस गर्न लगाउने व्यवस्था छ। संविधान र कानुनले कहीं कतै पनि सांसदमाथि अनुसन्धान भइरहेको जानकारी सदनलाई दिनुपर्ने भनेको छैन। तर, कांग्रेस सांसद विनोद चौधरीको हकमा सिआइबीले सभामुखलाई पत्र लेखेर सम्भावित पक्राउको संकेत गरेको छ। किनभने बिहीबारदेखि सभामुख देवराज घिमिरे आठदिने विदेश भ्रमणमा जाँदै छन्। कांग्रेसले पत्रलाई लिएर आपत्ति जनाएको छ। सिआइबीले पठाएको पत्रमा 'बाँसबारी छाला तथा जुत्ता कारखानाको नाममा दर्ता कायम रहेको १० रोपनी जग्गा गैरकानुनी तवरबाट च्याम्पियन फुटवेयरको नाममा स्वामित्व हस्तान्तरण गरेर सरकारी जग्गा किर्ते गरी ठगी गरेको मुद्दामा च्याम्पियन फुटवेयरका संस्थापक सेयरधनी तथा तत्कालीन सञ्चालक समितिका सदस्य विनोद चौधरीका सम्बन्धमा यस ब्युरोबाट अनुसन्धान भइरहेको' उल्लेख छ।

■ सिआइबीले लियो वसन्तको बयान



बाँसबारी छालाजुत्ता कारखानाको हडपिएको जग्गाको सन्दर्भमा सिआइबीले उद्योगपति वसन्त चौधरीसँग बयान लिएको छ। बुधबार लाजिम्पाटस्थित कार्यालयमा बोलाएर वसन्तसँग बयान लिइएको हो। सिआइबी प्रमुख एआइजी श्यामलाल ज्ञवालीले वसन्तसँग घटना विवरण कागज गराएको बताए। उनले भने, 'बाँसबारी छालाजुत्ता कारखानाको हडपिएको जग्गाको सन्दर्भमा उद्योगपति वसन्त चौधरीसँग घटना विवरण कागज भएको छ। उहाँसँग सिआइबी कार्यालयमै कागज भएको हो। कागजका लागि उहाँलाई कार्यालय बोलाइएको थियो।'

सम्पत्ति शुद्धीकरण निवारणमा बिमा प्राधिकरणको कसिलो नीति

शंकास्पद ग्राहकको पहिचान गर्न निर्देशन, उधारो बिमा पूर्ण निरुत्साहित गरिने



(विस्तृत पृष्ठ ९)

हैटी कसरी आपराधिक गिरोहको कब्जामा पऱ्यो ?



गिरोहको दबाबमा राष्ट्रपतिले राजीनामा दिन बाध्य भएपछि हैटी अहिले आपराधिक गिरोहको बन्धक बनेको छ

(विस्तृत पृष्ठ ७)

बझाङमा उपनिर्वाचनका लागि उम्मेदवार छान्दै दलहरू



(विस्तृत पृष्ठ ४)

प्रतिनिधिसभा १० दिन र राष्ट्रिय सभा एक साता बन्द



हतारोमै सकियो बजेटको सिद्धान्त र प्राथमिकतामाथिको छलफल, प्रतिनिधिसभामा कायम २७३ सदस्यमध्ये प्रिबजेट छलफलमा ७४ जना मात्र सहभागी

(विस्तृत पृष्ठ ३)



पश्चिम सर्दै वर्षा

चालू वर्षा शुक्रबारसम्म रहने, शनिबारदेखि पश्चिमबाट अर्को वर्षा भित्रिन सक्ने अनुमान



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

काठमाडौं/ पूर्वी र मध्यनेपालकेन्द्रित वर्षा बिहीबार पश्चिममा पनि फैलने भएको छ। लामो समयदेखिको सुक्खाका कारण आगलागी र डढेलाका घटना उल्लेख बढिरहेका वेला बुधबार कोशी, मधेश, बागमती र गण्डकीका केही ठाउँमा वर्षा हुँदा राहत मिलेको छ।

वर्षा बिहीबार र शुक्रबार पनि हुने मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले बताए। 'बुधबारभन्दा कम वर्षा हुन्छ। छरिएर वर्षा हुने देखिन्छ,' मौसमविद् अधिकारीले भने, 'बिहीबार देशभर बदली भए पनि पश्चिममा

» पृष्ठ ११ मा क्रमशः



कान्ति बाल अस्पताल हजार शय्याको बनाउने कार्ययोजना मन्त्रालयमै थन्किंयो

शिवहरि घिमिरे/नयाँ पत्रिका

बालबालिकाको मात्र उपचार हुने देशकै ठूलो सरकारी अस्पताल कान्ति बाल अस्पतालले बेडको अभाव देखाउँदै बिरामीलाई निजीतिर पठाउने गरेका घटना पटक-पटक दोहोरिएका छन्। तर, कान्तिलाई हजार शय्याको बनाउने कार्ययोजना भने स्वास्थ्य मन्त्रालयमै थन्किएको छ। हाल कान्तिमा सबै प्रकारका गरी तीन सय २५ शय्या मात्र छन्।

गत २२ पुसमा कान्ति बाल अस्पताल प्रशासन तथा विज्ञ टोलीले नयाँ कार्ययोजना तथा विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयारी पारी स्वास्थ्य मन्त्रालयमा पेस गरेको थियो। सोबारे स्वास्थ्य मन्त्रालयले थप पहल नगर्दा महत्त्वाकांक्षी स्वास्थ्य कार्ययोजना कागजमै थन्किएको कान्ति बाल अस्पतालले जनाएको छ। अस्पतालका सूचना अधिकारी रमेशनरसिंह केसीका अनुसार बिरामीको चाप र मागअनुसार

» पृष्ठ ११ मा क्रमशः

■ मध्यराति कान्ति लगिएकी बालिका 'बेड छैन' भन्दै फिर्ता

बागलुङ निसीखोलाकी सात वर्षीया सेञ्जल शाहीलाई अभिभावकले मंगलबार राति ११:४० बजे कान्ति बाल अस्पतालको इमर्जेन्सीमा पुऱ्याए। गम्भीर अवस्थाकी उनलाई पिआइसियूमा राखेर उपचार गर्नुपर्ने निष्कर्ष चिकित्सकले निकाले। तर, अस्पतालमा पिआइसियू बेड खाली नभएको भन्दै अन्यत्र लैजान भन्दै भर्ना गर्न मानेनन्।



'अस्पतालले बिरामीको परिवारको हारगुहारलाई नसुनेर बाहिरै लैजान भनिरहेको र बिरामीको अवस्था झन् नाजुक भएर छटपटाइरहेको दृश्य कारुणिक थियो,' बालिकाको उपचारमा पहल गर्न राति नै अस्पताल पुगेका राजु सुवेदीले सामाजिक सञ्जालमा लेखेका छन्, 'मैले पनि त्यहाँका डाक्टरलाई बचाइदिनुहोस् भनेर अनुनयविनय गरैं। तर, उनीहरू यति निर्दयी बनेर उभिए कि मैले मान्छे यस्तोसम्म हुन्छ भन्ने कल्पनासमेत गरेको थिइनँ। जब कि मलाई अस्पतालकै एकजना जुनियर कर्मचारीबाट एउटा पिआइसियू खाली भएको सूचना प्राप्त भएको थियो।'

सामाजिक सञ्जालमा विरोध भएपछि अस्पताल प्रशासनले बुधबार विज्ञप्ति जारी गर्दै पिआइसियू बेड नभएका कारण बिरामी फर्काउनुपरेको दाबी गरेको छ। 'त्यति वेलासम्म यस अस्पतालमा पिआइसियू बेड खाली नभएकाले अन्यत्र विकल्प खोज्नका लागि समयमा नै जानकारी गराइएको, तर बिरामीका अभिभावकहरूले इन्ट्युबेट (श्वासनलीमा ट्युब राखिएको) गरिराखेको बच्चालाई त्यही अवस्थामा इमर्जेन्सीमा उपचार जारी राख्न दबाब दिएको, जुन चिकित्सकीय हिसाबले तर्कसंगत एवं व्यावहारिक नदेखिएकाले बारम्बार पिआइसियू बेड खोज्न सुझाव दिइएको,' विज्ञप्तिमा भनिएको छ।

कान्तिले फिर्ता गरेपछि राति नै बालिकालाई चाबहिलस्थित नेपाल-भारत मैत्री अस्पताल पुऱ्याइएको थियो। उनको उपचार भइरहेको छ। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले अस्पतालले बिरामीलाई चेकजाँच नगरी फिर्ता पठाउन नमिल्ने बताउँदै छानबिन हुने बताएका छन्। 'अस्पतालको हाताभित्र पुगेका बिरामीलाई हेर्दै नहेरी फिर्ता गर्न पाइँदैन,' उनले भने, 'त्यसो भएको हो भने अस्पतालका निर्देशक र जिम्मेवार तहमा बसेकासँग सोधपुछ गरिन्छ, आवश्यक परेमा कारबाही हुन्छ।'

वडाको प्रगति बढाउन विभागीय प्रमुखहरूलाई जिम्मेवारी

काठमाडौं/ काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले विभागीय प्रमुखहरूलाई वडास्तरका सम्भावनालाई उपयोग गर्ने गरी जिम्मेवारी दिएका छन्। प्रमुख प्रशासकीय अधिकृत परियारले बुधबार आयोजित बैठकमा हालसम्म वडाहरूले प्राप्त गरेको वित्तीय प्रगतिको ग्राफ प्रस्तुत गर्दै त्यहाँका सम्भावनालाई पहिचान गरी सहजीकरण गर्न विभागीय प्रमुखहरूलाई जिम्मेवारी दिएका हुन्।

'वडाका काम महानगरबाट अलग छैनन्, अलग होइनन्। यसकारण त्यहाँको सम्भावनालाई उपयोग गर्नुपर्छ। चुनौतीको समाधान गर्नुपर्छ। समस्याको समाधान गरिदिनुपर्छ। यसका लागि एकजना विभागीय प्रमुखलाई दुईवटा वडाको जिम्मेवारी दिएको छु,' उनले भने, 'अहिलेसम्म देखिएको प्रगतिको अंक तपाईंहरूले काम थाल्ने विन्दु हो। तपाईंको सहजीकरणपछि यसअघिको विकास गतिले कति फरक पार्छ, तपाईंको उपस्थितिको मापन सूचक हो।' प्रशासन विभाग प्रमुख दीपक अधिकारीलाई वडा ६ र १६, सूचना प्रविधि विभागका प्रमुख महेश काफ्लेलाई वडा ५ र ७, सहरी विकास विभागका प्रमुख अर्चना श्रेष्ठलाई वडा २ र १७, कानुन तथा मानव अधिकार विभागका प्रमुख वसन्त आचार्यलाई वडा १२ र १५, राजस्व विभागका प्रमुख ध्रुव काफ्लेलाई वडा ८ र १४ को जिम्मेवारी दिइएको छ। यसैगरी, वित्त विभागका प्रमुख डा. शिवराज अधिकारीलाई वडा ९ र १० को जिम्मेवारी दिइएको छ। खरिद एकाइका प्रमुख नमराज ढकाललाई वडा ३ र ११, सार्वजनिक निजी साझेदारी एकाइका प्रमुख नरेन्द्रविलास बज्राचार्यलाई वडा २१ र २९, योजना अनुगमन तथा मूल्यांकन एकाइका प्रमुख सुमित्रा लामिछाने सुवेदीलाई वडा २० र ३०, आन्तरिक लेखापरीक्षण एकाइका प्रमुख यादव घिमिरेलाई वडा १ र ३१ को जिम्मेवारी दिइएको छ।

फुटपाथ व्यवसायलाई उपत्यकाका अन्य स्थानीय तहले पनि व्यवस्थापन गर्दै



शान्ति तामाङ/नयाँ पत्रिका

फुटपाथ व्यवसाय रोक्ने विषयमा काठमाडौं महानगरपालिका र फुटपाथ, ठेलागाडा व्यवसायीबीच द्वन्द्व सुरु भएको धेरै भइसकेको छ। यसबीचमा महानगर प्रहरी र व्यापारीबीच पटक-पटक झडपसमेत भएको छ। व्यापारीका समस्या समाधान गर्न र फुटपाथ व्यापार व्यवस्थापन गर्न भन्दै १० असोजमा एक अध्ययन समिति गठनसमेत भएको थियो। उक्त समितिले सुझावसहित दुई महिनाभित्र महानगरपालिकामा प्रतिवेदन पेस गर्ने सहमति भएको थियो। सहमतिअनुसार कार्यदल बन्यो। तर, कार्यदलले हालसम्म कुनै निष्कर्ष भने निकाल्न सकेको छैन।

फुटपाथ व्यवसायीको तर्फबाट कार्यदलमा सहभागी स्वतन्त्र सडक व्यापार श्रमिक संगठनका अध्यक्ष कुमार सापकोटाका अनुसार दुईवटा बैठक बसे पनि बैठकले कुनै निष्कर्ष निकाल्न सकेन। महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार व्यवसायीले नै बैठक बसेर ठोस निर्णय लिन चासो नदेखाएका हुन्। १० असोजमा महानगर र फुटपाथ व्यवसायीको पक्षमा वकालत गर्दै आएका अभियन्ता ईःबीच भएको चारबुँदे सहमतिअनुसार फुटपाथ व्यवसायीलाई व्यवस्थापन गर्नका लागि कार्यदल बनाउने र कार्यदलको प्रतिवेदनअनुसार काम गर्ने सहमति भएको थियो।

■ गोकर्णेश्वरमा ठेलागाडा र साइकल व्यापार निषेध

गोकर्णेश्वर नगरपालिकाले पनि ८ फागुनमा सूचना जारी गर्दै ठेलागाडा, साइकलमा गर्ने व्यापारलाई निषेध गरेको जानकारी दियो। नगरपालिकाको २० औं कार्यपालिका बैठकले ११ फागुनदेखि ठेलागाडा र साइकलमा व्यापार गर्न पूर्ण रूपमा रोक्ने निर्णय गरेको हो। नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार यो निर्णय गरेको र निर्णय अटेर गरेमा गाडा र सामान जफत गरिने जनाएको छ।

■ चन्द्रागिरिमा पनि ठेलागाडा चलाउन नपाइने

चन्द्रागिरि नगरपालिकाले ९ माघमा नै एक सूचना जारी गर्दै फुटपाथ, ठेलागाडा पसल र अनधिकृत पार्किङ हटाउन भनेको छ। 'नगरपालिकाअन्तर्गतका त्रिभुवन राजपथ मूल सडक एवं सहायक सडकहरूको फुटपाथमा समेत मालसामान राखी व्यापार तथा व्यवसाय सञ्चालन र अनधिकृत पार्किङ भएकोमा आवत-जावतमा असुविधा भएको, सडक दुर्घटनाको जोखिम बढेको साथै सहरी सौन्दर्यतामा समेत असर गरेको हुँदा सार्वजनिक सडकहरूको अनधिकृत प्रयोगलाई रोक्न फुटपाथ ठेलागाडा पसल र अनधिकृत पार्किङ यथाशीघ्र हटाउनका जानकारी गराइन्छ,' सूचनामा भनिएको छ। सूचना अवज्ञा गरे नगर प्रहरी परिचालन गरी कानुनबमोजिम कारबाही हुने नगरपालिकाले जनाएको छ।

■ भक्तपुरमा बिहानमात्रै फुटपाथ व्यापार

भक्तपुर नगरपालिकाले पनि नगरभित्र फुटपाथ व्यवसाय गर्न नपाइने निर्णय गरेको छ। सटर व्यवसायीले पसलको सामान सडकपेटीमा राखेर व्यापार गर्दा नगरपालिकाले कारबाही गर्दै आएको छ। आवागमनमा समस्या हुने भएकाले फुटपाथ व्यवसायलाई निरुत्साहित गर्दै आएको नगरपालिकाअन्तर्गत स्यानिटरी विभाग प्रमुख दिलीपकुमार सुवालले बताए।

■ फुटपाथ व्यापारी आउन नदिन ललितपुर सजग

काठमाडौं महानगरभित्र फुटपाथ व्यवसायी र महानगरबीचको टसल बढेपछि आफ्नो क्षेत्रमा व्यवसायी आउन सक्ने अवस्थालाई मध्यनजर गर्दै ललितपुर महानगर सजग बनेको छ। महानगरपालिकाले भएका व्यवसायीलाई निश्चित ठाउँ दिएर व्यवस्थापन गरिसकेको भन्दै नयाँ आउन सक्नेलाई पूर्ण प्रतिबन्ध लगाएको छ।

महानगरभित्र बिहान र बेलुका तोकिएको समयमा बाहेक फुटपाथमा व्यवसाय वा ठेलगाडा देखिए कारबाही गर्ने गरेको छ। नगर प्रहरी प्रमुख सीताराम हाछेँथूका अनुसार महानगरभित्र हाल भएकाबाहेक काठमाडौं वा अरू क्षेत्रबाट फुटपाथ व्यपसायी आउन सक्ने अवस्था रहने भन्दै त्यसमा सतर्कता बढाइएको छ।

नेपाल-भारत संस्कृत सम्मेलन १४ चैतदेखि

काठमाडौं/ नेपाल-भारतमा संस्कृत भाषाको विकास, यसको प्रयोग तथा संरक्षणका लागि संस्कृत सम्मेलन आयोजना गरिने भएको छ। नीति अनुसन्धान प्रतिष्ठान नेपाल, केन्द्रीय संस्कृत विश्वविद्यालय नयाँदिल्ली र इन्डिया फाउन्डेसनको आयोजनामा आगामी १४ चैतदेखि काठमाडौंमा सम्मेलन आयोजना गर्न लागिएको हो।

अनुसन्धान प्रतिष्ठानले संस्कृत सम्मेलनको तयारीबारे मंगलबार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो। सोक्रममा दुवै देशको सांस्कृतिक, आध्यात्मिक र बौद्धिक विकासको अध्ययन गर्न सम्मेलन आयोजना गर्न लागिएको जनाइएको छ। सम्मेलनका संयोजक डा. प्रेमराज न्यौपानेले भने, 'सम्मेलन संस्कृत भाषाको जर्गेना, सिकाइ र यसको बृहत्तर विकासका लागि प्रभावकारी हुनेछ।' यसअघि २०२४ सालमा पहिलोपटक दाङमा नेपाल-भारत संस्कृत सम्मेलन आयोजना गरिएको थियो। त्यो सम्मेलनले नेपालको संस्कृत अध्ययन र यसको विकासको दायरालाई फराकिलो बनाउन भूमिका खेलेको थियो। त्यस्तै ०५१, ०७५ र ०७६ मा पनि काठमाडौंमा सोसम्बन्धी सम्मेलन आयोजना गरिएको थियो। यसपटक १४ देखि १६ चैतसम्म हुने सम्मेलनले नेपालको संस्कृतको गतिविधिलाई भारतमा एवं भारतमा भइरहेको संस्कृत कार्यबारे पनि नेपाललाई परस्परमा बोध गराउन मद्दत गर्ने विश्वास लिइएको छ।

संक्षेपमा उपत्यका

कोटेश्वर : साथीको हत्या गरी फरार अभियुक्तलाई प्रहरीले २१ वर्षपछि पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-१९ मरुढोका इनाटोलस्थित विनोद शाहीको राँगा काट्ने बधशालामा इनाटोलमै घर भएका २६ वर्षीय सञ्जय शाहीको २४ असोज ०५९ सालमा हत्या भएको थियो। सोलुखुम्बु नेचा सल्यान-४ घर भएको ४१ वर्षीय तिखे भन्ने तेजबहादुर राईसमेतले शाहीलाई फलामको रड प्रहार गरी हत्या गरेर विष्णुमती खोलामा फालेर फरार भएका थिए। उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले ५ चैतमा कोटेश्वरबाट पक्राउ गरेको हो।

टेकु : अनलाइनमार्फत जुवा खेलाउने व्यक्तिलाई काठमाडौं उपत्यका अनुसन्धान कार्यालयले पक्राउ गरेको छ। प्रहरी टोलीले सुनिल ठाकुरलगायतका व्यक्तिलाई क्यास एपमार्फत विभिन्न जुवा खेलाएको आरोपमा मंगलबार पक्राउ गरेको हो। जुवा, लस भेगास, पान्डा, फायर क्रेनलगायतका अनलाइन खेलमा बाजी राख्दा जितिन्छ भन्ने विश्वास दिलाई उनले ठगी गर्दै आएको प्रहरीमा उजुरी परेको थियो। सोही सूचनाका आधारमा कार्यालयबाट खटिएका प्रहरी टोलीले ठाकुरसहितका व्यक्तिलाई जुवा खेलाउन प्रयोग भएका ल्यापटप, मोबाइलसहित उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरेको हो।

जोरपाटी : बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी विद्या गुरुङलाई प्रहरीले पक्राउ गरेको छ। न्हुच्छे माया श्रेष्ठको जाहेरीमा उनलाई बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटन ललितपुले १९ असार ०७९ मा तीन दिन कैद र आठ लाख जरिवाना फैसला गरेको थियो। फैसलापछि फरार रहेकी नुवाकोट, ककनी-९ की गुरुङलाई मंगलबार काठमाडौं महानगर-७ बाट पक्राउ गरिएको हो। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले उनलाई पक्राउ गरी अदालतमा उपस्थित गराएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८०/१२/०८

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा **ऋणी गृह लक्ष्मी ट्रेडर्स**को हकमा मिति २०८०/०१/२७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०८०/०३/११ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति २०८०/११/२२ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना, **ऋणी शान्ति देवि**को हकमा मिति २०७८/१२/२५ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०७९/०३/१२ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न १५(पन्ध्र) दिने सूचना, मिति २०७९/१०/२३ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति २०८०/११/२२ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना, **ऋणी स्नेहा कष्मेटिक स्टोर्स**को हकमा मिति २०८०/०२/३० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०८०/०६/०१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति २०८०/११/२२ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना, **ऋणी न्यू विशाल कोल्ड स्टोर**को हकमा मिति २०७९/०१/१९ मा अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा पैतीस (३५) दिने सार्वजनिक सूचना, मिति २०७९/०३/०८ मा बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न १५ (पन्ध्र) दिने सार्वजनिक सूचना, मिति २०७९/०५/२२ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति २०८०/११/२२ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना र **ऋणीहरु कुमारी राजवंशी र डोमनी देवी महतो**को हकमा मिति २०७९/०५/२८ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०७९/१०/२५ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना, २०८०/०१/२० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति २०८०/११/२२ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सम्बन्धित शाखा कार्यालयमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

शाखा कार्यालय : बर्दिबास, महोत्तरी
१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा र अल्पकालीन कर्जा

ऋणीको नाम : गृह लक्ष्मी ट्रेडर्स
रजिष्टर्ड ठेगाना : वर्दिवास न.पा.- ०३, महोत्तरी
रजिष्ट्रेसन नं. : ३६५८/६३/०७३/७४ (घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी)
पान नं. : ६०५६२८८६३

फर्मको प्रोप्राईटरको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: सत्यनारायण यादव	१. नाम	: विनोद कुमार राय क्षेत्री
बाबु	: विनोद कुमार राय क्षेत्री	बाबु	: विष्णुदेव प्र. राय
बाजे	: विष्णुदेव प्र. राय	बाजे	: रक्षे यादव
ठेगाना	: गैंढा भेटपुर गा.वि.स.-७, महोत्तरी	ठेगाना	: गैंढा भेटपुर गा.वि.स.-७, महोत्तरी
हालको ठेगाना	: सम्सी गा.पा.- ७, महोत्तरी	हालको ठेगाना	: सम्सी गा.पा.-७, महोत्तरी
ना.प्र.नं	: १८-१-०४५/२८३	ना.प्र.नं	: ०५/३३३-३०६६२०१७
जारी मिति	: २०६८/०५/०८	जारी मिति	: २०४५/०२/०१
जि.प्र.का.	: महोत्तरी	जि.प्र.का.	: महोत्तरी
२. नाम	: दिपु कुमार राय क्षेत्री	३. नाम	: सुनिता देवी यादव
बाबु	: विनोद कुमार राय क्षेत्री	बाबु	: देवनारायण यादव
बाजे	: विष्णुदेव प्र. राय	ससुरा	: विष्णुदेव प्र.राय
ठेगाना	: सम्सी गा.पा.-४, महोत्तरी	पति	: विनोद कुमार राय क्षेत्री
हालको ठेगाना	: सम्सी गा.पा.- ७, महोत्तरी	ठेगाना	: गैंढा भेटपुर गा.वि.स.-७, महोत्तरी
ना.प्र.नं	: १८-०१-७५-०७०६८	हालको ठेगाना	: सम्सी गा.पा.- ७, महोत्तरी
जारी मिति	: २०७५/०८/१७	ना.प्र.नं	: १८३०४५/१८५
जि.प्र.का.	: महोत्तरी	जारी मिति	: २०६३/१०/२२
		जि.प्र.का.	: महोत्तरी

धितो राखिएको सम्पत्तिको विवरणः
धितो सुरक्षण धनीको नाम :- सत्यनारायण यादव

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु.क)	कैफियत
महोत्तरी	२५ न. बहादुरगंज	४/४ (ड)	५५१	०-०-७-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

शाखा कार्यालय : बर्दिबास, महोत्तरी (सावित सहयोगी विकास बैंक लि.)
२. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक -आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: शान्ति देवि	१. नाम	: विजय कुमार यादव
पति	: किशोरी राय	बाबु	: किशोरी राय
ससुरा	: राम लखन राय	बाजे	: राम लखन राय
ठेगाना	: श्रीपुर-०२, महोत्तरी	ठेगाना	: श्रीपुर-०२, महोत्तरी
हाल	: औरही न.पा.-०३, महोत्तरी (श्रीपुर)	हाल	: औरही न.पा.-०३, महोत्तरी (श्रीपुर)
ना.प्र.नं.	: ८६२६१७२५	ना.प्र.नं	: ८६२६४६९१
जारी मिति	: २०३५/१०/२९	जारी मिति	: २०५९/११/१६
जि.प्र.का.	: महोत्तरी	जि.प्र.का.	: महोत्तरी
२. नाम	: संजय कुमार यादव		
बाबु	: किशोरी राय		
बाजे	: राम लखन राय		
ठेगाना	: श्रीपुर-०२, महोत्तरी		
हाल	: औरही न.पा.-०३ महोत्तरी (श्रीपुर)		
ना.प्र.नं	: १८३०५४।२९६		
जारी मिति	: २०६३/१२/२४		
जि.प्र.का.	: महोत्तरी		

धितो राखिएको सम्पत्ति विवरण
धितो सुरक्षण धनीको नाम :- शान्ति देवि

जिल्ला	महोत्तरी
न.पा./गा.वि.स.	श्रीपुर
वडा नं/सिट नं.	४क
कि.नं.	१८६
क्षेत्रफल (वि.क.धु)	०-३-४-०
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

शाखा कार्यालय : रंगेली, मोरङ (सावित सिर्जना फाईनान्स लि.)
३. कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: कुमारी राजवंशी	नाम	: राजकुमार राजवंशी
बाबु	: जमेरी राजवंशी	बाबु	: जमेरी राजवंशी
पति	: मनोज राजवंशी	बाजे	: उजीतलाल राजवंशी
ससुरा	: सुखारुलाल राजवंशी	ठेगाना	: अमरदह-०८, मोरङ
ठेगाना	: गोविन्दपुर-०६, मोरङ	हाल	: सुनवर्षी न.पा.-०६, मोरङ
हाल	: सुनवर्षी न.पा.-०६, मोरङ	ना.प्र.नं	: ०५१११६/८६
ना.प्र.नं	: ०५३००१/४३७	जारी मिति	: २०५७/११/४
जारी मिति	: २०६३/१०/१५	जि.प्र.का.	: मोरङ
जि.प्र.का.	: मोरङ		

धितो राखिएको सम्पत्तिको विवरणः
धितो सुरक्षण धनीको नामः- कुमारी राजवंशी

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
मोरङ	गोविन्दपुर	६/६ख	७८७	०-२-०-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

शाखा कार्यालय : रंगेली, मोरङ
४. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक-आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: डोमनी देवी महतो	नाम	: तिलक चन महतो
बाबु	: शंकर महतो	बाबु	: रमासिस महतो
पति	: तिलक चन महतो	बाजे	: मकसुधन महतो
ससुरा	: रमासिस महतो	ठेगाना	: टकुवा-०१,मोरङ
ठेगाना	: टकुवा-०१, मोरङ	हाल	: सुनवर्षी न.पा-०५,मोरङ
हाल	: सुनवर्षी न.पा-०५, मोरङ	ना.प्र.नं	: ०५१०७७३/२५४
ना.प्र.नं	: ०५२०१६/२६३९	जारी मिति	: २०५७/१०/३
जारी मिति	: २०६७/१०/०४	जि.प्र.का.	: मोरङ
जि.प्र.का.	: मोरङ		

धितो राखिएको सम्पत्तिको विवरणः
धितो सुरक्षण धनीको नामः- डोमनी देवी महतो

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
मोरङ	टकुवा	२/२क	९५५	०-०-१७-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

शाखा कार्यालय : बर्दिबास, महोत्तरी (सावित सहयोगी विकास बैंक लि.)
५. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा

ऋणीको नाम : स्नेहा कष्मेटिक स्टोर्स
रजिष्टर्ड ठेगाना : गणेशमान चारनाथ न.पा.-६, धनुषा
रजिष्ट्रेशन नं. : १०७१३/५५३/०७४/७५ (घरेलु तथा साना उद्योग कार्यलय, धनुषा)
पान नं. : ६०७४१२५३४

फर्मको प्रोप्राईटरको नाम र ठेगाना		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: पुनम देवि हाथी	नाम	: हुकुम देव हाथी
बाबु	: शिवनाथ महतो	बाबु	: सिताराम भन्ने जुगेश्वर हाथी सुडी
ससुरा	: सिताराम भन्ने जुगेश्वर हाथी सुडी	बाजे	: बिलट हाथी
पति	: हुकुम देव हाथी	पत्नि	: पुनम देवि हाथी
ठेगाना	: जनकपुर-१५, धनुषा	ठेगाना	: जनकपुर-१५, धनुषा
हालको ठेगाना	: गणेशमान चारनाथ न.पा.-६, धनुषा	हालको ठेगाना	: गणेशमान चारनाथ न.पा.-६, धनुषा
ना.प्र.नं	: १७१९०२।१५	ना.प्र.नं	: ३९६९४८४३
जारी मिति	: २०६४/०१/१२	जारी मिति	: २०६२/०९/०४
जि.प्र.का.	: धनुषा	जि.प्र.का.	: धनुषा

धितो राखिएको सम्पत्तिको विवरणः
धितो सुरक्षण धनीको नामः- पुनम देवि हाथी

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
धनुषा	तल्लो गोदार	३ख	८६४	०-०-८-८	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
			८१०	०-०-२-९	
			७५४	०-०-१०-०	

शाखा कार्यालय : बेलबास, रुपन्देही (सावित तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.)
६. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा

ऋणीको नाम : न्यू बिशाल कोल्ड स्टोर
रजिष्टर्ड ठेगाना : बुटवल उप म.न.पा.-११, बुद्धनगर, रुपन्देही
रजिष्ट्रेसन नं. : ११/१५४ (नेपाल सरकार, बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा नं ११, रुपन्देही)
पान नं. : ६०९४३९७१७

प्रोप्राईटरको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: किरन वि.क.	१.नाम	: विष्णु टोहटो
बाबु	: चिन्तमणी कामी	बाबु	: बिर बहादुर टोहटो
पति	: विष्णु टोहटो	बाजे	: चन्द्र बहादुर टोहटो
ससुरा	: बिर बहादुर टोहटो	ठेगाना	: मरेङ गा.वि.स.-२, अर्घाखाची
ठेगाना	: डिभर्ना गा.वि.स.-७, अर्घाखाची	हाल	: बुटवल उप.म.न.पा, वडा नं. ११, बुद्धनगर, रुपन्देही
हाल	: बुटवल उप.म.न.पा, वडा नं. ११, बुद्धनगर, रुपन्देही	ना.प्र.नं.	: ८५६८
ना.प्र.नं.	: १११५३/७।३५	जारी मिति	: २०६२/१२/०९
जारी मिति	: २०६१/०२/१०	जि.प्र.का.	: अर्घाखाची
जि.प्र.का.	: अर्घाखाची		
२.नाम	: अनिल परियार		
बाबु	: कृष्ण बहादुर दर्जी		
बाजे	: थानेश्वर दर्जी		
ठेगाना	: बुटवल उप.म.न.पा., वडा नं. १३, रुपन्देही		
हाल	: बुटवल उ.म.न.पा, वडा नं. ११, बुद्धनगर, रुपन्देही		
ना.प्र.नं.	: ३७-०२-७३-०७८३८		
जारी मिति	: २०७३/१२/०८		
जि.प्र.का.	: रुपन्देही		

धितो राखिएको सम्पत्ति विवरण
धितो सुरक्षण धनीको नाम :- विष्णु टोहटो

जिल्ला	रुपन्देही
न.पा./गा.वि.स.	ख बनगाइ
वडा नं./नक्सा सिट	८/०९,८१३५०
कि.नं.	४७४
क्षेत्रफल (व.मी)	३७२.५०
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैं

प्रतिनिधिसभा १० दिन र राष्ट्रिय सभा एक साता बन्द

हतारोमै सकियो बजेटको सिद्धान्त र प्राथमिकतामाथिको छलफल, प्रतिनिधिसभामा कायम २७३ सदस्यमध्ये प्रिबजेट छलफलमा ७४ जना मात्र सहभागी

■ पद्मप्रसाद पाण्डेय
महासचिव, संसद् सचिवालय



सदन बन्द भए पनि संसदीय समिति सक्रिय रूपमा चल्ने र विचाराधीन विधेयक प्रक्रियामा लगेर टुंग्याइनेछ ।

कमलराज भट्ट/नयाँ पत्रिका

सभामुखसहित संसद्का पदाधिकारी विदेश भ्रमणमा जान थालेपछि प्रतिनिधिसभा १० दिनका लागि बन्द गरिएको छ । बिजिनेसविहीन बनेको राष्ट्रिय सभा पनि एक साताका लागि स्थगित भएको छ ।

सभामुख र संसद्का पदाधिकारीको जेनेभा भ्रमणका लागि संघीय संसद्को तल्लो सदन १० दिनका लागि बन्द गरिएको हो । अन्तरव्यवस्थापिका संसद् आइपियूको सम्मेलनमा भाग लिन सभामुख देवराज घिमिरेको नेतृत्वमा ठूला चार दलका प्रमुख सचेतकसहित १० सदस्यीय टोली ८ चैतमा स्विट्जरल्यान्डस्थित जेनेभा प्रस्थान गर्दै छ ।

संसद्का पदाधिकारीको भ्रमणलाई मध्यनजर गरेर आगामी आव ०८०/८१ को विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथिको छलफल बुधबार हतारोमा सकिएको छ । लगत्तै प्रतिनिधिसभा बैठक १८ चैत बिहान ११ बजेसम्मका लागि स्थगित गरिएको छ ।

सिद्धान्त र प्राथमिकतामा पर्याप्त छलफल गर्न सरकारले अध्यादेशमार्फत फागुनमै संसद्मा पेस गर्ने व्यवस्था गरेको थियो । तर, संसद्का पदाधिकारी भने कर्मकाण्डी रूपमै छलफल सकेर जेनेभा भ्रमणको तयारीमा लागेका हुन् ।

संसद् सचिवालयका अनुसार १४ फागुनमा प्रतिनिधिसभामा प्रस्तुत आगामी बजेटको बजेटका सिद्धान्त र प्राथमिकतामाथि १ चैतबाट छलफल प्रारम्भ भएर ५ र ७ चैत गरी तीन दिनसम्म चलेको छ । पहिलो दिन १८, दोस्रो दिन २४ र बुधबार ३१ जनाले बोलेका छन् । ६ चैतमा भन्सार विधेयकमा सैद्धान्तिक छलफल चलाएको प्रतिनिधिसभाले साँझ परिसकेकाले सिद्धान्त र प्राथमिकतामा छलफल चलाएन, बैठकको अन्तिममा एकजनाले मात्रै बोलेका थिए ।



प्रतिनिधिसभामा कायम रहेको दुई सय ७३ सदस्यमध्ये प्रिबजेट छलफलमा ७४ जनाले मात्रै भाग लिए । ८ गते जेनेभा जाने भएकाले ७ गतेभित्र सकाउने दबाबका बीच सांसदहरूले पर्याप्त छलफल गर्न पाएनन् भने आधाभन्दा बढी सांसदले छलफलमा भाग नै लिन पाएनन्, हतारोमै छलफल सकियो ।

सरकारले ल्याएको अध्यादेशअनुसार संसद् सचिवालयले १५ चैतभित्र अर्थ मन्त्रालयलाई संसद्को सुझाव बुझाउनुपर्छ । यही समयसीमा हेरेर कांग्रेसले सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति मागे पनि सिद्धान्त र प्राथमिकताको छलफल प्रभावित हुने गरी संसद् अवरुद्ध गरेन । त्यसमाथि कांग्रेस प्रमुख सचेतक पनि जेनेभा भ्रमण टोलीमा भएकाले सर्वसहमतिमै हतारोमा सिद्धान्त र प्राथमिकतामा छलफल सकाएको संसद् सचिवालयका कर्मचारी बताउँछन् ।

संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले सदन बन्द भए पनि संसदीय समितिहरू सक्रिय रूपमा चल्ने र विचाराधीन विधेयक प्रक्रियामा लगेर टुंग्याउने बताए । सांसदहरूले भने विधेयक अधिवेशनलाई कानुन निर्माणमा प्रभावकारी बनाउने वेला संसद् बन्द गरेर विदेश जानु उपयुक्त नभएको भन्दै आलोचना गरेका छन् ।

त्यसैबीच राष्ट्रिय सभा पनि एक साताका लागि बन्द हुँदै छ । बुधबार आगामी बजेटको सिद्धान्त र प्राथमिकतामाथिको छलफल सकाएको राष्ट्रिय सभा १५ चैत दिउँसो १ बजेर १५ सम्मका लागि स्थगित गरिएको हो ।

बैठक स्थगित हुनुअघि सभाले अनुमगन तथा मूल्यांकनसम्बन्धी विधेयकमा प्रतिनिधिसभाले गरेको संशोधन सर्वसम्मत स्वीकार गरेको थियो । बैठकले राष्ट्रिय सभा कार्यव्यवस्था परामर्श समितिमा रहने गरी सातजना सांसदको नाम मनोनयन गरेको थियो । मनोनयन हुने सदस्यमा आनन्दप्रसाद ढुंगाना, गोपीबहादुर सार्की (अछामी), तुलप्रसाद विश्वकर्मा, भगवती न्यौपाने, मदनकुमारी साह, मोहम्मद खालिद र शेखरकुमार सिंह छन् ।


■ शिक्षा समितिले पायो सभापति

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा अम्मरबहादुर थापा निर्विरोध निर्वाचित भएका छन् । समितिका सभापति भानुभक्त जोशी २३ फागुनमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री बनेपछि रिक्त पदमा बुधबार भएको निर्वाचनमा दैलेख १ बाट निर्वाचित एकीकृत समाजवादीका सांसद निर्विरोध निर्वाचित भएका हुन् । माओवादीका देवेन्द्र पौडेलको प्रस्ताव र एमालेकी दीपा शर्माको समर्थनमा थापाले मंगलबार सभापति पदमा उम्मेदवारी दिएका थिए । विपक्षी दलबाट उम्मेदवारी नपरेपछि सर्वसम्मत भएका थापाले बुधबार सभामुख देवराज घिमिरेबाट पद तथा गोपनीयताको शपथ लिएका छन् ।

संसदीय समिति गठनमा कांग्रेसको अड्डान कायमै

प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग दोहोऱ्याएको छ । प्रतिनिधिसभाको बुधबार बसेको बैठकमा कांग्रेस सांसदहरूले उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने सहकारी अपचलनमा संलग्न रहेकाले राजीनामा दिनुपर्ने र निष्पक्ष छानबिनका लागि संसदीय छानबिन समिति बनाउनुपर्ने माग गरेका हुन् ।

छानबिनको दायरामा आउनुपर्ने लामिछाने छानबिन गर्ने ठाउँमा रहेको, प्रधानमन्त्रीले कुनै त्रुटि छैन भनेर छुट दिएको भन्दै कांग्रेस सांसदहरूले विश्वसनीय छानबिनका लागि संसदीय समिति जरुरी रहेको बताए । बुधबारको बैठक चल्न दिएका कांग्रेस सांसदले आगामी बैठकमा संसदीय समितिको विषय सम्बोधन नभए संसद् अवरुद्ध गर्ने चेतावनी पनि दिए । आकस्मिक समयमा बोल्दै सांसद ईश्वरीदेवी न्यौपानेले सहकारी अपचलनमा संलग्न गृहमन्त्री लामिछानेको विषयमा प्रधानमन्त्रीले दिएको जवाफले निष्पक्ष अनुसन्धान हुने स्थिति नदेखिएको भन्दै छानबिन समिति बनाउन अनिवार्य भएको बताइन् । गृहमन्त्रीलाई चोखो देखाउन प्रधानमन्त्रीले न्यायाधीश जसरी अभिव्यक्ति दिएको भन्दै उनले सत्ताकै बलमा लामिछानेले उन्मुक्ति पाउने अवस्था रहेको बताइन् ।



उही केसमा दीपेश पुन पक्राउ हुने, रवि लामिछाने गृहमन्त्री खाइरहने ? सञ्चालक पक्राउ पर्दै गर्दा गैरकानुनी रूपमा सहकारीबाट रकम लिनेहरूलाई पनि कारबाही हुनुपऱ्यो ।

■ **ईश्वरीदेवी न्यौपाने**, सांसद, कांग्रेस

सहकारीको रकम ठगीको उजुरी परेपछि दीपेश पुन पक्राउ पर्दा रवि लामिछाने भने गृहमन्त्री बनेर बसिरहन नमिल्ने उनको भनाइ थियो । 'उही केसमा दीपेश पुन पक्राउ हुने, रवि लामिछाने गृहमन्त्री खाइरहने ?' उनले सोधिन्, 'सञ्चालक पक्राउ पर्दै गर्दा गैरकानुनी रूपमा सहकारीबाट रकम लिनेहरूलाई पनि कारबाही हुनुपऱ्यो ।'


सहकारीको रकम चलाएको विषयमा प्रधानमन्त्री र गृहमन्त्रीकै भनाइ बाझिएकाले पनि छानबिन समिति जरुरी रहेको उनको भनाइ थियो । 'प्रधानमन्त्रीले हिजो जवाफ दिने क्रममा रवि लामिछानेले पोखराको सहकारीबाट लिएको रकम फर्स्योट भइसकेको पाइएको बताउनुभयो । तर, केही दिनअघि पोखरामै पत्रकार सम्मेलन गरेर रवि लामिछानेले नै आफूले कुनै सहकारीबाट पैसा नलिएको र कुनै सहकारीमा आफू सदस्य पनि नरहेको बताउनुभएको थियो,' उनले सोधिन्, 'प्रधानमन्त्रीले झुट बोल्नुभयो कि रवि लामिछानेले ?'

सहकारी ठगीको विषयलाई कांग्रेसले राजनीतीकरण गर्न खोजेको भन्ने प्रधानमन्त्रीको भनाइमा प्रतिवाद गर्दै न्यौपानेले कांग्रेसले हिजो सत्तामा हुँदा पनि पटकपटक यो विषय उठाएको दाबी गरिन् । न्यौपानेले गृहमन्त्री लामिछानेको अभिव्यक्तिमा पनि प्रतिवाद गरिन् । 'बाहिर गएर हिजो गृहमन्त्रीले कांग्रेसले चार वर्ष संसद् अवरोध गरोस्, हामी सरकार चलाइरहन्छौं भन्नुभयो । प्रश्न गर्न चाहन्छु, सदन अवरुद्ध भइरहँदा कसरी चल्छ सरकार ? गृहमन्त्रीले यस्तो गैरजिम्मेवार भनाई दिन मिल्छ ?' उनले सोधिन् । बालकुमारी घटना हुँदा छानबिन आयोग खोज्ने लामिछानेले अहिले नैतिकता नदेखाएको उल्लेख गर्दै न्यौपानेले भनिन्, 'उहाँहरू हिजो प्रतिपक्षी हुनुहुन्थ्यो, बालकुमारी घटना हुँदा आयोग गठन हुनुपऱ्यो भनेर यही संसद्मा उफ्री-उफ्री कराइरहनुभएको थियो । आज छानबिन समिति गठन गर्दा किन आपत्ति मान्नुपऱ्यो ?' लामिछाने पटकपटक विवादमा परेको र जहिले पनि गृहमन्त्री नै खोज्नु शंकास्पद रहेको उनको भनाइ थियो ।

कांग्रेसकै उदयशमशेर जबराले सहकारीको रकम हिनामिनाका सम्बन्धमा अनुसन्धानको घेरामा रहेका लामिछाने गृहमन्त्री हुँदा निष्पक्ष छानबिन हुन नसक्ने भन्दै संसदीय समिति गठन गरेर किनारा लगाउनुपर्ने बताए । सांसद रामहरि खतिवडाले गठबन्धनको न्यूनतम साझा कार्यक्रममा विभिन्न आयोग गठन गर्ने सुनिएको भन्दै सहकारी ठगीको संसदीय छानबिन समिति गर भन्दा सरकार भागेर हिँडेको बताए ।

परराष्ट्रमन्त्री श्रेष्ठ आइतबार बेइजिङ जाँदै

मंगलबार चिनियाँ विदेशमन्त्रीसँग वार्ता



पर्शुराम काफ्ले/नयाँ पत्रिका

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ चीनको साताव्यापी औपचारिक भ्रमणमा आइतबार जाने भएका छन् । चिनियाँ विदेशमन्त्री वाङ यीको औपचारिक निमन्त्रणामा उपप्रधानमन्त्री श्रेष्ठ त्यसतर्फ जान लागेका छन् । परराष्ट्र मन्त्रालय सम्हालेपछि उनले गर्न लागेको यो पहिलो औपचारिक विदेश भ्रमण हो ।

'बोआओ फोरम फर एसिया सम्मेलनका लागि जाने तयारी भइरहेको थियो । तर, औपचारिक भ्रमणका लागि निमन्त्रणा आएको हुनाले र त्यसको महत्त्व बढी भएकाले परराष्ट्रमन्त्री बेइजिङ जाने तय भएको हो,' प्रधानमन्त्री कार्यालयनिकट स्रोतले भन्यो । बिहीबार मन्त्रिपरिषद् बैठकले उनको भ्रमणबारे निर्णय गर्नेछ ।

श्रेष्ठ आइतबार अपराह्न काठमाडौंबाट प्रस्थान गर्ने र सोमबार बेइजिङ पुग्ने कार्यक्रम छ । भ्रमण दलमा उनीसँग परराष्ट्रको उत्तर-पूर्वी एसिया महाशाखा प्रमुख कृष्णप्रसाद ढकाल, शिष्टाचार अधिकृत र छलफलका क्रममा बुँदा टिप्ने प्रयोजनका लागि अधिकृत हुनेछन् भने बेइजिङबाट राजदूत विष्णुपुकार श्रेष्ठ, उपनियोग प्रमुख सुरेन्द्रकुमार यादव सहभागी हुनेछन् ।

उपप्रधानमन्त्री श्रेष्ठले मंगलबार चिनियाँ समकक्षी वाङ यीसँग भेटवार्ता गर्ने कार्यक्रम छ । उनले बेइजिङपछि चोङचिङ, सिचुआन र तिब्बतको भ्रमण गर्ने तयारी छ । तिब्बतको मौसम र उनको स्वास्थ्यले साथ दिएमा उपप्रधानमन्त्री श्रेष्ठ कैलाश मानसरोवरको दर्शनमा जानेछन् । यसअघि उपप्रधानमन्त्री बोआओ फोरम फर एसिया सम्मेलनमा सहभागी हुने तयारी थियो । तर, त्यसमा प्रधानमन्त्रीका परराष्ट्र मामिलासम्बन्धी सल्लाहकार डा. रूपक सापकोटा सहभागी हुनेछन् । चीनले यसपटक १३ देखि १६ चैतमा बोआओ सम्मेलन आयोजना गरेको छ ।

रुसी सेनामा भर्ना भएका नेपाली फिर्ता गर्न अर्थमन्त्रीको आग्रह

रुसी राजदूत भन्छन्– सबैजना फर्किन चाहेका छैनन्, रुसी-युक्रेनी कैदी साटासाटमा नेपाली मुक्त गर्ने प्रयास जारी छ

काठमाडौं/ अर्थमन्त्री वर्षमान पुनले नेपालको परराष्ट्र नीतिविपरीत रुसी सेनाले नेपालीको भर्ती गरेको भन्दै उनीहरूलाई स्वदेश फिर्ता गर्न रुसलाई आग्रह गरेका छन् । शिष्टाचार भेटका लागि बुधबार अर्थ मन्त्रालय पुगेका नेपालका लागि रुसी राजदूत अलेक्सेई ए नोभिकोभलाई उनले भर्ती भएकालाई नेपाल फिर्ता, घाइतेको उपचार, मृत्यु भएका नेपालीको शव नेपाल फिर्ता ल्याउन आग्रह गरेका हुन् ।

रुसी राजदूतले भने रुस सरकारले आह्वान गरेर नेपालीको भर्ती नभएको जिकिर गर्दै सेनामा रहेका नेपाली स्वदेश फिर्ता आउन नचाहेको जवाफ दिएका छन् । रुसी राजदूतले सञ्चारमाध्यममा रुसप्रति नकारात्मक प्रचारबाजी भएको भन्दै अर्थमन्त्रीसामु अप्रशन्नता व्यक्त गरेका छन् ।

'नेपाल र रुसबीच सैन्य भर्ती गर्ने सम्झौता छैन । रुसले नेपालीलाई सम्झौताविपरीत भर्ती गरेको छ । त्यहाँ मृत्यु भएका ३३ नागरिकको शव रुसले पठाएको छैन । पीडित परिवारलाई क्षतिपूर्ति पनि आएको छैन,' अर्थमन्त्री पुनलाई उद्धृत गर्दै उनका प्रेस सहयोगी दयानिधि भट्टले भने, 'रुसले भर्ती भएका नेपालीलाई स्वदेश फर्काउनुपऱ्यो । घाइतेको उचित उपचार हुनुपऱ्यो । शव नेपाल पठाउनुपऱ्यो र परिवारजनकहाँ क्षतिपूर्ति पुग्ने व्यवस्था गर्नुपर्छ ।' पुनले परराष्ट्र मन्त्रालयमार्फत रुसी सरकारलाई यसबारे जानकारी गराइसकेको स्मरण गर्दै रुसी सेनामा कार्यरत नेपालीलाई स्वदेश फिर्तीको वातावरण बनाउन आग्रह गरे । 'रुसी सेनामा आफ्ना नागरिक भर्ती गराउने हाम्रो नीति नभएको विषयमा परराष्ट्र मन्त्रालयले यसअघि नै स्पष्ट गरिसकेको छ । तैपनि विभिन्न बाटो भएर गएका नेपाली रुसी सेनामा भर्ती भएका छन्,' अर्थमन्त्री पुनले भने, 'यसमा नेपाल सरकार र आमजनताको गम्भीर चासो र चिन्ता छ ।'

भट्टका अनुसार रुसी राजदूतले भने रुसी सरकारले आह्वान गरेर नेपालीको भर्ती नभएको जवाफ दिएका थिए । रुसले सेनामा भर्ती भएकालाई फिर्ता नगरेको भ्रम फैलाइएको भन्दै रुसी राजदूतले असन्तुष्टि पोखेका थिए । राजदूत नोभिकोभले नेपालीलाई सेनामा भर्ती गर्ने कार्यमा नेपाल सरकार दोषी नभएको, तर रुसले पनि उनीहरूलाई बोलाएर भर्ती नगरेको तर्क गरे । 'भारत र युनाइटेड अरब इमिरेट्ससहित विभिन्न मुलुकबाट अवैध रूपमा गएका नेपाली स्वेच्छाले सेनामा भर्ती भएको राजदूतको भनाइ थियो,' भेटमा सहभागी अर्थमन्त्रीका प्रेस सहयोगी भट्टले भने । रुसले फिर्ता पठाउन चाहे पनि सबै नेपाली स्वदेश फर्कन इच्छुक नभएको खबर आफूले पाएको



पनि रुसी राजदूतको दाबी थियो । 'नेपालले पठाएर र हामीले आह्वान गरेर उनीहरू सेनामा भर्ती भएका होइनन् । स्वेच्छाले भर्ती भएकाले स्वदेश फर्क भन्दा पनि धेरै नेपाली नफर्कने मनस्थितिमा रहेको खबर हामीले पाएका छौं,' राजदूतले भने । तर, रुस सरकारले भने कानुनमा संशोधन गरेरै विदेशी नागरिकलाई रुसी सेनामा भर्ती गरेको छ ।

रुस-युक्रेन युद्धका क्रममा हालसम्म ३३ जना नेपालीको मृत्यु भएको मस्कोस्थित नेपाली दूतावासले परराष्ट्र मन्त्रालयलाई पठाएको विवरणमा उल्लेख छ । 'मृत्यु भएका बाँकी व्यक्तिका परिवारजनले भोलिदेखि क्रमशः नमुना दिनेछन् । यसका लागि सरकारी प्रक्रिया निकै लामो र झन्झटिलो रहेछ । मैले उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्रीज्यूलाई बुधबार भेटेर जानकारी पनि दिएकी छु,' परिवारजनको समन्वय गरेकी नेतृ कृतु भण्डारीले भनिन्, 'परराष्ट्रमन्त्रीले पीडितलाई सजिलो हुने गरी काम गर्न सम्बन्धित निकायलाई भनिदिन्छौं भन्नुभएको छ ।'

रुसी राजदूत नोभिकोभले युक्रेनी सेनाले बन्धक बनाएका नेपालीसहितका युद्धबन्दीलाई रिहाइका लागि कोसिस भइरहेको बताए । रुस र युक्रेनका युद्धबन्दी साटासाट गर्ने क्रममा युक्रेनमा बन्धक रहेका पाँचजना नेपालीलाई रुसले मुक्त गराउने गरी काम भइरहेको रुसी राजदूतले अर्थमन्त्रीलाई बताए । 'हाम्रो सेनाको नियन्त्रणमा रहेका युक्रेनी फौजका सदस्यसँग साटेर नेपालीलाई युक्रेनबाट मुक्त गर्ने तयारी छ,' राजदूत नोभिकोभले भने । राजदूतले अवैध बाटोबाट रुसी सेनामा भर्ती हुन जाने युवालाई नेपालले रोक्नुपर्ने पनि सुझाब दिए । नेपाल सरकारको चासो रुसको रक्षा मन्त्रालयमा पुगिसकेको र मस्कोस्थित नेपाली दूतावासले पनि यसबारे रुसमा फलोअप गरिरहेको राजदूतको भनाइ थियो ।

वनस्पति विभागको सर्वसाधारणहरूमा जारी गरिएको सन्देश

१. नेपालका बहुमूल्य वनस्पतिहरूको परम्परागत ज्ञानको संरक्षण गरौं ।
२. असल खेती प्रविधि अवलम्बन गरी औषधिजन्य वनस्पतिहरूको गुणस्तरीय बिरुवा उत्पादन गरौं ।
३. दर्लभ, लोपोन्मुख, संकटापन्न र रैथाने वनस्पतिहरूको स्वस्थानीय संरक्षणमा योगदान पुऱ्याऔं ।
४. नेपालका जडीबुटीजन्य वनस्पतिमा आधारित उद्यमको विकास गरौं ।
५. वनस्पति तथा वनस्पतिजन्य उत्पादनको व्यापार प्रवर्द्धन तथा गुणस्तरियता कायम गर्नका लागि प्रयोगशाला परीक्षण तथा विश्लेषणको सेवा प्रयोग गरौं ।
६. जडीबुटीको सदुपयोग तथा Bioprospecting गरी नेपालको आर्थिक समुन्नतिमा योगदान पुऱ्याउन सहकार्य एवं हातेमालो गरौं ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
शापाथली, काठमाडौं
नेपाल

#globalmoneyweek2024
GLOBAL MONEY WEEK 2024
18.03.2024
24.03.2024
Protect your money, secure your future
GLOBAL MONEY WEEK

CareEdge RATINGS NEPAL
A subsidiary of CARE Ratings Ltd., India

CARE Ratings Nepal Limited (CRNL) is incorporated in Kathmandu, Nepal and is the second credit rating agency to be licensed by the Securities Board of Nepal w.e.f. November 16, 2017. CRNL will provide credit ratings and related services in the geography of Nepal.

FAQ's - Credit Rating

1. What is Credit Rating?
Credit rating is essentially the opinion of the rating agency on the relative ability and willingness of the issuer of a debt instrument to meet the debt service obligations as and when they arise.
2. What is Bank loan Rating?
Bank Loan Rating (BLR) is facility specific assessment of credit risk. The primary focus of the rating exercise is to assess future cash generation capability and their adequacy to meet debt obligations as per the repayment terms.
3. What is Issuer Rating?
Issuer Rating is an issuer-specific assessment of the credit risk. It is similar to long-term instrument ratings except for the fact that they are specific to an issuer and not specific to any of the issuer's instruments. Issuer Rating factors in the expected performance of the entity over an intermediate time horizon of around three years and reflects the capability of the entity as regards to servicing of its financial obligations. Issuer Rating would help lenders/investors to evaluate credit quality of the issuer and would facilitate an informed lending/investment decision.
4. What are the benefits of getting rated?
A rating provides an independent opinion on the entity getting rated. CRNL will provide high quality rating based on the expertise built by its parent CARE Ratings Ltd., India with more than 25 years of rating experience. Rating can be used by lenders / deposit holders / bond investors of the company prior to taking exposure in the rated entity. Rating is supported by a Rating Rationale that provides a detailed analysis on the rated entity and can be used by the company with its stakeholders.
5. Why do rating agencies use symbols like AAA, AA, rather than give marks or descriptive credit opinion?
The great advantage of rating symbols is their simplicity, which facilitates universal understanding. Rating companies also publish explanations for their symbols used as well as the rationale for the ratings assigned by them, to facilitate deeper understanding.
6. Does credit rating constitute an advice to the investors to buy?
It does not. The reason is that some factors, which are of significance to an investor in arriving at an investment decision, are not taken into account by rating agencies. These include reasonableness of the issue price or the coupon rate, secondary market liquidity and pre-payment risk. Further, different investors have different views regarding the level of risk to be taken and rating agencies can only express their views on the relative credit risk.
7. What kind of responsibility or accountability will attach to a rating agency if an investor, who makes his investment decision on the basis of its rating, incurs a loss on the investment?
A credit rating is a professional opinion given after studying all available information at a particular point of time. Nevertheless, such opinions may prove wrong in the context of subsequent events. Further, there is no privity of contract between an investor and a rating agency and the investor is free to accept or reject the opinion of the agency. Nevertheless, rating is essentially an investor service and a rating agency is expected to maintain the highest possible level of analytical competence and integrity. In the long run, the credibility of a rating agency has to be built, brick by brick, on the quality of its services.
8. How much time does the rating process take?
The rating process is a fairly detailed exercise. It involves, among other things, analysis of published financial information, visits to the issuer's office and works, intensive discussion with the senior executives of issuer, discussions with auditors, bankers, etc. All this takes time and a rating agency may take three or four weeks to arrive at a decision, subject to availability of all the solicited information. It is of paramount importance to rating companies to ensure that they do not, in any way, compromise on the quality of their analysis, under pressure from issuers for quick results.

अन्तरजिल्ला शिक्षक सरुवा गर्न नपाइने

काठमाडौं/ सरकारले शिक्षकहरूको सरुवा प्रक्रिया थप जटिल बनाउन तयारी थालेको छ । हालकै अवस्थामा पनि अन्य कर्मचारीको तुलनामा शिक्षक सरुवा नीति र प्रक्रिया निकै जटिल छ । तर, त्यही जटिल प्रक्रियामा पनि पारदर्शिता नभएको भन्दै शिक्षा मन्त्रालयले अन्तरजिल्लामा शिक्षा सरुवा गर्न नपाइने नियम लागू गर्न थालेको हो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षक सरुवालाई थप पारदर्शी र व्यवस्थित पार्न थप मापदण्ड तयार पार्दै छ । केन्द्रका महानिर्देशक दीपक शर्माका अनुसार हालको अवस्थामा पनि शिक्षक सरुवा प्रक्रिया जटिल नै छ, तर त्यसको समेत दुरुपयोग गरेको भेटिएको छ । 'हाल लागू भइरहेको शिक्षक सरुवासम्बन्धी कानुनी व्यवस्था सहज त होइन, तर त्यो पनि पारदर्शी नभएको पाइयो,' उनले भने, 'कतिपय विद्यालय व्यवस्थापन समितिले चिनेको शिक्षकलाई सिफारिस गरेको भेटियो, त्यसैले पनि मापदण्डमा कडाइ गर्न थालिएको हो ।'

हाल शिक्षक सरुवा गर्न सरुवा हुने विद्यालय व्यवस्थापन समिति, पालिका, प्रधानाध्यापक, शिक्षा समन्वय इकाइको सहमति चाहिन्छ भने जुन विद्यालयमा सरुवा जाने हो सो विद्यालयको विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, पालिका र शिक्षा समन्वय इकाइले पनि स्वीकार गर्नुपर्छ । यति प्रक्रिया पार गरेपछि मात्रै शिक्षक सरुवा हुन वा गर्न पाइन्छ । तर, यही व्यवस्थालाई पनि शिक्षा मन्त्रालयले थप कडाइ गर्न लागेको हो । अब यी निकायबाट स्वीकृति तथा सहमति लिए पनि अन्तरजिल्लामा सरुवा हुन वा गर्न पाइनेछैन । जिल्लास्तरमा शिक्षक सरुवा गर्दा चलखेल तथा घुसपैठ हुने भन्दै शिक्षा मन्त्रालयले शिक्षक सरुवालाई थप जटिल बनाउन लागेको हो ।

सरकारी निकायमा भत्ताको विकृति रोक्न अख्तियारको निर्देशन

काठमाडौं/ सरकारी कार्यालयमा कर्मचारी र पदाधिकारीले जथाभावी भत्ता लिन थालेपछि त्यसलाई रोक्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्देशन दिएको छ । अख्तियारले दुई साताअघि पत्राचार गर्दै जथाभावी भत्ताको विकृति रोक्न सबै मन्त्रालय र निकायलाई निर्देशनात्मक सुझाव दिएको छ ।

पदाधिकारी तथा कर्मचारीले तलबका अतिरिक्त भत्ता खाने विकृति हरेकजसो कार्यालयमा व्याप्त छ । संघदेखि स्थानीय तहसम्मै यस्तो विकृति फैलिएको छ । यसअघि सरकारले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ मा पनि यस्ता भत्ता रोक्नुपर्ने व्यवस्था गरिएको छ । उक्त मापदण्डमा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेबापतको भत्ता, विशेष भत्ता, खाजाखानालगायत कुनै पनि प्रकारका भत्ता प्रदान नगरिने उल्लेख छ ।

सरकारले चालू आर्थिक वर्ष ०८०/८१ को बजेटमार्फत तलबका अतिरिक्त राष्ट्रसेवकले पाउने सबै प्रकारका भत्ता खारेज गरिसकेको छ । बजेटले प्रोत्साहन, अतिरिक्त समयलगायतका सबै प्रकारका भत्ता खारेज गर्ने घोषणा गरेको थियो । कोभिड महामारीलगत्तै सरकारले ०७७ वैशाखदेखि नै भत्ता रोक्दै आएको छ । सरकारी कर्मचारी तथा पदाधिकारीले जथाभावी भत्ता खाइरहेको उजुरीसमेत परेपछि अख्तियारले यस सम्बन्धमा निर्देशन दिएको हो । कतिपय सार्वजनिक निकायका पदाधिकारीले अनिवार्य बिदा वा काजमा रहेको अवधिमा समेत कार्यालयको विभिन्न समितिको बैठकमा भाग लिएको तथा कार्यालयको नियमित कार्य सम्पादनका लागि समेत समिति गठन गरी कार्यालय समय अधिपछि बैठक बसेको भनी अतिरिक्त भत्ता खाने गरेको जस्ता अनियमित कामकारबाही भएको देखिएको अख्तियारको ठहर छ ।

नेपालको धार्मिक सहिष्णुता विश्वका लागि अनुकरणीय : राष्ट्रपति

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली समाजको धार्मिक सद्भाव, सहिष्णुता विश्वका लागि अनुकरणीय दृष्टान्त भएको बताएका छन् । मुस्लिम आयोगको स्थापना दिवसलाई बुधबार सम्बोधन गर्दै उनले भने, 'नेपाली समाज कति सहिष्णु, कति सद्भावपूर्ण र प्रजातान्त्रिक उदारतापूर्ण छ भन्ने यो दृष्टान्त विश्वले अनुकरण गर्ने खालको छ ।'

बभ्राङमा उपनिर्वाचनका लागि उम्मेदवार छान्दै दलहरू

धनगढीमा **तेजराज भट्ट**



बभ्राङ प्रदेश सभा (१) मा आगामी वैशाखमा हुने उपनिर्वाचनका लागि दलहरूले उम्मेदवार छनोट प्रक्रिया अगाडि बढाएका छन् । कांग्रेस र एमालेले उम्मेदवारका आकांक्षीको नाम पार्टीको प्रदेश समितिलाई सिफारिस गरेका छन् । माओवादी र एकीकृत समाजवादी पनि उम्मेदवार सिफारिसको तयारीमा छन् ।

गत निर्वाचनमा उक्त क्षेत्रमा कांग्रेसबाट निर्वाचित प्रदेश सभा सदस्य पृथ्वीबहादुर सिंहको दुर्घटनामा परेर निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । गत ५ असारमा बभ्राङमा भएको दुर्घटनामा प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्रीसमेत रहेका सिंहसहित उनकी पत्नी र भाउजूको निधन भएको थियो । रिक्त रहेको सो क्षेत्रमा निर्वाचन आयोगले आगामी १५ वैशाखमा उपनिर्वाचन गराउँदै छ ।

निर्वाचनका लागि कांग्रेस जिल्ला कार्यसमितिले उम्मेदवारका आकांक्षी १० जनाको नाम पार्टीको प्रदेश समितिलाई सिफारिस गरेको छ । केन्द्रले सकेसम्म सर्वसम्मत र नभए तीनजनाको नाम पठाउन भने पनि सहमति नभएपछि जिल्लाले १० जनाको नाम सिफारिस गरेको हो । 'उम्मेदारका आकांक्षी धेरै भए, आकांक्षीकै चाहनामा सबैको नाम सिफारिस गरेका छौं,' कांग्रेस बभ्राङका प्रवक्ता रमानन्द जोशीले भने, 'कसलाई उम्मेदवार बनाउने भन्ने निर्णय पार्टी केन्द्रले गर्ला ।'

नेताहरू जगतप्रसाद जोशी, सत्यराज भण्डारी, शान्ति बोहरा पुजारा, अभिषेकबहादुर सिंह, नन्दकृष्ण जोशी, ध्रुवराज उपाध्याय, विष्णुकुमार सिंह, लोकेन्द्रबहादुर रोकाया, नारायण हमाल र अर्जुन स्याडाको नाम सिफारिस गरिएको प्रवक्ता जोशीले जानकारी दिए । अभिषेक स्वर्गीय सिंहका छोरा हुन् । जोशी चर्चित देउडा गायक हुन् । सिफारिस गरिएका नाम प्रदेश हुँदै केन्द्रमा जाने कांग्रेसले जनाएको छ ।

उपनिर्वाचनमा एमाले, माओवादी र एकीकृत समाजवादी पार्टीबीच गठबन्धन हुने सम्भावना छ । गठबन्धनमा भागबन्डा नटुंगिए पनि आकांक्षीले केन्द्रमा लबिङ बढाएका छन् । एमालेले तीनजनाको नाम पार्टीको प्रदेश कमिटीलाई सिफारिस गरेको छ । उम्मेदवार बन्न ६ जनाले दाबी गरे पनि आन्तरिक निर्वाचनबाट तीनजना छनोट गरेर नाम पठाइएको एमाले जिल्ला कमिटीले जनाएको छ । दमन भण्डारी, राधा विष्ट र जुना जाग्रीको नाम जिल्लाबाट सिफारिस भएर आएको एमाले प्रदेश कमिटीका सचिव रणबहादुर चन्दले जानकारी दिए । गत निर्वाचनमा पराजित ओफिलाल ओखेडाले आकांक्षा राखे पनि आन्तरिक निर्वाचनबाट उनी सिफारिसमा परेनन् ।

सचिव चन्दले कसलाई उम्मेदवार बनाउने भन्ने निर्णय केन्द्रबाटै हुने बताए । 'सामान्यतया गठबन्धन गरेरै चुनावमा जाने सहमति हुने देखिन्छ,' उनले भने, 'गठबन्धन हुँदा कुन क्षेत्र कसको भागमा पर्छ यकिन छैन, तर हाम्रो जोडबल बभ्राङमा एमालेले लिनुपर्छ भन्ने छ ।'

माओवादीमा नेताहरू देवराज रेग्मी, जनक बुढा र मीनबहादुर कुँवर उम्मेदवारका प्रबल दाबेदार छन् । उक्त पार्टीले जिल्लाबाट उम्मेदवारको नाम सिफारिस गरिसकेको छैन । माओवादीका सुदूरपश्चिम प्रदेश सचिव जनक बुढाले १०-११ चैतसम्म उम्मेदवारका नाम सिफारिस गर्न जिल्लालाई भनिएको बताए ।

यसैगरी, एकीकृत समाजवादीले इलाम र बभ्राङमा हुने उपनिर्वाचनका लागि नाम सिफारिस गर्न निर्देशन दिएको छ । बुधबार बसेको ७७औं केन्द्रीय सचिवालय बैठकले आगामी १५ वैशाखमा हुने उपनिर्वाचनमा इलाम र बभ्राङमा प्रदेश, जिल्ला र सम्बन्धित निर्वाचन कमिटीबाट उम्मेदारको नाम सिफारिस गर्न निर्देशन दिएको पार्टी उपमहासचिव तथा प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । बैठकले उपनिर्वाचनको उम्मेदवारको निम्ति सत्तागठबन्धनसँग छलफल गर्ने निर्णय पनि गरेको छ ।

केन्द्रीय सचिवालय बैठक बोलाउने एमाले तयारी

काठमाडौं/ एमालेले केन्द्रीय सचिवालय बैठक बोलाउने तयारी सुरु गरेको छ । तीन दिनभित्र सचिवालयको बैठक बोलाउनका लागि गृहकार्य गर्न बुधबार बसेको केन्द्रीय कार्यालय बैठकमा सम्भावित एजेन्डाबारे अनौपचारिक छलफल भएको छ ।

बैठकमा आगामी १५ वैशाखमा आयोजना हुने उपनिर्वाचनमा पार्टीले उठाउने उम्मेदवार, ८, ९ र १० वैशाखमा बोलाइएको केन्द्रीय परिषद् बैठक र पार्टी स्थापना दिवस तथा जिल्ला अधिवेशनलगायत विषयलाई सचिवालय बैठकको एजेन्डा बनाउने विषयमा केन्द्रित रहेर छलफल भएको केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले बताए । 'एजेन्डाबारे अनौपचारिक छलफल भएको छ, तर सचिवालय बैठकको मिति तय भइसकेको छैन, सम्भवतः तीन दिनभित्रै बैठक बस्छ,' उनले भने, 'त्यो बैठकले उपचुनावको उम्मेदवार पनि तय गर्नेछ ।'

एमालेले ५ चैतभित्र इलाममा हुने प्रतिनिधिसभा निर्वाचन र बभ्राङमा हुने प्रदेश सभा निर्वाचनको उम्मेदवार केन्द्रमा सिफारिस गरिसक्न निर्देशन दिएको थियो । केन्द्रको निर्देशनअनुसार नाम आइसके पनि अहिलेसम्म त्यसबारे छलफल सुरु नभएको अधिकारीले बताए ।

'व्यवस्थामाथि सत्तामा बसेकाबाटै खतरा'

काठमाडौं/ नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईले देशको निकासका लागि नयाँ अभियानमा होमिएकाले पुराना दलसँग मिसिन नसकिने बताएका छन् । पार्टी कार्यालय तीनकुनेमा बुधबार पत्रकार सम्मेलन गरेर भट्टराईले वैकल्पिक शक्ति कमजोर भए संघीय लोकतान्त्रिक गणतन्त्र नै कमजोर हुने तर्क गरे ।

व्यवस्थामाथि सत्तामा बसेकाबाटै खतरा भएकाले नयाँ शक्तिको आवश्यकता परेको उनको दाबी छ । 'हामी नयाँ अभियानमा छौं । देशलाई विकास र समृद्धिमा लानुपर्छ । पुराना दललाई सही बाटोमा लान सकिएन । वैकल्पिक शक्ति कमजोर हुनु भनेको संघीय लोकतान्त्रिक गणतन्त्र कमजोर हुनु हो,' उनले भने, 'देशको समस्या समाधान गर्न नयाँ शक्ति आवश्यक परेको हो । पुरानो दलसँग मिसिन आवश्यक छैन, हामी पछाडि फर्कन्नौं ।'

भट्टराईले पार्टी निर्माण र विस्तार अभियान चलाउने जानकारी पनि दिए । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र मुख्यमन्त्री तथा समानुपातिक प्रतिनिधिसभा र प्रदेश सभाका लागि जनदबाब सिर्जना गर्नुपर्ने उनले बताए । व्यापक जनदबाब सिर्जना गरेर संविधान संशोधन गर्नुपर्ने उनको भनाइ छ । प्रधानमन्त्रीकै उपस्थितिमा केही मान्छेले गरेको पार्टी प्रवेशलाई पार्टी एकता भनेर प्रचार गरिएको भन्दै भट्टराईले आश्चर्यचकित भएको बताए । अर्का अध्यक्ष महिन्द्र राय यादव पक्षले माओवादीसँग पार्टी एकताको सहमति गरेको थियो ।



बाबुराम भट्टराई

'पार्टीभित्र आन्दोलनका क्रममा केहीलाई थकाइ लाग्छ, गलिन्छ । त्यसकारण यात्रामा हिँड्नुभन्दा चौतारीमा वास बसौं । छिमेकीको एउटा घरमा गएर मिठो खाना खाऔं भन्ने अनुभूति यात्रीलाई हुन्छ । त्यस्तै, साथीहरूलाई पनि अलिअलि भएर उहाँहरूले गर्न खोज्नुभयो । त्यसलाई हामीले अन्यथा मान्ने कुरा हुँदैन थियो । तर, विडम्बनापूर्ण के भइदियो भने, देशको प्रधानमन्त्री, एउटा पार्टीको अध्यक्ष पनि हुनुहुन्छ ।

उहाँकै उपस्थितिमा केही मान्छे उहाँको पार्टीका प्रवेश गरेको कुरालाई पार्टी नै मर्ज भएको भन्ने जुन वक्तव्य आयो, त्यसबाट हामी अलि आश्चर्यचकित भयौं,' भट्टराईले भने, 'म पार्टीको अध्यक्ष छु । निर्वाचन आयोगका सबै अभिलेखले त्यो देखाउँछ । सबैसँग वार्ता गर्ने गरी बनाएको वार्ता समितिको संयोजक मै हुँ । अस्ति मात्रै हाम्रो बैठक बस्यो, त्यसमा ७० प्रतिशत केन्द्रीय समिति र दुईतिहाइ कार्यकारिणी समिति सदस्य उपस्थित भएर हामीले निर्णय पनि गरेका छौं ।'

कांग्रेस एकढिक्का भएमा कसैको बैसाखी लिन पर्दैन : कोइराला

बुटवल/ कांग्रेस नेता डा. शेखर कोइरालाले कांग्रेस एकढिक्का भएर अगाडि बढेमा कसैको बैसाखी लिनु नपर्ने बताएका छन् । जिपी कोइराला स्मृति प्रतिष्ठान बुटवल रुपन्देहीको भवन शिलान्यास गर्दै बुधबार उनले कांग्रेस कार्यकर्तालाई टोलटोल, वडावडासम्म पुगेर जनताका सुखदुःखमा साथ दिँदै अगाडि बढ्न निर्देशनसमेत दिए ।

'सहमति, सहकार्य र एकता कांग्रेसभित्रै गरौं, बैसाखी कांग्रेसकै साथीहरूको लिएर अगाडि बढौं । एकढिक्का भए लक्ष्यमा पुग्न सक्छौं,' उनले भने । कोइरालाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भौंतारिरहेको टिप्पणी पनि गरे । शान्ति प्रक्रियाका धेरै कुरा टुंगोमा पुगे पनि महत्त्वपूर्ण सत्य निरूपण तथा मेलमिलापको पक्ष बाँकी नै रहेको उल्लेख गर्दै उनले सत्य निरूपण तथा मेलमिलाप टुंगोमा पुऱ्याउनु भनेको पीडितहरूलाई मलम लगाउन पनि भएको बताए । उनले सर्वोच्च अदालतले दिएका निर्देशन, अन्तर्राष्ट्रिय समुदाय, संघसंस्थाले राखेका विषयलाई ध्यानमा दिएर टुंगोमा पुग्नुपर्ने धारणा राखे ।

फरार अभियुक्त पाँच वर्षपछि पक्राउ

सल्यान/ प्रहरीले सवारी ज्यान मुद्दाका फरार अभियुक्त हेमराज कामीलाई पाँच वर्षपछि पक्राउ गरेको छ । रोल्पा रन्टीगढी गाउँपालिकाका ३८ वर्षीय कामीलाई बुधबार पक्राउ गरेको हो । ३१ जेठ ०७५ मा सल्यान कुमाख गाउँपालिका-६ दारिमपाखास्थित थारमारे-चौरजहारी कच्ची सडकखण्डमा कामीले चलाएको रा.१त ७४८ नम्बरको ट्र्याक्टरले बाटोमा हिँडिरहेका पैदलयात्रीलाई ठक्कर दिएको थियो । ट्र्याक्टरको ठक्करबाट कुमाख गाउँपालिका- ७ का अन्दाजी ६७ वर्षीय बलवीर मिजार घटनास्थलमै र ५० वर्षीया बिर्मा बुढाथोकीको कोहलपुर मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको थियो ।

घटना भएको दिनदेखि फरार कामीलाई खोजतलास तथा बुझ्दै जाने क्रममा आफ्नै घरमा बसिरहेको भन्ने सूचनाका आधारमा घरबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी भवानीप्रसाद धमलाले जानकारी दिए ।

नबिल बैंक लिमिटेड, कोहलपुर शाखा, बाँकेको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/१२/०८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म दर्ता नियमावली २०७६ बमोजिम नेपाल सरकार, लुम्बिनी प्रदेश उद्योग, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७८/०५/०३ मा प्रा.फ.र.नं. ९७९९-११-२०७८/७९ अन्तर्गत दर्ता भएको **श्री बिजि बि लन्च एण्ड रेष्टुरेन्ट ।** ठेगाना : दशविगाह, कोहलपुर न.पा. ११ बाँके ।

ऋणी फर्मका प्रोप्राइटर :

मिन वहादुर शाहीकी नातिनी, राम वहादुर शाहीकी छोरी, बाँके जिल्ला, कोहलपुर उ.म.न.पा. वडा नं. ११, बस्ने, ना.प्र.नं. ६६-०२-७३/१७२५ नागरिकता प्रदान गर्ने कार्यालय इ.प.का. (जारी मितिः २०७३/०६/२८, स्थान कोहलपुर) भएकी **श्रीमती स्मारिका शाही ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

मान वहादुर साहीकी छोरी, मिन वहादुर शाहीकी बुहारी, राम वहादुर शाहीकी श्रीमती, दैलेख जिल्ला, भैरीकालिका थुम गा.वि.स. वडा नं. ८, स्थायी घर भई हाल बाँके जिल्ला, कोहलपुर उ.म.न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ६३३०३३/३६५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प.का. (जारी मितिः २०६३/१०/२२, स्थान दैलेख) भएकी **श्रीमती पदमा कुमारी शाही ।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड
बुद्धनगर, काठमाडौं

१६ औं (आ.व. २०७९/०८०) वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/०८

मिति २०८०/१२/०७ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको १६ औं (आ.व.२०७९/०८०) वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको अनिवार्य उपस्थितिको लागि अनुरोध गरिएको छ ।

सभा हुने मिति, स्थान र समय :

मिति : २०८०/१२/३० शुक्रवार
समय : दिनको ११:०० बजे (दर्ता किताब विहान १० बजे देखि खुल्ला रहने छ ।)
स्थान : क्वालिटि बैकेट,बुद्धनगर, काठमाण्डौ ।

(क) सामान्य प्रस्तावः

१) अध्यक्षज्यूबाट प्रस्तुत संचालक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तको वित्तीय विवरण (वासलात, नाफा । नोक्सान हिसाब, नगद प्रवाह विवरण र शेयर पूँजीमा भएको परिवर्तन लगायत अन्य अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।
३) आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) संस्थापक शेयरधनी तर्फका ५ जना संचालकको निर्वाचन गर्ने ।
५) विविध ।

(ख) विशेष प्रस्ताव ।

१) २:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।
२) अधिकृत र जारी पूँजी वृद्धि गर्ने सम्बन्धमा ।
३) प्रबन्ध पत्रको दफा ६ मा आवस्यक संशोधन गर्ने सम्बन्धमा ।
४) नियमावलीको नियम २७(२) तथा ३१ (क) र (ग) संशोधन गर्ने सम्बन्धमा ।
५) उपरोक्त प्रस्तावहरु स्वीकृति एवम् अभिलेखको लागि पेश गर्दा नियमनकारी निकाय वा कार्यालयबाट कुनै पनि विषयमा संशोधन, परिवर्तन तथा कुनै पनि किसिमको निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग) विविध ।

साधारणसभा सम्बन्धी सामान्य जानकारी

१) मिति : २०८०/१२/३०मा हुने वार्षिक साधारणसभा प्रयोजनका लागि मिति : २०८०/१२/१५ गतेलाई बुक क्लोज मिति तोकिएको कुरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिएको छ ।
२) सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने कागजात साथमा लिएर आउनुहुन अनुरोध गरिन्छ ।
३) प्रतिनिधि नियुक्त हुने व्यक्तिले सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाडौमा वा कम्पनीको इमेल (peoples.hydro5@gmail.com) मार्फत बुझाई सक्नु पर्नेछ ।
४) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । तर प्रतिनिधिपत्र (प्रोक्सी) दिने शेयरधनीले आफ्नो अगाडि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पस्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन् । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिने छ ।
५) प्रतिनिधि मुकरर गर्दा आंशिक रुपमा मुकरर गर्न पाईने छैन ।
६) विविध शिर्षक अन्तर्गत शेयरधनी महानुभावहरुले कुनै विषयमा छलफल गर्नु पर्ने भएमा सभा हुनुभन्दा ७ (सात) दिन अगावै लिखित रुपमा अध्यक्षलाई सम्बोधन गरी रजिष्टर्ड कार्यालय, बुद्धनगर काठमाडौमा छलफलको विषय दर्ता गर्नु पर्नेछ ।
७) संचालकको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृतको तर्फबाट मिति २०८०/१२/२३ मा निर्वाचन कार्यक्रम कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगरको सूचना पाटिमा सूचना टाँस गरिने हुँदा सम्बन्धित सबैमा सो विषयमा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।
८) अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाडौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
फो.नं. ०१-४७९५७४५

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Water Quality Improvement and Service Regulation Section
Panipokhari, Kathmandu

Invitation for Sealed Quotation

Date: March 21, 2024

1. Water Quality Improvement and Service Regulation Section (WQISRS) under Department of Water Supply and Sewerage Management (DWSSM), Panipokhari, Kathmandu invites only electronic bid from eligible bidders for the following assignment.

S. N.	Contact ID and Name of Assignment	Bid Security Amount (NRs.)	Bid document fee (NRs.)	Last Date of Bid Submission
1	DWSSM/WQISRS/SQ-01/080-81/ Goods-01: Supply of Bleaching Powder, Chlorine tablet and Chlorine Solution	36000.00	1000.00	5th April 2024 till 12:00 Hrs.

2. Eligible bidders may obtain further information from PPMO's website: www.bolpatra.gov.np/egp.

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः-२०८०।१२।०८

नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, धनगढीबाट मिति २०८०।११।०१ गते www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता बोलपत्रदाताहरू मध्ये निम्नानुसार बोलपत्रहरु स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रायोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (रु.)
LIDPO/DHA/NCB/Works/14/080/81	Royal C.B. Construction and Suppliers Pvt.Ltd Sanfebagar Municipality-7, Achham	33,09,798.76
LIDPO/DHA/NCB/Works/15/080/81	Royal C.B. Construction and Suppliers Pvt.Ltd Sanfebagar Municipality-7, Achham	17,93,924.03
LIDPO/DHA/NCB/Works/16/080/81	A.R. Engineering Consultancy and Construction Pvt.Ltd, Mangalsen Municipality-5, Achham	61,08,126.43
LIDPO/DHA/NCB/Works/17/080/81	Bhagawan Nirman Sewa, Kamalbazar Municipality 10-Achham	38,57,814.63
LIDPO/DHA/NCB/Works/18/080/81	Malika Nirman Sewa Siudi-2, Achham	16,04,853.75
LIDPO/DHA/NCB/Works/19/080/81	Nava Jeevan Nirman Sewa, Jayaprithvi Municipality-9, Bajhang	17,52,002.20
LIDPO/DHA/NCB/Works/20/080/81	Bhugol Nirman Sewa, Sailyashikhar-1, Darchula	23,56,687.50
LIDPO/DHA/NCB/Works/21/080/81	Ascent Builders and Consultants Pvt.Ltd. Dhangadhi-5, Kailali	56,63,639.77
LIDPO/DHA/NCB/Works/22/080/81	Ascent Builders and Consultants Pvt.Ltd. Dhangadhi-5, Kailali	58,07,810.81

कार्यालय प्रमुख

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं

विद्युतीय दरभाउपत्र पुनः आह्वानको सूचना

प्रकाशित मिति : २०८०/१२/०८ गते

यस कार्यालयको तपशिलबमोजिमका कार्यहरू विद्युतीय बोलपत्र (E–Bid) को माध्यमबाट गराउनु पर्ने भएकाले इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेवसाइट www.tokhamun.gov.np मा हेर्नु हुन समेत सूचित गरिन्छ ।

ठेक्का नं.	खरिदसम्बन्धी विवरण	फाराम दस्तुर (रु.)	जमानत रकम (रु.)	जमानत मान्य अवधि	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय
28/SQ/TM/G/2080–81	Procurement of Portable USG Machine	१,०००।-	२९,०००।-	७५ दिन	चैत्र २३, २०८० मध्यान्ह १२ बजे	चैत्र २३, २०८० दिनको १ बजे



जापानमा ५ सय दिनसम्म आरआरआर

जापानका सिनेमाघरमा एसएस राजामौली निर्देशित फिल्म आरआरआर पाँच सय दिनभन्दा बढी समयदेखि प्रदर्शन भइरहेको छ। फिल्म हेरेर प्रभावित भएकी एक ८३ वर्षकी वृद्धाले राजामौलीलाई विशेष उपहारसमेत दिएकी छिन्। यो फिल्ममा जुनियर एनटिआर, राम चरण र अजय देवगन मुख्य भूमिकामा छन्।



रावणको भूमिकामा यश

केजिएफ स्टार यश रामायणमा रावणको भूमिकामा देखिँदै छन्। नितेश तिवारीको निर्देशनमा बन्ने फिल्ममा रणवीर कपुर रामको भूमिकामा हुनेछन् भने साई पल्लवी सीताको भूमिकामा देखिनेछिन्। यसअघि तिवारीले दंगल र छिछोरेजस्ता हिट फिल्मको निर्देशन गरिसकेका छन्।

पिसाबमा रगत देखिने कारण

पिसाबमा रगत देखिने अवस्थालाई हेमाचुरिया भनिन्छ। संक्रमण, कडा व्यायाम र मिर्गौलाको रोगसहित धेरै अवस्थाले पिसाबमा रगत देखिन सक्छ। यस्तो समस्यालाई बेवास्ता गर्नुहुँदैन। उचित स्वास्थ्य सेवाप्रदायकहरूले यसका कारण र उत्तम उपचार पत्ता लगाउन मद्दत गर्न सक्छन्।



पिसाबमा रगत (हेमाचुरिया) भनेको के हो ?

पिसाबमा राता रक्तकोषहरू देखिने अवस्थाको चिकित्सा नाम हेमाचुरिया हो। स्वास्थ्य सेवाप्रदायकहरूले पिसाबमा रगतलाई सकल, माइक्रोस्कोपिक वा डिपस्टिकको रूपमा लेबल गर्छन्।

ग्रस हेमाचुरिया हुँदा तपाईंको पिसाबमा नांगो आँखाले देख्न सकिने गरी पर्याप्त रगत हुन्छ। यसले शौचालयको पानीलाई फिक्का गुलाबी वा उज्यालो रातो रङमा परिणत गर्न सक्छ।

माइक्रोस्कोपिक हेमाचुरिया हुँदा तपाईंको पिसाबमा रगत हुन्छ, तर मानिसको नांगो आँखाले देख्न सक्ने मात्रा धेरै कम हुन्छ। तपाईंलाई यो हेर्नका लागि माइक्रोस्कोप चाहिन्छ।

पिसाब परीक्षण गर्ने कागजको पट्टीमा (डिपस्टिक) अक्सिडेसनले गर्दा रङ परिवर्तन हुन्छ र हेमाचुरिया भएको प्रमाणित हुन्छ। यसको मतलब सधैं तपाईंको पिसाबमा रातो रक्तकोषिकाहरू छन् भन्ने होइन, कारण अरू पनि हुन सक्छन्।

पिसाबमा रगत देखिनु कत्तिको सामान्य छ ?

झन्डै दुईदेखि ३० प्रतिशत वयस्क मानिसमा यो समस्या देखिने गर्दछ। त्यसैले यसलाई सामान्य मान्न सकिँदैन।

डाक्टरको सल्लाह



डा. अनिलपुकार शाह
युरोलोजिस्ट
नेपाल मेडिसिटी बयोधा अस्पताल, वीरगन्ज

लक्षण र कारण

तपाईंको पिसाबमा रगत देखिनुका विभिन्न कारण हुन सक्छन्। यी अवस्थामा संक्रमण वा पत्थरी प्रमुख कारण हुन सक्छ।

- **युरिनरी ट्र्याक्ट इन्फेक्सन (युटिआई)** : यसको मतलब तपाईंको मूत्र प्रणालीको कुनै पनि भागमा संक्रमण हुन सक्छ।
- पाइलोनेफ्राइटिस : यसले तपाईंको मिर्गौलासम्म पुगेको संक्रमणलाई वर्णन गर्छ।
- **सिसटाइटिस** : यो अवस्थाले सुन्निएको मूत्राशयलाई जनाउँछ, जसमा संक्रामक र गैरसंक्रामक कारण हुन सक्छन्।
- **मूत्र प्रणालीमा पत्थरी** : यसले मिर्गौलाको ढुंगा, पिसाबको ढुंगा र मूत्रमार्गको ढुंगालगायत तपाईंको मूत्र प्रणालीमा पाइने पत्थरीलाई वर्णन गर्दछ।
- **प्रोस्टेट बढ्नु (बेनाइन प्रोस्टेटिक हाइपरट्रोफी)** : यो प्रोस्टेटको बेनाइन अवस्था हो, उमेर ढल्कँदै गएपछि पुरुष मानिसमा देखिने समस्या हो। यो क्यान्सर होइन, तैपनि पिसाबमा रगत निम्त्याउन सक्छ। तपाईंको मूत्र प्रणालीको अंगमा चोटपटक लागेमा पनि पिसाबमा रगत देखिन सक्छ।
- **महिनावारी** : महिनावारी हुँदा पिसाबमा रगत देखिन्छ।
- **एन्डोमेट्रिओसिस** : यस अवस्थामा पाठेघरको भित्री अस्तरका टुक्राहरू पाठेघरबाहेक अन्य ठाउँमा बढ्छन्, जस्तै- प्रजनन प्रणालीका अन्य अंग, मूत्र प्रणालीका अंग, पाचन प्रणालीका अंग, श्वासप्रश्वासका अंगहरू इत्यादिमा। मूत्र प्रणालीमा एन्डो मेत्रियम पलाएको अवस्थामा महिनावारी भएको समयमा पिसाबमा रगत देखिने गर्दछ।
- **मिर्गौला रोग** : मिर्गौलामा हुन सक्ने विभिन्न क्रोनिक रोगले गर्दा पिसाबमा रगत देखिन सक्छ।
- **सिकलसेल रोग** : वंशाणुगत अवस्थाले तपाईंको रातो रक्तकोषिकाहरूलाई असर गर्छ र पिसाबमा रगत देखा पर्न सक्छ।

यी अवस्थाका अतिरिक्त शरीरका केही अंगमा अनियन्त्रित रूपमा बढिरहेका कोषिकाहरू (जसलाई हामी क्यान्सर भनेर चिन्छौं)ले तपाईंको पिसाबमा रगत निम्त्याउन सक्छ। ती अवस्था भनेका मिर्गौला क्यान्सर, मूत्राशयको क्यान्सर, मूत्रमार्गको क्यान्सर, प्रोस्टेट क्यान्सर इत्यादि हुन सक्छन्। तसर्थ, पिसाबमा रगत देखिएको अवस्थामा हेलचेक्र्याइँ गर्न हुँदैन। नजिकको स्वास्थ्य संस्थामा गएर युरोलोजिस्टसँग परामर्श गर्नुपर्छ।

गुफापोखरी कसरी पुग्ने ?



सञ्जीव गुरुङ
अध्यक्ष, माउन्टेन गाइड एसोसिएसन नेपाल



तेह्रथुम, संखुवासभा र ताप्लेजुङको संगमस्थलमा अवस्थित गुफापोखरीलाई प्राकृतिक, ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक दृष्टिकोणले सम्पन्न क्षेत्रका रूपमा लिइन्छ। यहाँ २८ प्रकारका लालीगुराँसका प्रजाति पाइन्छन्। समुद्री सतहबाट २,८९६ मिटर उचाइमा यस क्षेत्रबाट विश्वकै अग्लो हिमाल सगरमाथा, तेस्रो अग्लो हिमाल कञ्चनजंघा, पाँचौं अग्लो हिमाल मकालुलगायत दर्जनौं हिमालको मनोरम दृश्यावलोकन गर्न सकिन्छ।

यो क्षेत्र दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु तथा पक्षी, बहुमूल्य औषधिजन्य वनस्पतिका साथै जैविक र भौगोलिक विविधताले भरिपूर्ण छ।

कसरी पुग्ने ?

काठमाडौंदेखि बन्दीपुरसम्म बसमा जान सकिन्छ। त्यसपश्चात् दुई दिन पैदल यात्रा अथवा जिपबाट जान सकिन्छ। मोटरबाइकबाट धरान, धनकुटा, हिले, वसन्तपुर, चौकी हुँदै पनि गुफापोखरी पुग्न सकिन्छ।

पहिलो दिन : ४५ मिनेटको काठमाडौं-तुम्लिङटार हवाईजहाज यात्रापछि दुई घन्टा बस वा जिपयात्रापश्चात् मुडे पुगिन्छ। भौगोलिक हिसाबले सुन्दर मुडे बजार चियाबगानको नामले पनि चिनिन्छ। पहिलो दिनको वास मुडेमै बस्न सकिन्छ।


दोस्रो दिन : बिहानको नास्ता गरेर केही हिँडेपछि कालोगाउँ बस्ती हुँदै घुरबिसे पुगिन्छ। यहाँबाट तेस्रो डाँडैडाँडा गुराँसको बगान छिचोल्दै रमणीय ठाउँ चौकी पुग्न सकिन्छ। चौकीमा वास बस्न पनि सकिन्छ।

तेस्रो दिन : बिहान उठेर नास्ता गरेपछि डाँडैडाँडा मंगलबारे, श्रीमाने, लामपोखरी हुँदै गुफापोखरी पुगिन्छ।

चौथो दिन : बिहानै भ्यु प्वाइन्टबाट मनोरम हिमालहरूको दृश्य अवलोकनपश्चात् जिपबाट तुम्लिङटार अथवा हिले फर्कन सकिन्छ।


आँखाको मेकअप गर्दा..

सधैं क्वालिटीको मेकअप प्रडक्ट मात्रै प्रयोग गर्नुपर्छ। कम गुणस्तरको मेकअपले आँखामा समस्या निम्त्याउन सक्छ। क्रिमबेस्ड आई मेकअप गर्नुस्, किनकि पाउडरबेस्ड मेकअप आँखाभित्र छिर्न सक्छ



- यदि तपाईंको आँखा निकै सानो छ भने तपाईंले केही टिप्सहरू अपनाएर आफ्नो आँखालाई ठूलो र सुन्दर देखाउन सक्नुहुन्छ। राम्ररी मेकअप गरेर तपाईंले छोटो समयमै आँखालाई सुन्दर देखाउन सक्नुहुन्छ।
- सानो आँखा हुनेले मेकअप गर्दा विशेष ध्यान दिनुपर्छ। मेकअप गर्दा सेतो कलरको आई पेन्सिल प्रयोग गर्नु राम्रो हुन्छ। यसले तपाईंको आँखालाई ठूलो देखाउँछ।
- तपाईंले आइलाइनर निकै पातलो लगाउनुपर्छ, यस्तो गर्दा आँखा ठूलो र सुन्दर देखिन्छ।
- यसपछि मस्कारा लगाउनुस्। यसले पनि तपाईंको आँखालाई ठूलो र सुन्दर देखाउँछ।
- तपाईंले लाइट आइस्याडो कलर अप्लाई गर्नुपर्छ। जसकारण, आई मेकअप सफ्ट र सुन्दर हुन्छ। सानो आँखाका लागि ग्रे, ब्राउनलगायत सेडका आइस्याडो प्रयोग गर्नु राम्रो हुन्छ।
- मानिसको ध्यान आफ्नो आँखामा नजाओस् भन्ने चाहनुहुन्छ भने ब्राइट कलरको लिपस्टिक लगाएर ओठको मेकअपलाई हाइलाइट गर्न सक्नुहुन्छ। यस्तो गर्दा सबैको ध्यान तपाईंको ओठको मेकअपमा जान्छ र आँखा हाइलाइट हुँदैन।
- सधैं क्वालिटीको मेकअप प्रडक्ट मात्रै प्रयोग गर्नुपर्छ। कम गुणस्तरको मेकअपले आँखामा समस्या निम्त्याउन सक्छ। क्रिमबेस्ड आई मेकअप गर्नुस्, किनकि पाउडरबेस्ड मेकअप आँखाभित्र छिर्न सक्छ। यसले आँखामा अन्य जलन वा अन्य कुनै पनि समस्या निम्त्याउन सक्छ।
- आइस्याडोका लागि दिउँसोको समय न्युड मेकअप टोन राम्रो देखिन्छ। रातका लागि बोल्ड वा ब्राइट सेड्स चयन गर्नु राम्रो हुन्छ।

यसरी सिँगारौं बैठक कोठा



बैठक कोठा घरको पब्लिक एरिया हो। मानिसहरू प्रायः अतिथिहरूलाई भेट्ने, परिवारका सदस्यबीच जमघट गर्ने, जन्मदिनलगायतका समारोह गर्नका लागि यही कोठाको प्रयोग गर्छन्। त्यसैले यसलाई आकर्षक बनाउने चाहना हुन्छ।

बैठक कोठाको सजावटमा फर्निचरले मुख्य भूमिका खेल्छ। बजारमा आकर्षक सोफा, कुर्सी र टेबुलहरू पाइन्छन्। आफ्नो कोठाको स्पेस र भित्तामा लगाइएको कलरसँग म्याच हुनेखालका सामग्री राख्नुपर्छ।

बैठक कोठामा प्रायः सबैले टिभी राख्ने भएकाले टिभी युनिटको प्रयोग गर्न सकिन्छ। टिभी युनिटसँगै जोडेर सोकेस राख्नुभयो भने राम्रो हुन्छ। सोकेसमा तपाईंले पाउनुभएका ट्रफी, मेडल, प्रमाणपत्र तथा तपाईंका फोटो एल्बमहरू सजाउन सकिन्छ। बजेट र इच्छाअनुसार कस्तो बनाउने भन्ने तय गर्न सकिन्छ। त्यस्तै, धेरैले सोफा राख्नुहुन्छ। भेटघाट धेरै हुने कोठा भएकाले सोफा राख्दा सहज पनि हुन्छ। टेबुल वा कुर्सी पनि राख्न सकिन्छ। चिया खान वा केही म्यागेजिनहरू राख्नका लागि पनि टेबुल उपयुक्त हुन्छ।

म्यागेजिन वा पुस्तकहरू राख्नका लागि बुकसेल्फ ट्रे पनि बजार पाइन्छन्। यसले निकै कम स्पेस ओगट्छ र हेर्दा पनि आकर्षक देखिन्छ। पुस्तकको जतन पनि हुन्छ।

मैलुङ्ग खोला जल विद्युत कम्पनी लिमिटेड

(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)

काठमाडौं, नेपाल

दशौं बार्षिक साधारणसभा सम्बन्धी सूचना

श्री आदरणीय शेयरधनी महानुभावज्यूहरू,

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस मैलुङ्ग खोला जल विद्युत कम्पनी लिमिटेडको दशौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८०/१२/२९ गते, बिहिबार (तद्अनुसार अप्रिल ११, २०२४)
समय : विहान ११:०० बजे
स्थान : लैनचौर ब्यांक्वेट, लैनचौर, काठमाण्डौ।

वार्षिक साधारण सभामा पेश गरीने छलफलका प्रस्तावहरू

क) साधारण प्रस्ताव

१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने।
२. आ.व.२०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्त सम्मको वासलात र आ.व.२०७९/०८० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सचिंत मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३६८,१४३,००० / को ०.११६९ प्रतिशतले हुन आउने रकम ४३०,३५९,१७ (अक्षरेपी चार लाख तिस हजार तिन सय उनन्साठी दशमलव एक सात रुपैया मात्र) (कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने।

ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सचिंत मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३६८,१४३,०००/ को २.२२११ प्रतिशतले हुन आउने रकम रु. ८,१७६,८२४.१७ (अक्षरेपी एकासी लाख छयहत्तर हजार आठ सय चौविस दशमलव एक सात रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने।
२. कम्पनीको हालको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सो को लागि कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा।
(क) कम्पनीको बोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पूँजीलाई वृद्धि गरी रु. ३७६,३१९,८२४.१७ (अक्षरेपी सैतीस करोड त्रिसठ्टी लाख उन्नाइस हजार आठ सय चौविस दशमलव एक सात मात्र) पुचाउने सम्बन्धमा।
३. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्ध-पत्र/नियमावलीमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
४. विविध।

साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/१२/१६ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिने छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/१२/१५ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन्।
२. वार्षिक साधारणसभा स्थलमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिर पुस्तिका सभा स्थलमा सभाहुने दिन विहान १० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ।
३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हिताग्राही खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८०/१२/२७ गते ११ बजे यस संस्थाको रजिष्टर्ड कार्यालय उत्तरढोका, काठमाडौमा दर्ता गराइ सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भइ हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः वदर हुनेछ।
५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी यस संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ।
६.. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको स्वतः वदर हुनेछ।
७. प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी वदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको स्वतः वदर हुनेछ पछिल्लो प्रतिनिधि कायम हुनेछ।
८. नाबालक शेयरधनीको तर्फबाट यस संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
९. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।
१०. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहानु भएको विषय वारेमा साधारणसभा हुनु भन्दा कम्तिमा ७ दिन अघि यस संस्थाको रजिष्टर्ड कार्यालय मार्फत यस संस्थाका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालयमा उपलव्ध हुनेछ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

नोट : अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा ०१-४५३२३७२ वा Website: www.mailungkhola.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.

Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१२/२८ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय जितपुर, बाराबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम: राधेश्याम श्रेष्ठ बाबुको नामः पुर्ण बहादुर श्रेष्ठ बाजेको नामः धन बहादुर श्रेष्ठ ठेगानाः जीतपुरसिमरा-०१, बारा ना.प्र.नं.: १७/२०२२ जारी मितिः २०५३/१०/२७ जारी गर्ने कार्यालयः जि.प्र.का., बारा **कर्जा शिर्षक : व्यक्तिगत कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : जितपुर, बारा**	**क) नाम: नविना श्रेष्ठ** बाबुको नाम : तिलक बहादुर ढकाल पतिको नामः राधेश्याम श्रेष्ठ ससुराको नामः पुर्ण बहादुर श्रेष्ठ ठेगानाः पिप्रा सिमरा-०२, बारा, हालः जि.सिमरा-०१, बारा ना.प्र.नं.: ३३२०८१/२४१६०, जारी मिति : २०६५/०३/११ जारी गर्ने कार्यालय : जि.प्र.का., बारा **ख) नाम: जिवन कुमार श्रेष्ठ** बाबुको नामः पूर्ण बहादुर श्रेष्ठ बाजेको नामः धन बहादुर श्रेष्ठ ठेगानाः पिपरा सिमरा-०२, बारा, हालः जि.सिमरा-०१, बारा ना.प्र.नं.: २१।१७, जारी मिति : २०४६/०३/१६ जारी गर्ने कार्यालय : जि.प्र.का., बारा **ग) नाम : राधा सुवाल** बाबुको नाम : राम बहादुर सुवाल पतिको नामः जिवन श्रेष्ठ ससुराको नामः पूर्ण बहादुर श्रेष्ठ ठेगानाः भोडाहा-०६, बारा, हाल : जि.सिमरा-०१, बारा ना.प्र.नं.: २०६४।२०२९, जारी मिति : २०४५/१०/२४ जारी गर्ने कार्यालय : जि.का., बारा, कलैया
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय सिमरा बारामा राधेश्याम श्रेष्ठको नाममा दर्ता कायम रहेको बारा जल्ला, डुमरवाना वडा नं. ४ स्थित कि.नं. ९५२ को क्षेत्रफल २२०.०९ व.मी.को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०८३-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०८३-९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय जितपुर, बारा वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय जितपुर, बारामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

लघुवित्तको समाधान : संरचनात्मक सुधार

लघुवित्त कार्यक्रम नेपालजस्तो देशमा मात्रै होइन, अमेरिका, बेलायत, अस्ट्रेलियाजस्ता विकसित देशमा समेत कार्यान्वयन भइरहेको छ



● डा. रेवतबहादुर कार्की

अग्रलेख

नेपाल राष्ट्र बैंकले २०३१ सालबाट विपन्न वर्गमा बैंकिङ सेवा पुऱ्याई जीवनस्तर उकास्ने उद्देश्यले सस्तो ब्याजमा प्राथमिक क्षेत्र कर्जा र सघन बैंकिङजस्ता कार्यक्रम लागू गरे पनि ग्राहकले बैंकमा नै धाउनुपर्ने परम्परागत बैंकिङ प्रणालीका कारण यसबाट पहुँचवालाहरू नै बढी लाभान्वित भई लक्षित विपन्न वर्गमा पुग्न सकेन। प्रजातन्त्रको पुनर्स्थापनापछि निरपेक्ष गरिबीलाई विशेष सम्बोधन गर्ने क्रममा आव २०४९/५० देखि विशेष महत्त्वका साथ सुरु गरिएको विनाधितो गरिबको घरदैलोमा उपलब्ध हुने अति विपन्न वर्गमा केन्द्रित बंगलादेशका प्राध्यापक मोहमद युनुसद्वारा प्रतिपादित बंगलादेशी ग्रामीण बैंक मोडेलको 'लघुवित्त कार्यक्रम' गरिबीविरुद्धको आन्दोलनको सशक्त अस्त्र रहँदै आएको छ। नेपाली अर्थतन्त्र र वित्तीय क्षेत्रको महत्त्वपूर्ण अवयव भइसकेको छ।

लघुवित्तले ०८० पुससम्ममा यस्ता ५७ संस्थाका करिब ५१ सय शाखामार्फत ७७ जिल्ला र अधिकांश ग्रामीण क्षेत्रमा समेत लघुवित्त सेवा प्रदान गर्दै ६० लाख सदस्य र २८ लाख ऋण सदस्य परिचालन गर्न समर्थ भएको छ। लघुवित्तले विपन्न वर्गलाई करिब चार खर्ब ४० अर्ब (आउटस्ट्यान्डिङ) भन्दा धेरै बढी ऋणप्रवाह (जुन जिडिपीको करिब आठ प्रतिशत र कुल बैंकिङ क्षेत्रको ऋण प्रवाहको नौ प्रतिशत हुन आउँछ) गरिसकेको छ। कुल कर्जामध्ये ६० प्रतिशत समूहमा आधारित विनाधितो कर्जाको अंश छ भने बाँकीमा ४० प्रतिशत धितोमूलक र अन्य कर्जाको अंश रहेको देखिन्छ। क्षेत्रगत हिसाबले कुल कर्जामध्ये करिब ५० प्रतिशत कृषि, ४० प्रतिशत सेवा क्षेत्र र बाँकी १० प्रतिशत उद्योग व्यवसायसहित अन्य क्षेत्रमा लगानी भएको छ। तर, सामान्यतः एक प्रतिशतभित्र रहनुपर्ने यसको निष्क्रिय कर्जा अनुपात हालसालैबाट ५-२० प्रतिशतसम्म पुगी चुनौतीपूर्ण भएको छ। बैंकिङ सेवा करिब २५ प्रतिशत उपलब्ध भएको समयमा आरम्भ भएको लघुवित्त ग्रामीण क्षेत्र र विपन्न वर्गमा विस्तार भएर बैंकिङ सेवालाई ७० प्रतिशत पुऱ्याउनसमेत योगदान गरेको छ। विपन्न वर्गबाट समेत करिब दुई खर्ब ७० अर्ब निक्षेप (कुल बैंकिङ निक्षेपको करिब पाँच प्रतिशत) परिचालन गरिसकेको छ। लघुवित्त संस्थाहरूको ३५ अर्ब चुक्ता पुँजीसहित करिब ५४ अर्ब पुँजी कोष र कुल सम्पत्तिसमेत पाँच खर्ब २९ अर्ब पुगिसकेको छ। लघुवित्तले करिब २२ हजार प्रत्यक्ष रोजगारीका साथै लाखौंलाई परोक्ष रोजगार प्रदान गरेका छन्। यिनले आफ्ना सदस्यलाई वित्तीय सेवाका अतिरिक्त वित्तीय साक्षरता, व्यावसायिक/सीपमूलक तालिम, सामाजिक क्रियाकलाप र प्राकृतिक तथा अन्य प्रकोप उद्धारजस्ता सामाजिक/आर्थिक उत्थानका गैरवित्तीय सेवाहरू पनि दिएका छन्। यी सेवाबाट जिडिपीमा भ्यालुएड तथा अन्य/सेवा-गतिविधिमार्फत विपन्न वर्गको आयवृद्धि भएर निरपेक्ष गरिबी घटाउन विशेष योगदान गरेको नकार्न सकिन्न।

२०४९ सालमा ४९ प्रतिशत रहेको निरपेक्ष गरिबी (२०७९ सालको केन्द्रीय तथ्यांक कार्यालयको जीवनस्तर मापन सर्वेक्षणअनुसार) २९ प्रतिशत बिन्दुले कम भएर २० प्रतिशतमा झरेको छ, जुन निकै उल्लेखनीय उपलब्धि हो। यसमा अन्य कारकका अतिरिक्त लघुवित्तको पनि उल्लेख्य योगदान रहेको अनुमान गर्न सकिन्छ। हालै राष्ट्र बैंकले गरेको अध्ययनले पनि लघुवित्तको आर्थिक/सामाजिक योगदानलाई पहिचान गरेको छ। नेपाल लघुवित्त बैंकर्स संघ (एनएमबिए)को वित्तीय सहयोगमा सिएमएफ नेपालले वरिष्ठ अर्थशास्त्री डा. विश्व पौडेलको नेतृत्वमा गरेको 'नेपालमा लघुवित्त संस्थाहरूको प्रभाव अध्ययन'ले पनि देशको आर्थिक र सामाजिक क्षेत्रमा यसले उल्लेख्य योगदान गरेको देखिएको छ। सरकारले तल्लो वर्गमा अर्बौं खर्च गरेरसमेत गर्न नसक्ने आर्थिक-सामाजिक परिचालन यी संस्थाले सहज रूपमा गरी आर्थिक/सामाजिक क्षेत्रमा समेत ठूलो योगदान गरेको जगजाहेर छ।

०५० सालमा दुईवटाको संख्यामा रहेको लघुवित्त संस्था ०७० को सुरुवातमा ३८ पुगे। ०७० मा ४६ गैरमुनाफाकारी लघुवित्त संस्था (फिंगो)लाई नाफाकारी संस्थामा अनिवार्य परिणत हुन राष्ट्र बैंकले नियमन गरेपश्चात् ०७५ सालमा यो संख्या हालसम्मकै उच्च अर्थात् ९१ पुग्न गयो। यहींबाट यस्ता संस्था/प्रयोगकर्ता बढी नाफामूलकमा प्रोत्साहित भई नियामकको समेत सहमतिमा मल्टिपल फाइनान्सिङ, उच्च कर्जा सीमा (१५ लाख)सहित केही विकृति/समस्या देखा परे।

तर, समस्याको बहानामा लघुवित्तले गरेको विविध योगदानलाई बेवास्ता गरी यसलाई सिध्याउने अभियान विगत तीन-चार वर्षदेखि केही राजनीतिक शक्तिबाट भइरहेको देखिन्छ। विपन्न वर्गको उत्थानमा समर्पित लघुवित्तजस्तो कार्यक्रमलाई वार्षिक करिब ३६ प्रतिशत ब्याज लिने मिटरब्याजीसँग दाँजेर गरिबलाई सिध्याउन आएको भ्रम फैलाएर लघुवित्तको ऋण सावाँब्याज नतिर्ने अभियान वा यो मिनाहा हुनुपर्ने मागसहित चर्को आन्दोलन नै गराइएको छ। ग्राहकलाई घरदैलोमा सेवा पुऱ्याउँदा लघुवित्तको ब्याजदर अन्य बैंक वा वित्तीय संस्थाको दाजोमा केही बढी (१५ प्रतिशत) त छ, तर भारतमा लघुवित्तको ब्याजदर २६ प्रतिशत, बंगलादेशमा २४ प्रतिशत, श्रीलंकामा १७ प्रतिशत, फिलिपिन्समा ६०-९० प्रतिशत, उज्बेकिस्तानमा ८० प्रतिशतसहित विश्वको औसत ब्याजदर ३५ प्रतिशत रहेको देखिन्छ। स्मरणीय



के भने संसारभर गरिबका लागि ब्याजभन्दा पनि ऋणको उपलब्धता महत्त्वपूर्ण हुन्छ र यसले गरिबी घटाउन विशेष योगदान गरेको विभिन्न अध्ययनले प्रमाणित पनि गरिसकेका छन्। लघुवित्त कार्यक्रम नेपालजस्तो देशमा मात्रै होइन, अमेरिका, बेलायत, अस्ट्रेलियाजस्ता विकसित देशमा समेत कार्यान्वयन भइरहेको छ। लघुवित्तको महत्त्व र योगदान हुँदाहुँदै यो कार्यक्रम अहिले जीवन-मरणको सवाल हुन गएको छ, जुन ठूलो विडम्बना हो। के कारण अहिले यो कार्यक्रम यस्तो अवस्थामा पुग्यो भन्ने सन्दर्भमा विश्लेषण गरी संरचनात्मक सुधारका व्यावहारिक सुझाव दिने जमर्को गरिएको छ। यसका मुख्यतः तीन कारण छन्- नियामक, प्रयोगकर्ता र राजनीतिक शक्ति।

> लघुवित्त धराशयी हुनाका कारणहरू विश्लेषण गरी दिगो विकासका लागि दलीय सहमति गराउने, तत्काल राहत कार्यक्रम ल्याई सुधार गर्दै जाने र कानुनी व्यवस्थामार्फत छुट्टै नियामक निकाय स्थापना गर्न सके लघुवित्तमा क्रमशः दीर्घकालीन हित र स्थायित्व आउनेछ

पहिलो कारण : नियामक र नियमन। नियमनमा देहायका इन्कन्सिस्टेन्ट, अविवेक, विचलन, कमजोरी रहेका छन्:

क) फिंगोलाई नाफाकारी कम्पनीमा परिणत हुन बाध्यात्मक व्यवस्था गरिनु।

ख) वाणिज्य बैंकहरूलाई लघुवित्त सहायक कम्पनी खोल्न अनिवार्य गर्ने र त्यसपश्चात् वाणिज्य बैंकले दुई प्रतिशत कर्जा विपन्न वर्गमा अनिवार्य प्रदान गर्नुपर्ने (हाल इच्छाधीन)।

ग) लघुवित्तको अत्यधिक कर्जावृद्धि (कर्जासीमा तोक्ने र धितोमूलक कर्जाको अधिक सीमा तोक्ने)।

घ) बलियो रिस्कवेस्ड सुपरीवेक्षण नगर्नु।

ङ) सुविधासम्पन्न सहरमा पनि शाखा खोल्न स्वीकृति दिनु।

च) इन्ट्रेस्टस्प्रेड ६ प्रतिशतसहित लघुवित्तको ब्याजदर १५ प्रतिशत तोक्ने, तर लघुवित्तले बैंकिसंस्थाबाट लिने ब्याजदरमा उक्त इन्ट्रेस्टस्प्रेड कटाएर नौ प्रतिशतभन्दा बढी हुन नपाउने भनी नतोक्दा यी संस्थामा साधनको अभाव हुँदा पनि वास्ता नगर्नु इत्यादि।

दोस्रो कारण : (प्रयोगकर्ताबाट) लघुवित्तका अभ्यासमा निम्न अविवेक, विचलन, विकृति तथा कमजोरी रहेका छन्:

क) लघुवित्तको मर्म, भावना र सिद्धन्तविपरीत सदस्यता दिनु र लगानी गर्नु।

ख) बढी नाफामूलक हुँदा एक-अर्कामा अस्वस्थ प्रतिस्पर्धाको होडबाजीका साथै कतिपय अवस्थामा मिलोमतोसमेत गर्नु।

ग) ऋण असूलीसम्बन्धमा कर्मचारीबाट अभद्र व्यवहार हुनु।

घ) सुविधासम्पन्न सहरमा पनि शाखा खोल्ने र ठूलाबडालाई बढी कर्जा दिन प्रोत्साहन गर्नु।

ङ) अधिकतम कर्जासीमाको दुरुपयोग गर्नु।

च) गैरवित्तीय तथा सामाजिक सेवा/कार्यलाई कम महत्त्व दिनु।

छ) कमजोर आन्तरिक सुपरीवेक्षण।

तेस्रो कारण : लघुवित्तमा राजनीतीकरण दुई किसिमले भएको छ।

क) स्थानीय र प्रदेशस्तरबाट लघुवित्तलाई प्रहार : सहरबजारमा ठूलाबडालाई पनि ऋण दिन थालेपछि यिनले ब्याजदर घटाउन अर्थात् अन्य बैंकिसंस्थासरह गर्नलाई स्थानीय र प्रदेश सरकारमार्फत लघुवित्तलाई पनि दबाब/असहयोगमार्फत अप्ट्यारोमा पार्ने/राजनीतीकरण गरिरहेका छन्। यो अर्को विकृति हो।

ख) ठूलै राजनीतिक शक्तिबाट लघुवित्तलाई सिध्याउने चलखेल : यो खेल पनि माथिको जस्तै ठूलाबडालाई ऋण दिएपछि बढेको हो। विपन्न वर्गमा यसले राम्रो प्रभाव पारिरहे पनि माथिका केही विकृतिको निहुँमा यसलाई आफ्नो पक्षमा पार्ने हिसाबले उच्च ब्याज लिने मिटरब्याजीजस्तै भनी ऋणीलाई उक्साउने, आन्दोलन गराउने ठूलो कसरत भइरहेको देखिन्छ। लघुवित्तलाई सिध्याउने यो खेल डरलाग्दो छ। यी तीन कारणबाहेक कोभिडको असरसहित अन्य केही कारण पनि छन्।

समाधान : लघुवित्तमा केही विकृति देखा परी समस्यामूलक बन्दै गएको पक्कै हो। तर, यो खत्तमै भने भइसकेको अवश्य होइन। केही संरचनात्मक एवं अन्य सुधारमार्फत सही बाटोमा लैजान सकिन्छ। न्यून गरिबी भएका अमेरिका, बेलायतजस्ता विकसित देशमा त अझै यसको प्रयोग भइरहेको छ भने २० प्रतिशत निरपेक्ष गरिबी भएको नेपालजस्तो देशमा यसको आवश्यकता नहुने त प्रश्नै छैन। यसलाई समाधान गरी चुस्त र दिगो बनाउन देहायबमोजिमका सुझाव प्रस्तुत गरिएको छ:

१. लघुवित्तलाई सुचारु गरी ट्र्याकमा ल्याउन दलीय सहमतिको अपरिहार्यता : जुन किसिमले यसलाई सिध्याउने खेल/अभियान चलेको छ, कम्तीमा प्रमुख दलहरूको सहमतिविना यो रोकिनेवाला छैन।

२. सरकारले राष्ट्र बैंक र लघुवित्त संस्थाहरूसमेतको सहभागितामा तत्कालै सुधारात्मक राहत कार्यक्रम ल्याउने। लघुवित्तमा तिर्न नसक्ने, तिर्न सक्ने र तिर्न नसक्ने बहाना गर्ने, साँच्चै समस्या परेका ग्राहक छुट्याउने व्यवस्थामा संस्थाहरूलाई सक्रिय गराउने। ग्राहकको अवस्थाको आधारमा राहत दिने, ऋणलाई पुनर्तालिकीकरण र पुनर्संरचना गर्ने तथा अन्य आवश्यक कदमहरू लिने। मल्टिपल फाइनान्सिङलाई क्रमशः घटाउँदै लैजाने। विनाधितो र धितोमूलक ऋण सीमामा पुनरावलोकन गर्ने, गरिबीमाथिकालाई फेज आउट गर्दै जाने। लघुवित्तले बैंकिसंस्थाबाट लिने ऋणमा बढीमा नौ प्रतिशतको सीमा तोक्ने। गैरवित्तीय सेवाजस्ता व्यावसायिक तालिम बढाउने र उत्पादनलाई बजारसँग जोड्ने। स्थानीय तथा प्रदेश सरकारको सहयोग लिनेजस्ता कार्य गर्नुपर्छ।

३. लघुवित्तको छुट्टै नियमनकारी निकाय स्थापना गर्नुपर्ने। यस्ता सुधारात्मक राहत कार्यक्रमबाट सही मार्गमा ल्याउँदै यससम्बन्धी विशेषज्ञताको छुट्टै नियामक निकाय स्थापना गर्ने कानुनी व्यवस्था गर्नेतर्फ लाग्नुपर्छ। राष्ट्र बैंकले अन्य बैंकिसंस्थालाई नै स्वस्थ नियमन र बलियो सुपरीवेक्षण गरी बैंकिङ प्रणालीलाई बलियो बनाउन नसकिरहेको र अन्य बैंकिसंस्थाको तुलनामा लघुवित्त नियमनलाई उचित ध्यान दिन नसकेको परिप्रेक्ष्यमा बंगलादेशसहित अन्य केही देशमा जस्तो यसको छुट्टै नियामक निकायको स्थापना अपरिहार्य देखिन्छ।

अन्तमा, अर्थतन्त्र, बैंकिङ, गरिबी निवारण र सामाजिक क्षेत्रमा लघुवित्तको महत्त्वलाई दृष्टिगत गरी यसलाई बचाउन र प्रवर्द्धन गर्न सुधार अपरिहार्य छ। यसका लागि लघुवित्त धराशयी हुनाका कारणहरू विश्लेषण गरी सुचारु/पुनर्स्थापनाको साथै दिगो विकासका लागि दलीय सहमति गराउने, तत्काल राहत कार्यक्रम ल्याई सुधार गर्दै जाने र कानुनी व्यवस्थामार्फत छुट्टै नियामक निकाय स्थापना गर्न सके लघुवित्तमा क्रमशः दीर्घकालीन हित र स्थायित्व आउने देखिन्छ।

(अर्थविद् कार्की सिएमएफ नेपालका अध्यक्ष हुन्)

---

३ प्रश्न

विश्लेषक **हरि रोका**लाई



सरकारको न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प कस्तो लाग्यो ?

दलहरूले गठबन्धन बनाएर सरकार गठन गरेको वेलामा यस्तो न्यूनतम साझा सहमतिको संकल्प ल्याउनु राम्रै हो। सरकारले जनतामाझ हामी यो यो काम गर्छौं भनेर प्रतिबद्धता जनाउनु सकारात्मक हो। तर, अहिलेको गठबन्धन सरकारले यसलाई जसरी ल्याएको छ, त्यसले सामान्य कर्मकाण्ड मात्र पूरा गरेको देखिन्छ।

भ्रष्टाचारविरुद्ध निर्मम हुने सरकारको संकल्पमा कति आशावादी हुनुहुन्छ ?

भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको आफ्नो प्रतिबद्धता पूरा गर्न प्रधानमन्त्री दृढ हुनुहुन्छ कि जस्तो सामान्य भान भएको छ। उहाँले आफ्नै पार्टीका उपाध्यक्षलाई पत्राउ गरेर थुनामा राख्नुले थोरै भए पनि जनतामा आशा जगाएको छ। तर, प्रमुख प्रतिपक्षी कांग्रेस र सहरकारी पीडित जनताबाट समेत प्रश्न उठिरहेका उपप्रधानमन्त्री तथा गृहमन्त्रीबारे उहाँले कस्तो भूमिका खेल्नुहुन्छ, त्यसले पनि उहाँको संकल्पको भविष्य निर्धारण गर्नेछ। साँच्चै भ्रष्टाचारविरुद्ध निर्मम हुने हो भने न्यूनतम आचारसंहिता लागू गरी काम गर्नु राम्रो हुन्छ। तर, गरेजस्तो मात्र देखाउन खोजियो भने काम छैन।

सरकारले लिएका संकल्पहरू कार्यान्वयन होलान् त ?

सरकारले संकल्पका रूपमा अमूर्त कार्यक्रम अघि सारेको छ। अर्थतन्त्रलाई सुधार गर्ने भनिएको छ। तर, कसरी गर्ने कुनै ठोस कार्यक्रम छैन। कृषि क्षेत्रको सुधारका लागि बाँझो जमिनमा कसरी खेती गरिने हो, कसरी युवालाई कृषिसित जोड्न हो, त्यसको कुनै खाका छैन। आयात प्रतिस्थापन गर्ने उद्योगलाई कसरी पुनर्जीवन दिने हो, त्यसको योजना छैन। उद्योगधन्दा र रोजगारी वृद्धिको पनि प्रस्ट खाका छैन। त्यसैले, घोषणापत्रमा राखिएका बुँदालाई यहाँ राखिएको मात्र देखिन्छ।

प्रेरक प्रसंग

पुल बनाउने संकल्प

सन् १८८३ मा इन्जिनियर जोन अगस्टसले न्युयोर्क सहर र लङ आइल्यान्डलाई एक-आपसमा जोड्ने गरी एक सानदार पुल बनाउने योजना अघि सारे। उनको योजना सफल भएमा त्यो पुल त्यतिवेलासम्म संसारभर बनेका पुलमध्ये भव्य, विशाल र आकर्षक देखिने थियो। जब राज्यका विशेषज्ञसामु उनको त्यो योजना प्रस्तुत गरियो, तब उनीहरूले त्यसलाई असम्भव भन्दै खारेज गरिदिए।

अगस्टसको अन्तरात्माले भने उनको योजना सही छ र सो पुल बन्न सक्छ भनिरहेको थियो। अगस्टसको योजनामा सबै विपक्षमा थिए भने उनका इन्जिनियर छोरा जोन रोब्लिङ मात्र उनको समर्थनमा थिए। पिता-पुत्र जोडीले एकसाथ एक विस्तृत योजना तयार गरे र आवश्यक टोलीको भर्ती पनि सुरु गरे। उनीहरू सबै आफ्नो उद्देश्य प्राप्तिका लागि तयार थिए। आखिरमा पुल निर्माण सुरु भयो। तर, कार्यस्थलमा भएको एक दुर्घटनामा परेर अगस्टसको मृत्यु भयो। सामान्यतः यस्तो अवस्थामा अरू कोही भएको भए यो योजना स्थगित गर्ने थियो। तर, रोब्लिङले भने जसरी भए पनि पिताको योजनालाई पूर्णता दिइछाड्ने अठोट गरे।

तर, काम अघि बढ्दै गर्दा दुर्भाग्यवश रोब्लिङ मस्तिष्कघातबाट पीडित भए। उनी स्थिर हुन पुगे। उनी हिँड्न, चल्न, इसारा गर्न र बोल्न नसक्ने भए। यस्तो अवस्थामा पुल निर्माण गर्न नसकिने राय दिने विशेषज्ञको टोलीले दुवै पितापुत्रलाई 'मूर्ख'को संज्ञा दिए। यस्तो अवस्थामा आफूले केही गर्न नसके पनि रोब्लिङ योजना स्थगित गर्ने पक्षमा थिएनन्। उनी आफ्नो उद्देश्यमा स्पष्ट थिए। उनी अरूसित कुराकानी गर्न पूर्णतः पत्नीमा निर्भर थिए। उनको हातको एउटा औंला मात्र चल्थ्यो। जसको सहायताबाट उनले आफ्ना कुरा अरूलाई बुझाउने 'कोड' भाषाको विकास गरे।

अरूले आफूलाई मूर्ख, पागलजस्ता अनेक नाम दिए पनि उनले हार मानेननू। रोब्लिङले १३ वर्षसम्म पत्नीलाई निर्देश गरिरहे र पत्नीले अन्य इन्जिनियरलाई उनको निर्देशन बुझाउँदै गइन्। इन्जिनियरहरूले उनको निर्देशनअनुसार काम गर्दै गए र आखिरमा 'ब्रुकलिन ब्रिज' यथार्थमै तयार भयो। आज यो पुल एक सानदार र भव्य संरचनाका रूपमा सबैका लागि प्रेरणाको स्रोत बनिरहेको छ। आखिर दृढ अठोट भयो भने यो संसारमा असम्भव भन्ने के नै छ र ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जग्गा व्यवस्थापन गरौं

हाम्रो सानो देश भएको भए पनि यहाँ विभिन्न रूपका जमिन प्रयोगमा छन्। आमजनताले दुःख गरी केही मात्रामा खेतीपाती गरिरहेका छन्। विभिन्न रूपमा जग्गा टुक्राटुक्रा गरी खेतीयोग्य जमिन मासिँदै गएको छ। यसतर्फ कसैले चासो दिएको देखिन्न। अब देशभरिको जग्गा खेतीयोग्य र बसोवासयोग्यका रूपमा अनिवार्य वर्गीकरण गर्नुपर्ने देखिन्छ। खेतीयोग्य जग्गामा खेती गर्दा किसानलाई राज्यले अनिवार्य अनुदान दिनुपर्छ। त्यसैगरी बसोवासयोग्य जग्गा टुक्राटुक्रा पारी अनिवार्य रूपमा तोकिएको मापदण्डमा घर बनाउनुपर्ने सर्तमा बिक्री-वितरण गर्ने अनुमति दिनुपर्छ।

● **हेमकुमार थापा**, भक्तपुर
hemkth@yahoo.com

सरकारलाई काम गर्न देऊ

सरकारले भ्रष्टाचारविरुद्ध निर्मम बन्ने संकल्प गरेको समाचार पढ्दा खुसी लाग्यो। वर्तमान सरकारले सत्ता सम्हालेको केही दिनमै सुन र सहकारी प्रकरणमा केही नेता र नेतापुत्रलाई गिरफ्तार गरी सकारात्मक संकेत देखाएको छ। यस्तोमा प्रमुख प्रतिपक्षी कांग्रेसले एकोहोरा लागेर गृहमन्त्रीविरुद्ध संसद्मा नाराबाजी गर्नु व्यर्थ छ। राम्रो कामको सुरुवात गरेको हुनाले सरकारलाई केही समय काम गर्न देऊ।

● **पूर्ण लिम्बू**
धापाखेल, ललितपुर

कांग्रेसले किन विरोध गर्दै छ ?

गृहमन्त्रीले केही उच्च तहका नेता र नेतापुत्रलाई गिरफ्तार गर्नासाथ प्रमुख प्रतिपक्षी दल कांग्रेसको सातो गयो जस्तो छ। उसले यो सरकारले आफ्नो पार्टीका ठुला माछालाई पनि जालमा पारेरै छाड्ने भयो भन्ने भयले गर्दा गृहमन्त्रीको विरोध गरिरहेको त होइन नि ? नत्र सरकारलाई शंकाको सुविधा दिएर केही दिन काम गर्न छाडिदिए के जान्छ ? यसतर्फ कांग्रेसको ध्यान जाओस्।

● **गोपिका काफ्ले**
महेन्द्रपुल, पोखरा

व्यवहारमा सुशासन कहिले ?

सरकारले मंगलबार सार्वजनिक गरेको न्यूनतम साझा कार्यक्रम सरसर्ती हेर्दा उत्साहजनक नै देखिन्छ। तर, व्यवहारमा भने आजसम्म कार्यक्रम जतिसुकै राम्रो भए पनि त्यो कागजमै मात्र सीमित हुँदै आएको छ। त्यसैले, जनतामा अनुभूति गराउने हो भने सरकारले तत्काल निम्न काम गर्नुपर्छ:

१. ३३ किलो सुनकाण्डका वेला गठित जाँचबुझ आयोगका अध्यक्षले हालै एक अर्न्तवार्तामा आफूले दिएको रिपोर्टलाई सरकारले तत्काल कार्यान्वयन गरेको भए आज यसरी नयाँ-नयाँ सुनकाण्ड नै हुने थिएनन् भन्ने दाबी गरेका छन्। त्यसैले, सो रिपोर्ट तत्काल सार्वजनिक गरी कार्यान्वयनमा लगियोस्।

२. गृहमन्त्रीकै मातहतमा रहेको नेपाल ट्रस्टले गोकर्ण फरेस्टको २९ सय रोपनी जग्गा कौडीको मूल्यमा गोकर्ण रिसोर्टलाई दिएर राज्यलाई अर्बौं घाटा पुऱ्याएको लिज प्रकरण, तारा गाउँको जग्गामा बनेको हायात होटेल, विशाल ग्रुपले अपचलन गरेको बाल मन्दिरको जग्गा, चौधरी ग्रुपले कब्जा गरेको बाँसबारीको जग्गा, सांसद दीपक खड्काले जबर्जस्ती लिएको भनिएको स्काउटको जग्गा, गिरीबन्धुको जग्गामा भएका लेनदेन, चन्द्रागिरि हिल्सले लिएको वनको जग्गा र नियमविपरीत बनाएको कंक्रिटका भवन हटाउने काममा वर्तमान सरकार लागे मात्र सुशासन ल्याउन खोजेको सन्देश जानेछ।

३.आमजनतालाई प्रहरी हिरासतभित्र राखेर बयान लिने तर ठूला नेता र व्यापारीलाई अस्पतालको सुविधा दिनाले देशको कानुन सबैका लागि बराबरी छैन भन्ने सन्देश गएको छ। यसमा सबैलाई बराबरी गर्न सकेमा बल्ल सुशासन आएको अनुभूत हुनेछ।

४. सहकारी पीडितलाई न्याय र सहकारीको पैसा अपचलन गर्ने सबै सहकारी ठगलाई कडा कारबाही गर्न सके देशमा सुशासनको अनुभव हुनेछ।

५. विकासे आयोजना ढिलो गर्ने, भेरिफिकेसनका नाउँमा अर्बौं ठग्ने ठेकेदार र नेतालाई कारबाही गर्न सकेमा सकारात्मक सन्देश जानेछ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, जोरपाटी
gopaldevkota@gmail.com

सुडानको हिंसालाई उपेक्षा नगरौं

सुडानको अवस्था भयावह छ, दुई करोड ५० लाख मानिसलाई मानवीय सहायताको अति खाँचो छ



देश/विदेश

● डेभिड मिलिब्यान्ड

८ मार्चमा राष्ट्रसंघीय सुरक्षा परिषद्ले रमजानको पवित्र महिनामा सुडानमा द्वन्द्व अन्त्य गर्न आह्वान गर्ने प्रस्ताव पारित गरेको छ। परिषद्ले द्वन्द्वका सबै पक्षलाई मानवीय सहायताको द्रुत एवं सुरक्षित वितरण सुनिश्चित गर्न र नागरिकको सुरक्षासहित अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गत आफ्ना दायित्व पालना गर्न आग्रह गरेको छ।

गत अप्रिलमा सुडानी सशस्त्र बल र शक्तिशाली अर्धसैनिक समूह च्यापिड सपोर्ट फोर्सेस (आरएसएफ) बीचको गतिरोधपछि सुरु भएको हिंसात्मक द्वन्द्वले आधाभन्दा बढी देशलाई चपेटामा पारेको छ। झन्डै एक वर्षपछि अफ्रिकी संघ र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले लडाइँ तत्काल रोक्न गरेको आकस्मिक आह्वानपछि युद्धविराम र सहायताको स्वतन्त्र प्रवाहका लागि सुरक्षा परिषद्को धक्का आवश्यक कदम हो।

सुडानको अवस्था भयावह छ। आधा जनसंख्या, अर्थात् दुई करोड ५० लाख मानिसलाई मानवीय सहायताको अति खाँचो छ। राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमअनुसार करिब एक करोड ८० लाख मानिसले तीव्र भोकमरीको सामना गरिरहेका छन् (गत वर्षको तुलनामा यसपटक यो संख्या दोब्बरभन्दा बढी पुगेको छ) र आफूलाई अनिकालको अवस्थामा खुवाउन नसक्ने निर्णय गर्नेको संख्या करिब ५० लाख पुग्न सक्छ (यो आयरल्यान्डको जनसंख्याबराबर हो)। द्वन्द्व सुरु भएदेखि ८० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्। डिसेम्बरमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले डार्फर नरसंहार हुने गरी सुडानमा युद्ध अपराध, मानवताविरुद्धको अपराध र जातीय सफाया भइरहेको बताएका थिए।

यस्तो अवस्थामा सुडान अन्तर्राष्ट्रिय उद्धार समितिको आपत्कालीन सूचीमा पहिलो स्थानमा पर्नु अनौठो होइन। द्वन्द्वले कृषि उत्पादनलाई ध्वस्त पारेको छ, जबकि मानवीय सहायताको हतियारीकरणले देशमा खाद्यान्न र औषधिको प्रवाहलाई प्रभावित पारेको छ। यसबाहेक स्वास्थ्य सेवा प्रणालीको लगभग पूर्ण विनाशले रोकथाम गर्न सकिने रोग पनि फैलिएका छन्। बैंकिङ प्रणाली तहसनहस हुँदा आर्थिक पतन निम्तिएको छ।



तस्बिर : लुइस तातो/एएफपी

पाँच लाखभन्दा बढी विस्थापित मानिसले विश्वकै गरिबमध्ये एक दक्षिणी सुडानमा शरण खोजेका छन्। हालैको भ्रमणमा मैले सुडानी शरणार्थीबाट हृदयविदारक कथा सुनेको थिएँ। दुई सन्तानकी आमा अस्माले गत वर्ष विश्वविद्यालय जान तयार भएका आफ्ना छोराछोरीसँगै राजधानी खार्तुमबाट चार सय माइलभन्दा बढी यात्रा गरेकी थिइन्। उनीसँग 'विकल्प थिएन'। आफ्नो जनसंख्याभन्दा चार गुणा बढी, अर्थात् दुई लाख २० हजार विस्थापित मानिसलाई शरण दिइरहेको सीमा क्षेत्रको गाउँ मबानमा मैले अस्मालाई भेटेको थिएँ। र, कम्तीमा एक हजार पाँच सय सुडानी हरेक दिन दक्षिणी सुडानमा प्रवेश गरिरहेका छन्।

परिस्थितिलाई बिगार्ने गरी सुडान द्वन्द्वको अन्तर्राष्ट्रियकरण भएको छ। प्रतिस्पर्धी अफ्रिकी हितको एक विस्तृत दायराले पक्ष लिएको छ। साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स एक ठाउँमा आएका छन्। जबकि रुसको वाग्नर समूहले आरएसएफलाई हतियार उपलब्ध गराइरहेको छ। द्वन्द्वको यो रूप घरेलु पक्ष मात्र समावेश भएको सामान्य गृहयुद्धको तुलनामा झन्डै चार गुणा लामो समयसम्म जान सक्ने अनुमान गरिएको छ। यस्तो बहुआयामिक भूराजनीतिक परिदृश्यले कूटनीतिक प्रयासमा जटिलता थपेको छ। एउटा सम्भावित समाधान भनेको 'अफ्रिकी समस्याको अफ्रिकी समाधान'को विचार हो, जसको व्यावहारिक अर्थ भनेको सुरक्षा परिषद्ले नभई अफ्रिकी संकटको व्यवस्थापन अफ्रिकी संघले नै गर्नुपर्छ भन्ने हो। तर, यो दृष्टिकोणलाई जुन हदसम्म लागू गरिएको छ, यसले सुडानमा द्वन्द्व समाधान गर्न सकेको छैन। अफ्रिकी नेता नेतृत्व गर्न सक्षम हुनुपर्छ, तर नेतृत्वले सहयोग लिन छाड्नुहुन्न।

सुरक्षा परिषद्ले बोलेको सन्दर्भमा यसले लडाइँलाई सुस्त बनाउन र अन्ततः रोक्न व्यावहारिक उपाय लागू गर्नैपर्छ। यसको संकल्पले नीति-निर्मातालाई संयुक्त प्रयासलाई तीव्रता दिने प्रोत्साहनका रूपमा काम गर्नुपर्छ। यो तीव्रता विशेषतः त्यसवेला आवश्यक छ, जब कूटनीतिले प्रतिक्रिया दिन सक्नेभन्दा द्वन्द्व छिटो फैलिरहेको छ। यसमा नागरिकको सुरक्षा गर्ने उपाय र नागरिक भर परेका अस्पतालजस्ता पूर्वाधार समावेश छन्। अहिलेसम्म द्वन्द्वले सुडानको स्वास्थ्य प्रणालीलाई उल्लेखनीय रूपमा अवरुद्ध गरेको छ। सीधा मार्गमार्फत मानवीय सहायताको पूर्ण प्रवाहलाई सहज बनाउनु पनि तत्कालको आवश्यकता हो। सुडानमा हालको पहुँच अवरोधलाई ध्यानमा राख्दै विभिन्न अवरोधमा ध्यानाकर्षण गर्ने नयाँ र नवीन उपाय आवश्यक पर्छ, जसले थप प्रभावकारी कूटनीतिक समाधानको नेतृत्व गर्न सक्छ।

थप कोष पनि उत्तिकै महत्त्वपूर्ण छ। गत वर्ष राष्ट्रसंघको

हैटी कसरी आपराधिक गिरोहको कब्जामा पऱ्यो ?

गिरोहको दबाबमा राष्ट्रपतिले राजीनामा दिन बाध्य भएपछि हैटी अहिले आपराधिक गिरोहको बन्धक बनेको छ



● निकोलस फोरसन

युनिभर्सिटी अफ एसेक्का व्यवस्थापनका प्राध्यापक फोरसन सोही विश्वविद्यालयअन्तर्गतको ल्याटिन अमेरिकन एन्ड क्यारेबियन अध्ययनका उप-निर्देशक हुन् ।



क्यारेबियन टापु हैटीमा हिंसा नियन्त्रणबाहिर जान थालेपछि अमेरिकी सेनाले रातारात हैटीस्थित उसका दूतावासका कर्मचारीलाई हवाईजहाजबाट उद्धार कार्य सुरु गऱ्यो । आपराधिक गिरोहहरूले कार्यवाहक राष्ट्रपति एरियल हेनरीको राजीनामा माग्दै देशको राजधानी पोर्ट-ओ-प्रिन्समा व्यापक अभियान चलाएका थिए । देशको सबैभन्दा शक्तिशालीमध्ये एक गिरोहका नाइके जिमी 'बार्बेक्यु' चेरिजियरले हेनरीले पद नत्यागे 'नरसंहार निम्त्याउने गृहयुद्ध' हुने चेतावनी दिएपछि राष्ट्रपतिले राजीनामा दिए । हेनरीको राजीनामापछि देशमा थप अन्योल बढेको छ ।

हेनरीको राजीनामा अघि विगतमा एक-अर्कासँग लड्ने हैटीका गिरोहहरूले मिलेर कारागार र प्रहरी स्टेसनमा आक्रमणको शृंखला चलाएका थिए । आक्रमणपछि हैटीका दुई ठूला जेलबाट ३८ सयभन्दा बढी अपराधी उम्किए । देशको बन्दरगाह र विमानस्थल गिरोहको घेराबन्दीमा छन् । हैटी पहिले नै मानवीय संकटको सामना गरिरहेको छ । यहाँका ९० प्रतिशत जनसंख्या गरिबीको रेखामुनि बाँचिरहेका छन् । यो विश्वकै सबैभन्दा गरिब देशमध्येमा पर्छ । हिंसाको पछिल्लो लहरपछि पहिले नै आन्तरिक शरणार्थी शिविरमा राखिएका लगभग १५ हजार मानिस ती शिविर पनि छाड्न बाध्य भएका छन् ।

हैटीका राष्ट्रपति जोभेनेल मोइसको हत्यापछि विपक्षीहरूसँग सहमति भएको सम्झौताअन्तर्गत हेनरीले सन् २०२१ मा सत्तारोहण गरे । तर, हेनरी हैटियन जनतामाझ अत्यन्त अलोकप्रिय रहे । सत्तामा आउनुअघिको सहमतिअनुसार फेब्रुअरी ७ सम्ममा उनले राजीनामा दिनुपर्थ्यो । तर, उनले आफ्नो कार्यकाल लम्ब्याइरहे । देश पछिल्लोपटक सन् २०१६ मा निर्वाचनमा गएको थियो र नयाँ निर्वाचनको कुनै समयतालिका छैन । विगत ६ वर्षमा हैटियन संसद् ठप्प छ, कुनै प्रमुख कानुन पारित भएको छैन । शासन कमजोर छ र देशका इलाकामा नियन्त्रणको कमी छ, जसले गर्दा हैटीले आफूलाई आफ्नो आपराधिक गिरोहको बन्धकभित्र पारेको छ । अमेरिकी अधिकारीले हेनरीलाई छोड्न दबाब दिएनन् । अन्ततः गिरोहको हिंसापछि उनी सत्ता छाड्न बाध्य भए ।

अशान्त इतिहास

आपराधिक गिरोह हैटीका लागि नयाँ होइन । सन् १९५७ देखि १९८६ बीच हैटीमा डुभालियर परिवारको तानाशाही शासन चल्यो । यसविरुद्ध सन् १९५८ मा एक असफल सैन्य विद्रोह भएपछि 'फ्रान्कोइस डुभालियर लेटोन्टोन माकोउटिस' भनिने एक निजी र व्यक्तिगत मिलिसिया सिर्जना गरेर सशस्त्र सेनालाई बाइपास गर्न खोजियो ।

माकोउटिसमा एक अर्धसैनिक बलको रूपमा काम गर्ने निरक्षर कट्टरपन्थी-बन्दुकधारी समावेश थिए । तिनीहरू कुनै पनि राज्य निकाय वा अदालतप्रति जवाफदेही हुनुपर्दैनथ्यो । सो समूहलाई शंकालु राष्ट्रपतिका शत्रुहरूलाई दबाउन पूर्ण अधिकार दिइएको थियो । सन् १९८६ मा डुभालियरको शासन अन्त्यसँगै समूहलाई विघटित गरियो । तर, यसका सदस्य आपराधिक समूहका रूपमा संगठित भए र आम मानिसलाई आतंकित गर्ने कार्य जारी राखे । नरसंहार, मजदुर हडताल वा किसान विद्रोहमा हुने हमला र राजनीतिक रूपमा उत्प्रेरित हत्यामा गिरोहहरू संलग्न छन् ।

> विगत केही वर्षयता आपराधिक गिरोहको संख्या तीव्र रूपमा बढेको छ । अनुमानित २०० आपराधिक गिरोह अहिले हैटीमा सक्रिय छन्, जसमध्ये राजधानी पोर्ट-ओ-प्रिन्समै ९५ वटा छन् । गिरोहहरूको आक्रमणबाट प्रहरी, राजनीतिज्ञ, पत्रकार र आमनागरिक कोही अछुतो छैनन् ।

सन् १९९० मा जिन-बर्टान्ड एरिस्टाइड राष्ट्रपति चुनिएपछि हैटीमा लोकतान्त्रिक संक्रमण सुरु भयो । तर, अर्को वर्ष एक सैन्य विद्रोहद्वारा एरिस्टाइड सत्ताच्युत भए । यससँगै हैटी र सेना दुवैमा भ्रष्टचार बढ्यो । यो अहिले देशको संगठित अपराधसँग लड्न नसक्ने स्थितिमा पुगेको छ । हैटियन फौजले त्यो समय कोलम्बियाको मेडेलिन ड्रग्स कार्टेलसँग मिलेर काम गर्न थाल्यो । तिनले कोलम्बियाबाट सयौँ टन कोकिन हैटी हुँदै अमेरिका पास गर्न सहजीकरण गर्थे । हैटीका राजनीतिक र व्यापारिक सम्भ्रान्तका लागि आयको महत्त्वपूर्ण स्रोत रहेको यो तस्करी निकै फस्टायो ।

सशस्त्र समूह र सशस्त्र बललाई समेत विघटन गर्ने उद्देश्यले गरिएका प्रयास पूर्णतया सफल हुन सकेनन् । तिनीहरू कहिल्यै निःशस्त्र भएनन् र आफूलाई सामुदायिक रक्षा समूह र अर्धसैनिकजस्ता अति-दक्षिणपन्थी समूहमा रूपान्तरित गरेका छन् । हैटीमा सन् २०१० मा भूकम्प जाँदा हजारौँ कैदी भित्किएको जेलबाट भाग्न सफल भए । तीमध्ये धेरै आपराधिक समूहमा जोडिएको अनुमान छ ।

गिरोहद्वारा सञ्चालित राज्य

विगत केही वर्षयता आपराधिक गिरोहको संख्या तीव्र रूपमा बढेको छ । अनुमानित २०० आपराधिक गिरोह अहिले हैटीमा छन्, र राजधानी पोर्ट-ओ-प्रिन्समा मात्र ९५ वटा छन् । गिरोहहरूको आक्रमणबाट प्रहरी, राजनीतिज्ञ, पत्रकार र आमनागरिक कोही अछुतो छैन । गिरोहहरू अहिले दुई समूहमा एकताबद्ध हुन थालेका छन् । सबैभन्दा प्रचलित गिरोह 'जी-९ एन्ड फेमिली' हो । यो 'बार्बेक्यु'को नेतृत्वमा नौ गिरोहहरूको महासंघ हो । सन् २०२० मा स्थापित जी-९ मोइस र हेनरीको हैटियन टेट काले पार्टी (पिएचटिके)सँग जोडिएको छ, जसका लागि महासंघले भोट सुनिश्चित गरेको आरोप छ ।

हिंसा अन्त्यको अनिश्चितता

यस संकटको अन्त्य गर्न ह्वैटीलाई निर्वाचित सरकार चाहिन्छ । तर, यस माहोलमा चुनाव गराउनु सजिलो काम हुनेछैन, न त चुनावले अराजकताका गहिरा जराहरू उखेल्नेछ । स्वतन्त्र र निष्पक्ष निर्वाचनको अवस्था अहिले छैन । चुनावका लागि आवश्यक पूर्वाधार नै छैनन् । कुनै पनि स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि सुरक्षा बहाल हुनुपर्छ, जुन गिरोहहरूको कारण सम्भव छैन । सन् २०२३ को अक्टोबरमा संयुक्त राष्ट्र सुरक्षा परिषद्ले गिरोह र तिनीहरूको बढ्दो हिंसा नियन्त्रण गर्न हैटीमा केन्याको नेतृत्वमा बहुराष्ट्रिय सुरक्षा बल पठाउने पक्षमा मतदान गऱ्यो । तर, शान्ति स्थापनामा ढिलाइ भएको छ र शान्ति स्थापनाका लागि आवश्यक स्रोतसाधन उपलब्ध गराउन अन्य कुनै पनि देश अगाडि आएका छैनन् ।

विश्व संक्षेप

ओलम्पिक र रुसबीच आरोप-प्रत्यारोप

मस्को/ रुसले बुधबार 'अन्तर्राष्ट्रिय ओलम्पिक समिति (आइओसी)'माथि रुसी खेलाडीमाथि लगाएको शर्तको विरोध गरेको छ । आइओसीले युक्रेनमाथि क्रेमलिनको आक्रमणलाई सक्रिय समर्थन नगर्ने रुसी खेलाडीलाई मात्र तटस्थ रूपमा ओलम्पिकमा भाग लिन अनुमति दिने भएको छ । त्यस्तै रुसमा आयोजित 'फ्रेन्डसिप गेम्स'को आइओसीले गरेको आलोचनालाई मस्कोले 'नव-नाजीवाद' भन्दै तीव्र आक्रोश व्यक्त गरेको छ । आइओसीले मंगलबार रुसी खेलाडीलाई आगामी जुलाई २६ देखि पेरिसमा हुन लागेको ओलम्पिकको उद्घाटन समारोहमा भाग लिन रोक लगायो । पेरिस ओलम्पिक आयोजना हुने समयमा 'फ्रेन्डसिप गेम्स' आयोजना गर्ने रुसको योजनाले पनि आइओसी र रुसबीच विवाद उत्पन्न भएको छ । आइओसीले रुसको योजनाको आलोचना गरेको छ । आइओसीले मस्कोले आमन्त्रण गरेका सरकारहरूलाई उक्त प्रतियोगितामा सहभागी नहुन आह्वान गरेको छ । क्रेमलिन भने आइओसीको यस आह्वानबाट क्रुद्ध बनेको छ । 'यो खेलाडीहरूलाई डर देखाउने काम हो । यसले आइओसीको विश्वसनीयतालाई कमजोर बनाउँछ,' क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले भने ।

यो वर्ष हालसम्मकै सबैभन्दा तातो हुने राष्ट्रसंघको चेतावनी

न्यूयोर्क/ राष्ट्रसंघको विश्व मौसम विज्ञान संगठन (डब्ल्युएमओ) को प्रारम्भिक प्रतिवेदनले सन् २०२३ हालसम्मकै तातो वर्ष रहेको पुष्टि गरेको छ । संयुक्त राष्ट्रसंघले सन् २०२४ मा तापक्रम थप वृद्धि हुने चेतावनी दिएको छ । गत वर्ष सतहको औसत तापक्रम पूर्वऔद्योगिकस्तरभन्दा १.४५ डिग्री सेल्सियस बढी रहेको डब्ल्युएमओले बताएको छ । यो एक दशमलव पाँच डिग्री सेल्सियसको सीमानजिक हो । सन् २०१५ को पेरिस जलवायु सम्मेलनमा मुलुकहरूले तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसको सीमाबाट बढ्न नदिन सहमति जनाएका थिए । जलवायु परिवर्तनले बाढी, पहिरो, जैविक विविधतामा क्षति, खाद्य असुरक्षाजस्ता चरम मौसमी घटना तथा समस्या निम्तिरहेका छन् । विश्वभर खाद्य असुरक्षित मानिसको संख्या दोब्बरले बढ्दै गइरहेको डब्ल्युएमओले जनाएको छ । डब्ल्युएमओले बढ्दै गरेको नवीकरणीय ऊर्जा उत्पादनलाई भने आशाको किरणका रूपमा प्रस्तुत गरेको छ । सन् २०२२ को तुलनामा गत वर्ष नवीकरणीय ऊर्जा उत्पादन क्षमता- विशेषतः सौर्य, वायु र जलविद्युत्मा ५० प्रतिशतले वृद्धि भएको थियो । तर, अझै संकटबाट बच्न सक्ने समय रहेकोमा संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसले जोड दिए ।

रोकियो अफगान-पाक सीमामा झडप

इस्लामाबाद/ पाकिस्तानी हवाई आक्रमणले अफगानिस्तान-पाकिस्तान सिमानामा निम्त्याएको झडप रोकिएको अफगानिस्तानले बताएको छ । 'लडाइँ रोकिएको छ र स्थिति शान्त छ,' अफगानिस्तानमा शासन गरिरहेका तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले एएफपीलाई भने । पाकिस्तान सरकारले सोमबार बिहान अफगानिस्तानको खोस्त र पाक्तिका प्रान्तको सीमा क्षेत्रमा आक्रमण गरेपछि दुई पक्षबीच झडप सुरु भएको थियो । इस्लामाबादले आफ्नो भूमिमा आक्रमण गर्ने समूहलाई निसाना बनाएको बताएको थियो । अफगानिस्तानको रक्षा मन्त्रालयका अनुसार पाकिस्तानी आक्रमणपछि तिनको सैनिकले पाकिस्तानी सैन्य चौकीलाई भारी हतियारले निसाना बनाएका थिए । पाकिस्तानी सीमावर्ती जिल्ला कुर्रमका एक वरिष्ठ प्रहरी अधिकारीले पनि अफगान सैनिकहरूले मोर्टार प्रहार गरेको पुष्टि गरे । सन् २०२१ मा अफगानस्तानमा तालिबान सरकारले सत्ताकब्जा गरेपछि दुई देशबीच सीमा तनाव बढ्दै गएको हो । इस्लामाबादले तालिबानले आफूविरुद्ध संघर्षरत लडाकुलाई शरण दिएको र अफगान भूमिबाट पाकिस्तानमा आक्रमण गर्ने छुट दिएको आरोप लगाएको छ । काबुलले भने आरोप अस्वीकार गर्दै आएको छ ।

'साउथ चाइना सी'मा हस्तक्षेप नगर्न अमेरिकालाई चीनको चेतावनी

बेइजिङ/ अमेरिकालाई 'साउथ चाइना सी'मा हस्तक्षेप गर्ने अधिकार नभएको चीनले मंगलबार बताएको छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले त्यस भेगमा फिलिपिनी सैनिकमाथि आक्रमण भए रक्षामा उत्रिने कुरामा अमेरिका अडिग रहेको बताएपछि चीनको उक्त भनाइ आएको हो । 'संयुक्त राज्य अमेरिका साउथ चाइना सीको मुद्दाको पक्ष राष्ट्र होइन । चीन र फिलिपिन्सबीचको सामुद्रिक मामिलामा हस्तक्षेप गर्ने उसलाई अधिकार छैन,' चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा भने । फर्डिनान्ड मार्कोसले सन् २०२२ मा फिलिपिन्सको राष्ट्रपतिको कार्यभार सम्हालेपछि ब्लिन्केनको यो दोस्रो फिलिपिन्स भ्रमण हो । ब्लिन्केनको टिप्पणीबारे सोधिएको प्रश्नको जवाफमा लिनले भने, 'अमेरिका र फिलिपिन्सबीचको सैन्य सहकार्यले 'साउथ चाइना सी'मा चीनको सार्वभौमिकता, सामुद्रिक अधिकार र हितलाई हानि पुऱ्याउनु हुँदैन ।'

बेइजिङले फिलिपिन्सलगायत अन्य दक्षिणपूर्वी एसियाली राष्ट्रको साउथ चाइना सीमाथिको दाबीलाई बेवास्ता यसको करिब सम्पूर्ण भूभागमाथि दाबी गर्दै आएको छ । यसले ती मुलुकसँग चीनको सम्बन्ध तनावपूर्ण बन्दै गएको छ । अमेरिकाले यस मुद्दामा चीनबाहेकका मुलुकलाई समर्थन गरिरहेको छ ।

इतिहासमा आज



सन् १९६५ : मार्टिन लुथर किङ, जुनियरको नेतृत्वमा सेल्मादेखि मोन्टगोमेरीको मार्च सुरु भयो । ६५ माईल लामो यस अभियानलाई अमेरिकाको इतिहासमा अश्वेत अधिकारका लागि भएको एक महत्वपूर्ण प्रयास मानिन्छ ।

सन् १८०४ : फ्रान्सेली क्रान्तिपछि छरिएका कानुनलाई एकीकरण गरेर बनेको 'नेपोलेनिक कोड' फ्रान्समा लागू ।

सन् १८४४ : बहाई धर्मावलम्बीको पात्रो आजकै दिनबाट लागू भयो । यस पात्रोमा १९ महिना रहेको छ ।

सन् १८७१ : जर्मनी (प्रुसिया)का प्रधानमन्त्री अटो भोन विस्मार्कलाई देशको राजकुमारको हैसियत प्रदान गरियो ।

सन् १९३५ : पर्सियाको नाम औपचारिक रूपमा इरानमा बदलियो ।

सन् १९३९ : नाजी जर्मनीले पोल्यान्डलाई उसको भूमि डान्जिङ फिर्ता गर्न चेतावनी दियो ।

सन् १९६३ : सान फ्रान्सिस्कोस्थित अमेरिकाको कुख्यात जेल अल्काट्राज बन्द गरियो ।

सन् १९७५ : इथियोपियामा तीन हजार वर्ष लामो इतिहास रहेको राजतन्त्र अन्त्य भयो ।

सन् १९७९ : इजिप्टको सांसदले इजरायलसँगको शान्ति सम्झौतालाई अनुमोदन गर्दै इजरायलको अस्तित्वलाई स्वीकार गऱ्यो । इजिप्ट इजरायललाई कूटनीतिक मान्यता दिने पहिलो अरब मुलुक हो ।

सन् १९९० : नामिबिया दक्षिण अफ्रिकाबाट अलग भएर स्वतन्त्र मुलुक बन्यो ।

सन् २००६ : ट्विटरका संस्थापक ज्याक डोर्सीले विश्वको पहिलो ट्विट आजकै दिन गरेका थिए ।

सन् २०१४ : रुसले औपचारिक रूपमा क्रिमियालाई आफ्नो भूमि बनायो ।

सन् २०२३ : युगान्डाको सरकारले समलिंगीविरोधी विधेयक पारित गऱ्यो । कानुनअनुसार समलिंगी पहिचान भएका व्यक्तिलाई १० वर्षको जेल सजाय तोकिएको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/१२/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

राजबिराज शाखा, सप्तरी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय राजबिराज, सप्तरीमा प्रा.फ.र.नं. १७१५/०६९/०७० अन्तर्गत मिति २०६९/१०/०७ मा दर्ता कायम भएको **भवानी किराना पसल** फर्म दर्ता ठेगाना : राजबिराज -१, सप्तरी स्थायी लेखा नं. ६००८६८५६७, मिति २०६९/१०/०८ **प्रोप्राईटर : हेम नारायण साह** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**चन्द्र कला देवी** ना.प्र.नं. १६१००१/५६९ जारी मिति २०६४/१०/२१, जि.प्र.का. सप्तरी बाबुको नाम : योगेन्द्र साह पतिको नाम : हेम नारायण साह ससुराको नाम : बोध नारायण साह स्थायी ठेगाना : राजबिराज न.पा. -५, सप्तरी	**हेम नारायण साह** ना.प्र.नं. ७३३३ जारी मिति २०६३/०५/२० जि.प्र.का. सप्तरी बाबुको नाम : बोध नारायण साह बाजेको नाम : शिवजी साह स्थायी ठेगाना : राजबिराज न.पा. -५, सप्तरी

धितोको विवरण

जग्गाको विवरण

शिवजी साहको नाति, बोध नारायण साहको छोरा, हेम नारायण साहको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको :

१. सप्तरी जिल्ला, बिसहरिया गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कित्ता नं. ११७६ को क्षेत्रफल ०-१८-७.२५-० बिगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. सप्तरी जिल्ला, बेल्ही चपेना गा.वि.स./न.पा. वडा नं. ४ क स्थित कित्ता नं. ८६१ को क्षेत्रफल ०-१-१४.५०-० बिगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

थारमारे शाखा, सल्यान

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
बल बहादुर भण्डारी ना.प्र.नं. १९२३, जारी मिति २०५५/०३/२१, जि.प्र.का. सल्यान बाबुको नाम : खुम बहादुर भण्डारी बाजेको नाम : लाल बहादुर भण्डारी स्थायी ठेगाना : बागचौर - ३, सल्यान **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**निर्मला भण्डारी** ना.प्र.नं. ५५०१२३/१०२३६, जारी मिति २०६६/१०/२६, जि.प्र.का. सल्यान बाबुको नाम : शालिक राम डाँगी पतिको नाम : बल बहादुर भण्डारी ससुराको नाम : खुम बहादुर भण्डारी स्थायी ठेगाना : थारमारे - ९, सल्यान

संस्थागत जमानत दिनेको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, सल्यानमा प्रा.फ.द.प्र.प.नं. ८६४/०७३/७४ अन्तर्गत मिति २०७३/०४/१२ मा दर्ता कायम भएको **होटल सनलाईट एण्ड लज** फर्म दर्ता ठेगाना : बागचौर न.पा. - २, सल्यान स्थायी लेखा नं. ६०४८६८८००, मिति २०७३/०४/१३ **प्रोप्राईटर : निर्मला भण्डारी**	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, सल्यानमा प्रा.फ.द.प्र.प.नं. ९११/०७१/७२ अन्तर्गत मिति २०७१/०५/०४ मा दर्ता कायम भएको **नव ज्योती बहुउदेश्यीय कृषि तथा पशुपालन फर्म** फर्म दर्ता ठेगाना : थारमारे - ९, सल्यान स्थायी लेखा नं. ६०२३३८५८५, मिति २०७१/०५/०५ **प्रोप्राईटर : बल बहादुर भण्डारी**

धितोको विवरण

जग्गाको विवरण

लाल बहादुरको नाति, खुम बहादुरको छोरा, बल बहादुर भण्डारीको नाममा मालपोत कार्यालय सल्यानमा दर्ता श्रेस्ता कायम रहेको सल्यान जिल्ला, थारमारे गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. २८४४ र २८४५ को क्षेत्रफल क्रमशः ०-३-२-० र ०-०-३-२ रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं.. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।

९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।

१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।

११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।

१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।

१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ ।

१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।

१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।

१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ ।

१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० चैत्र २२ गते (कार्यालय समय भित्र)

बोलपत्र खोलिने मिति : २०८० चैत्र २३ गते

समय : दिउँसो १ बजे

स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-५३२८६७१/५३२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

आन्तरिक पर्यटनका लागि शुक्लाफाँटा महोत्सव

कञ्चनपुरमा **मोहन विष्ट**

आन्तरिक पर्यापर्यटनका लागि कञ्चनपुरमा शुक्लाफाँटा पर्यटन महोत्सव सुरु भएको छ। निकुञ्जमा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि मंगलबारदेखि शुक्लाफाँटा पर्यटन महोत्सव आयोजना गरिएको हो। भीमदत्त नगरपालिका नगर पर्यटन विकास समितिले यस वर्ष पनि सातौँ शुक्लाफाँटा पर्यटन महोत्सव आयोजना गरेको छ। भीमदत्त नगर पर्यटन विकास समिति उपाध्यक्ष राजेन्द्र केसीले विगत वर्षको निरन्तरता गर्दै यस वर्ष पनि महोत्सव सुरु भएको बताए।

केसीका अनुसार पहिलो दिन शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेको रानी ताल सरसफाइ गरेर पर्यटन महोत्सवको सुरुवात गरिएको छ। दोस्रो दिन बुधबार पश्चिम सीमानाका गड्डाचौकीमा पर्यटनको स्वागत, चरा अवलोकन, जंगलमा पैदल यात्रा र तेस्रो दिन मैत्रीपूर्ण फुटबल सञ्चालन हुनेछ। महोत्सव उद्घाटन कार्यक्रममा सरोकारवालाले शुक्लाफाँटा निकुञ्जलाई पर्यटकीय हब बनाउनुपर्नेमा जोड दिएका छन्। पर्यटन महोत्सवको उद्घाटन गर्दै जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराले आर्थिक समृद्धिका लागि शुक्लाफाँटा निकुञ्जमा पर्यटन भित्र्याउनुपर्नेमा जोड दिए।

कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका जिसस प्रमुख बोहराले कञ्चनपुरको शुक्लाफाँटा प्रचुर सम्भावना बोकेको गन्तव्य भएकाले सरोकारवालाले पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए। भीमदत्त नगरका मेयर पदम बोगटीले नगरपालिकाले पर्यटन वृद्धिका लागि महोत्सवलाई निरन्तरता दिँदै आगामी वर्षमा थप पुरस्कृत बनाउने बताए। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख प्रमोद भट्टराईले जैविक विविधताले भरिभराउ निकुञ्जमा जंगल सफारीदेखिका थुप्रै सम्भावना भएकाले सरोकारवाला पर्यटन प्रवर्द्धनमा अग्रसर हुनुपर्नेमा जोड दिए। उनका अनुसार यसबीचमा प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको आयोजनामा प्रवेश शुल्कमा ५० प्रतिशत छुट गरिनेछ। कञ्चनपुरका पर्यटन व्यवसायी प्रमानन्द भण्डारीले कञ्चनपुरलाई बाह्रसिङ्के सहरको रूपमा विकसित गराउनुपर्नेमा जोड दिए।

सल्यानमा पालिकाबाटै श्रम स्वीकृति

सल्यानमा **दीपक शर्मा**

सरकारले सल्यानका स्थानीय तहबाट श्रम स्वीकृति र पुनः स्वीकृतिसम्बन्धी सेवा सुरु गरेको छ। सरकारले गत १६ चैतमा गरेको निर्णयबमोजिम सल्यानका स्थानीय तहले श्रम स्वीकृति दिने व्यवस्थालाई कार्यान्वयन गरेका हुन्। दश स्थानीय तह रहेको सल्यानमा हालसम्म कुमाख, छत्रेश्वरी, कपुरकोट गाउँपालिका र शारदा नगरपालिकाले रोजगार शाखाबाट श्रम स्वीकृति लिने र पुनः स्वीकृतिका लागि अनलाइन आवेदनको काम सुरु गरेको जनाएका छन्। यसका लागि अब काठमाडौं धाउनुपर्ने झन्झटको अन्त्य भएको छ।

कुमाख गाउँपालिकाका रोजगार संयोजक जीवन शर्माले पुनः श्रम स्वीकृति गरी इ-स्टिकर प्रदान गर्ने काम भइरहेको बताए। अहिलेसम्म कुमाख गाउँपालिकाबाट तीनजना सेवाग्राहीले श्रम स्वीकृति लिइसकेको उनको भनाइ छ।

श्रम स्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसासम्बन्धी कागजात लिएर आउनुपर्ने तथा सम्बन्धित व्यक्तिले ल्याएको कागजातका आधारमा रोजगार केन्द्रले सोसम्बन्धी स्वीकृतिका लागि आवश्यक सहजीकरण गरिदिने शर्माको भनाइ छ।



सम्बन्धित व्यक्तिले सो स्वीकृति लिनुपूर्व कल्याणकारी कोषका लागि एक हजार पाँच सय, सामाजिक सुरक्षा कोषका लागि न्यूनतम दुई हजार रुपैयाँ र बिमाका लागि उमेरअनुसारको शुल्क तिर्नुपर्ने हुन्छ। मोबाइल बैंकिङमार्फत रकम तिर्न सकिन्छ। उक्त सबै काम भएपछि अनलाइनमार्फत श्रम स्वीकृति प्राप्त हुने शर्माको भनाइ छ। आफ्नै गाउँघरबाट छिटोछरितो सेवा प्राप्त भएको कुमाख गाउँपालिका-४ का हरिबहादुर विष्टले बताए।

वैदेशिक रोजगारीका सिलसिलामा गई बिदामा घर फर्किएको र पुनः रोजगारीमा जानका लागि गाउँपालिकाबाट नै श्रम स्वीकृति लिएको उनले बताए। 'अब श्रम स्वीकृति लिनकै लागि सुर्खेत वा काठमाडौं जानुपर्ने बाध्यताको अन्त्य भएको छ,' विष्टले भने। यसअघि श्रम स्वीकृतिको काम गर्न काठमाडौं जानुपर्ने बाध्यता हुँदा खर्च धेरै लाग्ने गरेको भन्दै विष्टले आफ्नो गाउँमै रहेको सेवा केन्द्रबाट श्रम स्वीकृति गरी इ-स्टिकर पाउँदा आफ्नो समय र पैसा बचत भएको जानकारी दिए।

वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्थाअनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य रूपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ। वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा सहज बनाउन भन्दै १ वैशाखदेखि वैदेशिक रोजगारीमा जानेहरूका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन पेस गर्ने कार्य स्थानीय तहको रोजगार सेवा केन्द्रबाट गराउन १६ चैतमा नेपाल सरकार प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीस्तरीय निर्णय भएको थियो।

१९औँ फेवा नववर्ष महोत्सव २९ चैतदेखि

कास्की/ पर्यटन, संस्कृति र खानालाई मुख्य जोड दिँदै प्राकृतिक र मानवीय अतिक्रमणमा परेको फेवा तालको संरक्षण गर्दै भन्ने मूल नाराका साथ पर्यटकीय नगरी पोखरामा चैत अन्तिम सातादेखि १९औँ संस्करणको 'फेवा नववर्ष महोत्सव-२०८१' हुने भएको छ।

होटेल संघ पोखराको आयोजनामा २९ चैतदेखि १ वैशाख ०८१ सम्म पोखराको प्रमुख पर्यटकीय स्थल लेकसाइडस्थित स्ट्रिट नम्बर १ देखि हल्लनचोकसम्मको सडकमा महोत्सव हुने भएको हो। नेपाली मौलिक संस्कृतिको संरक्षण र परम्परागत नेपाली खानाको प्रवर्द्धनसँगै नेपालका मुख्य सहरमा अंग्रेजी नयाँ वर्ष धुमधामसाथ मनाउने गरिएकोमा नेपाली नयाँ वर्ष पनि उत्तिकै उल्लासका साथ मनाउन विगत १८ वर्षदेखि संघले महोत्सव गर्दै आएको आयोजक संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले जानकारी दिए।

यसअघि कोमागाने पार्कमा सञ्चालन गरिँदै आइएको महोत्सव गत वर्षदेखि पर्यटन, संस्कृति र खानालाई विशेष जोड दिएर सडकमा आयोजना गरिँदै आइएको सुवेदीले बताए। महोत्सव अवधिभर त्यस क्षेत्रमा सञ्चालित होटेल तथा रेस्टुरेन्टले आफ्ना भान्छा सडकमै राख्ने र त्यहींबाट पर्यटकलाई सेवा दिनेछन्। रेस्टुरेन्टसँगै खाना र अन्य गरी तीन सय स्टल सडकमा राखिने महोत्सवमा जाने पर्यटकले सडकमै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको परिकार, नेपालका विभिन्न जातीय तथा धार्मिक संस्कृति झल्कने सांस्कृतिक कार्यक्रम, साहसिक खेलकुद तथा पर्यटकीय आकर्षण, लाइभ ब्यान्ड, पञ्चेबाजा, गन्दर्भ गायनसँगै सडकमै विभिन्न मनोरञ्जनात्मक कार्यक्रमको प्रस्तुतिसमेत हेर्न पाउनेछन्। महोत्सवअन्तर्गत अम्मट, सेन्टर प्वाइन्ट र ड्यामसाइडमा स्टल राखी विविध सांस्कृतिक कार्यक्रम गरिने भएको छ। कोरोनाका कारण शिथिल बनेको पर्यटन क्षेत्रलाई चलायमान बनाउँदै पोखरालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचाप्रसार गरी गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसमेत महोत्सवले लिएको आयोजक संघका महासचिव एवं महोत्सवका प्रचार संयोजक राजेन्द्र ढकालले जानकारी दिए। महोत्सवका माध्यमबाट गण्डकी प्रदेशको जातीय वेशभूषा, रहनसहन, खानपान, सांस्कृतिक पक्षहरूको उजागर गर्दै प्राकृतिक सम्पदाको संरक्षण गर्नसमेत पहल गरिने उनको भनाइ छ।

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

१. प्राईभेट फर्म रजिष्ट्रेशन ऐन,२०७६ बमोजिम नेपाल उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प) मा मिति २०७७/१२/०९ मा दर्ता नं. १२५८/०७७/०७८ दर्ता कायम भई नवलपरासी जिल्ला, सुनवल नगरपालीका वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **आदित्य एण्ड आयन मोटर पार्ट्स।** **प्रोप्राईटर : मधु कुमारी थापा क्षेत्री** २. प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम घरेलु तथा साना उद्योग विभाग, प्रदेश सरकार घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प) मा मिति २०६९/०४/२९ मा दर्ता नं. ३२/५०६६/०६९/७० दर्ता कायम भई नवलपरासी जिल्ला, सुनवल नगरपालिका वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **सुनवल दुवानी सेवा।** **प्रोप्राईटर: खिम बहादुर थापा क्षेत्री** ३. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनि ऐन २०६३ अन्तर्गत मिति २०७५/०५/२८ मा प्र.फा.र.नं. १९७०४०/०७५/०७६ कायम भई करदाता सेवा कार्यालय बुटवलबाट मिति २०७५/०५/१० मा स्थायी लेखा नम्बर (पान) नं. ६०६६१५७७४ भएको **सोमनाथ बाबा मल्टिप्रपोज प्रा.लि।** **सञ्चालक: खिम बहादुर थापा क्षेत्री**	१. **खिम बहादुर थापा क्षेत्री** ना.प्र.नं.- ३६९०४ जारी मिति - २०५३/०२/१६ , जि.प्र.का. नवलपरासी बाबु - कृष्ण बहादुर थापा क्षेत्री बाजे - अमृत बहादुर थापा क्षेत्री स्थायी ठेगाना- नवलपरासी जिल्ला, सुनवल गा.वि.स, वडा न.०३ हालको ठेगाना- नवलपरासी जिल्ला, सुनवल न.पा , वडा न.०३ २. **मधु कुमारी थापा क्षेत्री** ना.प्र.नं.- ३६३०३९/५४८ जारी मिति - २०६३/११/२१, जि.प्र.का. नवलपरासी बाबु - जयलाल शर्मा ससुरा - कृष्ण बहादुर थापा क्षेत्री स्थायी ठेगाना- नवलपरासी जिल्ला, सुनवल गा.वि.स, वडा न.०३ हालको ठेगाना- नवलपरासी जिल्ला, सुनवल न.पा , वडा न.०३

लिलाम हुने सम्पत्ति विवरण

१. **खिम बहादुर थापा क्षेत्री**को नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. १ख स्थित कित्ता नं. १८० र ६३२ को क्षे.फ. ०-४-०-० र ०-४-२-० (बि-क-धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु।

२. **मधु कुमारी थापा क्षेत्री**को नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ६ग स्थित कित्ता नं. १७० को क्षे.फ. ०-१०-७-० (बि-क-धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३. धनि कुमारी बैंक लि. र ऋणी **सुनवल दुवानी सेवा** कायम भएको तपसिलको सवारी साधन:

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
लु २ ख ५३१९	MC2K8ERC0MB069699	E613CDMB342035	Tripper	लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवल
लु २ ख ५२६४	MC2K8ERC0MA069013	E613CDMA338411	Tripper	लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवल

४. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी.बैंक लि.) र ऋणी **सोमनाथ बाबा मल्टिप्रपोज प्रा.लि.** कायम रहेको तपसिलको सवारी साधन :

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
लु २ ख ३२ ९८	MAT388116J2R15191	81F63707100	Tripper	लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवल
लु २ ख ३३०१	MAT388116J2R15193	81F63706685	Tripper	लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवल
लु २ ख ३११७	MAT388116J2R15138	81F63706658	Tripper	लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवल
लु २ ख ३३००	MAT388116J2R15190	81F63707743	Tripper	लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवल
लु २ ख ३२९९	MAT388116J2R14668	81F63705962	Tripper	लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवल

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० चैत १४ गते** भित्र बैंकको शाखा कार्यालय सुनवलमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सुनवलबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० चैत १५ गते बिहीबार ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय सुनवलमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सुनवलमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० चैत १५ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय सुनवल फोन नं. ०७८-५७०५०१
शाखा कार्यालय ट्राफिक चोक, बुटवल, फोन नं. ०७१-५३६६३०

नेपाल एसबिआईका ग्राहकले सिद्धार्थ बिजनेस ग्रुपमा छुट पाउने



काठमाडौं/ नेपाल एसबिआई बैंकका ग्राहकले सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीका आउटलेटमा छुट पाउने भएका छन्। बैंकका सम्पूर्ण डेबिट कार्ड वाहक तथा योनो नेपाल एसबिआई प्रयोगकर्ता ग्राहकले छुट पाउने भएका हुन्।

सम्झौताअनुसार ग्रुपले सञ्चालन गरेका २१ वटै आउटलेटमा विभिन्न सेवामा छुट पाउने जनाइएको छ। जसअनुसार खाद्य पदार्थ र पेय पदार्थमा १० प्रतिशत तथा आवासमा २० प्रतिशत छुट पाउने उल्लेख छ। बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार, प्रमुख सञ्चालन अधिकृत यादवेन्द्र कांत, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत रितेश अर्याल, सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीका प्रबन्धक नृपेश श्रेष्ठ तथा बैंकका वरिष्ठ प्रतिनिधिको उपस्थितिमा सम्झौता भएको जनाइएको छ।

क्याप्टेन वेद उप्रेतीको 'सुदूरपश्चिम नेपाल' पुस्तक सार्वजनिक



कञ्चनपुर/ हवाईचालक वेद उप्रेतीले भू-स्वर्गको परिकल्पना 'सुदूरपश्चिम नेपाल' पुस्तक बजारमा ल्याएका छन्। क्याप्टेन उप्रेतीले हालै भू-स्वर्गको परिकल्पना 'सुदूरपश्चिम नेपाल' पुस्तक बजारमा ल्याएका हुन्।

उनले सुदूरपश्चिम क्षेत्रका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यलाई उजागर गर्दै उक्त पुस्तक लेखेका छन्। सुप प्रदेशका पर्यटकीय गन्तव्यको अहिलेको वास्तविक अवस्था र परिकल्पना गरेर भावी समृद्धि बनाउन सकिने योजना पुस्तकमा अघि सारिएको छ। नेपाली अंग्रेजी दुवै भाषामा पाइलटको दृष्टिकोण, सुदूरपश्चिमको परिचय, सपना, इतिहास, अर्थ-व्यवस्था, व्यापार, खुला सीमाका अवसर, विश्वव्यापीकरण, गरिबी, उपेक्षा इतिहास, सर्वश्रेष्ठ सम्भावना, अपिल विषयवस्तु राखेर फोटाहरू राखिएका छन्।

'आकाशबाट एक पाइलटको आँखाले हेर्दा सुदूरपश्चिम ज्यादै सुन्दर सम्भावना बोकेको छ,' उनले भने, नीतिगत रूपमा विकास गर्न सके साँच्चिकै सुदूरपश्चिम स्वर्ग नै बन्छ।' बुधबार महेन्द्रनगरमा एक कार्यक्रमका बीच उक्त पुस्तकको सार्वजनिक गरिएको छ। भीमदत्त नगरपालिका प्रमुख पदम बोगटीले उक्त किताबको सार्वजनिक गरेका हुन्।

नौ वर्षपछि नेपाली कन्टेनर खासाको रमिते जाँदै



सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

विनाशकारी भूकम्पको नौ वर्षपछि नेपाली मालवाहक कन्टेनर (भ्यान डब्बा) चीन स्वशासित क्षेत्र तिब्बतको जाङ्मुपोर्ट (खासाको रमिते) प्रवेश गर्न पाउने भएका छन्। नेपाल सरकारले गरेको पटक-पटकको अनुरोधपछि चीन सरकारले खासाको सम्बन्धित निकायलाई पत्राचार गरेर तातोपानी नाकालाई भूकम्पअधिकै अवस्थ

६ महिनाभित्र गोदावरीमा फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आउने

तीन वर्षपछि गोदावरी नगरपालिकालाई हस्तान्तरण गरिने

धनगढीमा **तेजराज भट्ट**

कैलालीको गोदावरी नगरपालिकामा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र आगामी ६ महिनाभित्र सञ्चालनमा आउने भएको छ। क्षेत्रीय सहरी विकास आयोजना कार्यालयका अनुसार केन्द्र निर्माणको भौतिक प्रगति करिब ९० प्रतिशत छ। एसियाली विकास बैंकको ऋण लगानीमा क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत भ्याटबाहेक ४५ करोड ७७ लाख रुपैयाँको लागतमा चौकीडाँडा सामुदायिक वन क्षेत्रमा आधुनिक फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण भइरहेको हो। चीनको सिचुवान प्रोभेन्स जियोलोजिक इन्जिनियरिङ कम्पनीले फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरिरहेको छ।

कम्पनीका कन्ट्र्याक्ट म्यानेजर नारायण रिजालले सम्झौता अवधिभित्रै काम सम्पन्न गर्ने कम्पनी प्रतिबद्ध रहेको बताए। ०७९ असोजमा निर्माण सम्झौता भएको फोहोरमैला व्यवस्थापन केन्द्रको निर्माण सक्नुपर्ने अवधि आगामी असोजसम्म छ।

फोहोरमैला व्यवस्थापन गर्ने सेल, कम्पाउन्ड, दिसाजन्य फोहोर राख्ने प्लान्ट, फोहोर प्रशोधन ब्लकलगायत काम अन्तिम चरणमा पुगेका उनले बताए। फिनिसिङ र साढे दुई किलोमिटर पहुँच मार्ग निर्माणको काम बाँकी रहेको बताए। 'फोहोरमैला व्यवस्थापन केन्द्र तीन वर्षसम्म हामीले नै व्यवस्थापन गर्ने हो। त्यसपछि नगरपालिकालाई हस्तान्तरण गर्छौं,' उनले भने।

गोदावरी नगरपालिका क्षेत्रबाट अहिले दैनिक करिब दुई टन फोहोरमैला संकलन हुन्छ। यहाँको मुख्य बजार अत्तरिया हो। संकलित फोहोरलाई मालाखेती सामुदायिन वनभित्र गोदावरी नदीले कटान गरेको क्षेत्रमा व्यवस्थापन गर्ने गरिएको नगरपालिकाको फोहोर व्यवस्थापन सुपरभाइजर प्रमल महराले बताए। 'अहिले नदीले कटान गरेको क्षेत्रमा फोहोर फालेर पुरिरहेका छौं, फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आए फोहोर व्यवस्थापन गर्न निकै सहज हुनेछ,' उनले भने, 'फोहोर कहाँ फाल्ने भन्ने समस्या समाधान हुनेछ।' नगरले १२ वटा वडामध्ये आठवटा वडाबाट दैनिक र साप्ताहिक रूपमा फोहोर संकलन गर्ने गरेको छ।

फोहोर व्यवस्थापन केन्द्रमा कुहिने र नकुहिने फोहोरमैलाको वर्गीकरण गरिनेछ। कुहिने फोहोरबाट मलखाद बनाउनुका साथै नकुहिने, तर पुनः प्रयोग गर्न सकिने बस्तु प्रशोधन गरिने भएकाले फोहोरमैला व्यवस्थापन केन्द्र आम्दानीको स्रोतसमेत बन्ने बताइएको छ। कुहिने फोहोर तथा दिसाजन्य वस्तुबाट मलखाद उत्पादन गरिने निर्माण कम्पनीका कन्ट्र्याक्ट म्यानेजर रिजालले जानकारी दिए।

समाज कल्याणमा सदस्यसचिव हटाउन समितिमाथि समिति

न प्रतिवेदन सार्वजनिक, न कार्यान्वयन

सुवास भट्ट/नयाँ पत्रिका

समाज कल्याण परिषद्मा अनियमितता भएको भन्दै छानबिन गरी आवश्यक सिफारिसका लागि सरकारले ६ महिनाअघि उच्चस्तरीय समिति गठन गऱ्यो। गत २९ भदौमा बसेको मन्त्रिपरिषद् बैठकले परिषद्मा सम्बद्ध विषयमा अध्ययन, छानबिन तथा राय पेस गर्न विशेष अदालतका पूर्वअध्यक्षसमेत रहेका पूर्वन्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय गरेको थियो। दुई महिना म्याद तोकिएको समितिले म्याद थप गर्दै लगेर गत फागुन दोस्रो साता प्रतिवेदन तत्कालीन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यलाई बुझायो। तर, यो प्रतिवेदन न हालसम्म सार्वजनिक गरिएको छ, न कार्यान्वयन प्रक्रियामै गएको छ।

राजनीतिक परिवर्तनसँगै परिषद्मा अनुकूलको नियुक्ति गर्ने रोग परिषद्मा विगतदेखि नै कायम छ। यसका लागि अनियमिततालाई हतियारका रूपमा प्रयोग गर्ने अभ्यास पनि दोहोरिँदै आएको छ। यसपटक पनि यसैको पुनरावृत्ति देखिएको छ।

मन्त्रालयको प्रस्तावमा परिषद्का सदस्यसचिव मनोज भट्टलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा हाजिर गराएर छानबिन गर्न समिति गठन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो। उनलाई हटाएर त्यस ठाउँमा नयाँ नियुक्ति गर्ने तयारी मन्त्रालयको थियो। तर, त्यसविरुद्ध सदस्यसचिव भट्ट रिट लिएर सर्वोच्च अदालत गएपछि यो प्रक्रिया अवरुद्ध भयो। सर्वोच्चले निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएपछि उनी काममा फर्किए। अदालतमा मुद्दा परेपछि यो विषय अल्झिएको छ।

सदस्यसचिवको मुद्दा सर्वोच्चमा विचाराधीन रहेकै अवस्थामा अमेरिकी स्थायी आवास अनुमतिपत्र (पिआर) लिएको आरोपमा सरकारले परिषद्की उपाध्यक्ष मोनिका भट्टराई अधिकारीले राजीनामा दिएपछि नयाँ नियुक्तिको प्रक्रियासमेत अघि बढाउने प्रयत्न गरेको थियो। तत्कालीन महिला, बालबालिकामन्त्री उमा रेग्मीले आफ्नी बुहारी अधिकारीलाई ०७८ मंसिरमा परिषद्को उपाध्यक्षको नियुक्ति दिलाएकी थिइन्। अधिकारीको राजीनामापछि राष्ट्रपति रामचन्द्र पौडेलका भतिज अनिलराज पौडेललाई नियुक्तिको प्रक्रिया अघि बढाइएको थियो। तर, विरोध र दबाबबीच यो प्रक्रिया अघि बढ्न सकेन। न त थप छानबिन नै भयो।

यसबीचमा गत फागुन दोस्रो साता छानबिन समितिले प्रतिवेदन बुझाइसकेको छ। मन्त्रालयले प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पठाइसकेको छ। तर, प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन, न कार्यान्वयन प्रक्रियामै लगिएको छ। मन्त्रालयकी प्रवक्ता इन्दु घिमिरेले प्रतिवेदनका सम्बन्धमा आफूलाई थाहा नभएको बताइन्। 'समितिको प्रतिवेदनबारे मलाई थाहा छैन,' उनले भनिन्। प्रतिवेदन माग गर्दा मन्त्रालयले सर्वोच्च अदालतमा मुद्दा विचाराधीन भएको र यसक्रममा प्रतिवेदन सार्वजनिक गर्न नमिल्ने आदेश अदालतले जारी गरेकाले बाहिर ल्याउन नमिल्ने जवाफ मन्त्रालयले दिएको छ।

मन्त्रालयको तत्कालीन नेतृत्वले अनुकूलको सदस्यसचिव नियुक्तिका लागि सदस्यसचिव हटाउने अस्त्रका रूपमा छानबिनलाई अघि सारेको थियो। तर, अहिले सरकारको समीकरण फेरिएकाले विषय फेरि सेलाएको छ।

परिषद्मा अनियमितता भएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मन्त्रालयसमेतमा उजुरी परेपछि त्यसको छानबिनका लागि भन्दै मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले छानबिन समिति गठन गरेको थियो। छानबिन प्रभावित हुन सक्ने भन्दै सदस्यसचिव भट्टलाई परिषद्को जिम्मेवारी खोसेर मन्त्रालयमा हाजिर गराइएको थियो। तर, समितिले प्रतिवेदन बुझाएपछि पनि त्यसको कार्यान्वयन प्रक्रिया थालिएको छैन। छानबिनबाहेक समितिले बदलिँदो परिस्थितिमा परिषद्को संगठन संरचनाबारे पनि सरकारलाई सिफारिस गरेको छ। सदस्यसचिव भट्टको मुद्दा अहिले सर्वोच्चमा विचाराधीन छ। सर्वोच्चमा मुद्दाको पेसी तीनपटक सरिसकेको छ। मन्त्रालयले आफूमाथि पूर्वाग्रह साँधेको आरोप सदस्यसचिव भट्टले लगाएका छन्।

छानबिनको बहानामा अनुकूल नियुक्ति गर्ने पुरानै रोग

परिषद्का पदाधिकारीलाई अनियमितताको आरोप लाग्ने पुरानै प्रवृत्ति हो। नेपालमा गैरसरकारी संघसंस्थालाई अनुमति, अनुगमन र कारबाहीसमेत गर्ने परिषद्माथि उसको कामकारबाहीलाई लिएर आरोप लाग्ने गरेको छ। यसबाहेक परिषद्को जग्गा र सम्पत्ति भाडामा लगाउँदा भ्रष्टाचार भएका विगतका नजिर पनि छन्। तर, परिषद्का विकृति न्यूनीकरणभन्दा पनि नयाँ राजनीतिक समीकरण तथा मन्त्री फेरिएपिच्छे अनुकूलका नयाँ नियुक्तिका लागि पुरानालाई विस्थापित गर्न सरकारले यस्ता छानबिन समिति गठन गर्ने अभ्यास विगतमा देखिएका छन्।

परिषद् ऐनअनुसार सदस्यसचिवको कार्यकाल चार वर्षको हुन्छ। परिषद् स्रोतका अनुसार ०५७ यता मात्र परिषद्मा १६ जना सदस्यसचिव नियुक्त भए। तीमध्ये अधिकांशले आफ्नो पूरा कार्यकाल पूरा गर्न पाएका छैनन्। नयाँ राजनीतिक नेतृत्व र मन्त्री फेरिएपिच्छे सदस्यसचिव परिवर्तन हुने गरेका छन्। यसबीचमा आठजनाले त सरकारको निर्णयविरुद्ध अदालतबाट अन्तरिम आदेश लिएर पुनर्बहाली भएका देखिन्छन्। दुईजनाले राजीनामै बुझाएर हिँडेका थिए।

यसअघि ०७५ मा पनि सरकारले परिषद्का तत्कालीन सदस्यसचिव डिल्लीप्रसाद भट्टलाई निलम्बन गरेर छानबिन गरेको थियो। पछि अदालतको अन्तरिम आदेशबाट उनी काममा फर्किएका थिए। सरकार भ्याकेटमा गएपछि अन्तरिम आदेश खारेज हुँदा उनी पदमुक्त भएका थिए। छानबिन समितिले उनीमाथि अनियमितताको आरोप लगाएको थियो। तर, अन्यमाथि अख्तियारले मुद्दा दायर गर्दा उनी जोगिएका थिए।

छानबिनमाथि छानबिन, हुँदैन प्रतिवेदन कार्यान्वयन

परिषद्माथि अनियमितताका आरोपमा छानबिन समिति गठन गरे पनि त्यसका प्रतिवेदन र सिफारिस सरकारले कार्यान्वयनमा तत्परता देखाएको देखिएको छैन। १८ साउन ०७५ मा बसेको मन्त्रिपरिषद् बैठकले परिषद्मा भएको आर्थिकलगायत अन्य अनियमितताका सम्बन्धमा छानबिन गर्न समिति गठन गर्ने निर्णय गरेको थियो। विशेष अदालतका पूर्वन्यायाधीश मोहनरमण भट्टराईको अध्यक्षतामा सरकारले पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो। आयोगले चार महिना लगाएर प्रतिवेदन तयार गरेर तत्कालीन सरकारलाई बुझाएको थियो।

जाँचबुझ आयोगले मन्त्रीद्वय आशा कोइराला, विक्रमबहादुर थापा, उपाध्यक्ष नीलमणि बराल, कोषाध्यक्ष वीरबहादुर ठगुन्ना, सदस्यसचिव डिल्लीप्रसाद भट्ट र तत्कालीन दुई बोर्ड सदस्यविरुद्ध दोषी करार गरेको थियो। आयोगको कारबाही सिफारिसका आधारमा मन्त्रिपरिषद्ले परिषद्का तत्कालीन पदाधिकारीलाई पदमुक्त गरिदिएको थियो। पदमुक्त गर्नुबाहेकका अनियमितताका आरोपमाथिको कारबाही टुंगो लाग्न सकेन। समितिले सुधारका सिफारिस पनि गरेको थियो। तर, प्रतिवेदन कार्यान्वयनमै गएन। प्रतिवेदन हालसम्म पनि सार्वजनिक भएको छैन।

बाँसबारीको सरकारी...

पृष्ठ १ बाट क्रमशः

चलाइरहेको छ। अनुसन्धानका क्रममा सिआइबीले विनोद चौधरीका भाइ अरुण, तत्कालीन बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडका कार्यकारी अध्यक्ष अजितनारायणसिंह थापा र सिजी चाँदबाग रेसिडेन्सी प्रालिका सञ्चालक सञ्जय ठाकुरलाई गत १८ माघमै पक्राउ गरेको थियो। ६ दिनको हिरासतपछि उनीहरूलाई हाजिरी जमानीमा छाडिएको छ। अनुसन्धानका क्रममा प्रहरीले उद्योगी विनोद चौधरीलाई पनि हिरासतमा लिन सक्नेछ।

सिआइबीका एसएसपी दिनेश आचार्यले सांसद एवं उद्योगी चौधरीविरुद्धको अनुसन्धान प्रक्रिया अघि बढेको र सोही प्रक्रियाका लागि सभामुख घिमिरेलाई जानकारी गराइएको बताए। 'सिआइबीले बाँसबारी छालाजुत्ता कारखानाको हडपिएको जग्गा सम्बन्धमा अनुसन्धान गरिरहेको छ। यस क्रममा विनोद चौधरीविरुद्ध पनि अनुसन्धान गर्नुपर्ने भयो। सोही जानकारी सभामुखलाई गराइएको हो,' उनले भने, 'चौधरी सांसद हुनुहुन्छ। सांसदमाथि अनुसन्धान गरिँदा सभामुखलाई जानकारी गराउनुपर्ने संवैधानिक व्यवस्था छ। सोहीअनुसार जानकारी गराइएको हो।'

सिआइबीका अनुसार चौधरीमाथि अब बयान लिने प्रक्रिया अघि बढ्छ। बयान दिन इन्कार गरे पक्राउ गर्न सक्छ। 'विनोद चौधरीविरुद्धको अनुसन्धान प्रक्रिया अघि बढेको छ। अब हामीले उहाँसँग बयान लिनेछौं। आवश्यक अनुसन्धान प्रक्रिया अघि बढ्नेछ। अनुसन्धान प्रक्रियाले प्रवेश पाइसकेको छ,' सिआइबीका प्रवक्ता एसपी होविन्द्र बोगटीले भने।

चौधरी परिवारलाई अदालतको सहुलियत

उद्योगपति चौधरी ०७९ को निर्वाचनमा नवलपरासी पश्चिमबाट संघीय संसद्मा निर्वाचित सांसद हुन्। उनले कांग्रेसबाट टिकट पाएका थिए। त्यसैवेला उनका भाइ अरुण सिआइबीबाट पक्राउ परे। तर, सत्तारूढ कांग्रेसको आडमा विनोदले भाइ अरुणलाई ६ दिनमै हिरासतमुक्त गराए। फौजदारी कसुरका अभियुक्त अरुणले अदालतबाट पाएको यो अनौठो सहुलियत थियो। जसका लागि जिल्ला अदालत काठमाडौंको इजलास राति ९ बजेसम्म खुला भएको थियो।

काठमाडौं महानगरपालिका- २२ (छ) को कित्ता नम्बर ४५, ४६, ४७, ४८, ४९ र ५० को गरी ९५ रोपनी ६ आना १ पैसा जग्गा छालाजुत्ता कारखानाको नाममा अधिग्रहण भई प्रमाणित उल्लेख भएकोमा अधिग्रहण भन्ने शब्द काटिएको देखिन आएकाले अनुसन्धान गरिनुपर्ने माग गर्दै सिआइबी ५ दिनको म्याद थप्न अदालत पुगेको थियो। तर, अदालतका न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले अरुणसहितको टोलीलाई दुई दिनभित्र अनुसन्धान सकेर हाजिर जमानीमा छाड्ने आदेश दिएको थियो।

तर, पछि सत्तागठबन्धनमा फेरबदल भयो। सत्तारूढ कांग्रेस प्रतिपक्षमा पुग्यो। गृहको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने आए। उनले गत ४ चैतमा गृहसचिव एकनारायण अर्याल, नेपाल प्रहरीका आईजिपी वसन्त कुँवर र सिआइबी प्रमुख एआइजी श्यामलाल ज्ञवालीलाई सँगै राखेर घटनाको अनुसन्धान गर्न निर्देशन दिए। सोही निर्देशनपछि सांसद तथा उद्योगपति चौधरीविरुद्ध अनुसन्धान प्रक्रिया अघि बढेको हो।

चौधरीमाथि सरकार अभै पनि 'सफ्ट कर्नर'

संविधानको धारा १०३ को उपधारा ६ मा फौजदारी अभियोग लागेका कुनै पनि सांसदलाई प्रहरीले पक्राउ गर्न सक्छ। पक्राउपछि मात्रै प्रहरीले घटनाको जानकारी सम्बन्धित सदनको नेतृत्वलाई दिने हो। २०७२ को संविधान धारा १०३ को उपधारा ६ मा भनिएको छ, 'संघीय संसद्को कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन अन्त्य नभएसम्मको अवधिभर पक्राउ गरिनेछैन। तर, कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई संघीय कानुनबमोजिम पक्राउ गर्न यस उपधारासे बाधा पुऱ्याएको मानिनेछैन। त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्नेछ।'

सिआइबीले कांग्रेस सांसद डा. सुनील शर्मालाई गत २५ साउनमा सोही धारा प्रयोग गरेर पक्राउ गरेको थियो। उनीमाथि फौजदारी अभियोग लगाइएको थियो, र पक्राउपछि मात्रै घटनाको जानकारी सभामुखलाई दिएको थियो। त्यसवेला घटनाको अनुसन्धान गरिएको जानकारी सभामुखलाई गरिएको थिएन। तर, विनोद चौधरीको हकमा त्यसो गरिएको छैन। उनीविरुद्ध अनुसन्धान सुरु हुनुअघि नै सिआइबीले घिमिरेलाई जानकारी गराएको छ। यो सरकारले विनोद चौधरीमाथि अपनाएको 'सफ्ट कर्नर' हो।

कान्ति बाल...

पृष्ठ १ बाट क्रमशः

अस्पतालालाई हजार शय्याको बनाउन आवश्यक देखिएकाले यसअघिका स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई कार्ययोजनाको डिपिआर पेस गरिएको थियो। तर, मन्त्रालयले ठोस निर्णय गरेको छैन। डिपिआरअनुसार एक हजार बेडको अस्पताल निर्माण गर्न पाँच वर्ष समय र नौ अर्ब लागत लाग्ने अनुमान गरिएको छ। 'कान्तिले बिरामी फर्कायो भनेर विरोध भइरहन्छ, तर हामीकहाँ आएका सबै बिरामीलाई थेग्न सकिँदैन, सीमित बेड र सीमित चिकित्सक छन्, यही अवस्था सुधार्न डिपिआर पेस गरेका थियौं,' सूचना अधिकारी केसीले भने, 'तर सो योजना अघि बढ्न सकेको छैन।'

तर, स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कान्तिलाई एक हजार शय्याको बनाउने योजना निकै कठिन र खर्चिलो भएको बताए। 'नयाँ कार्ययोजनाको ड्राफ्ट त तयार भएको छ, तर तुरुन्तै बजेट दिइहाल्ने स्थिति छैन, किनकि स्वास्थ्यमा बजेट सीमित छ, यो निर्माण गर्न अर्बौं लाग्छ,' प्रवक्ता बुढाथोकीले भने, 'यसलाई बहुवर्षीय योजनाको रूपमा अघि बढाउँदा ठीक हुने देखिन्छ, जसबारे अन्य निकायसँग छलफल गर्दै छौं।' राष्ट्रिय योजना आयोगसँग योजना सूचीमा सूचीकृत गरेर मात्रै अघि बढ्न सकिने उनको भनाइ छ। तर, मन्त्रालयले सूचीकृत गर्न आयोगसँग पहल गरेको छैन।

अस्पताल निर्माणका लागि रकम निकासा गर्ने र थप योजना बनाउनेबारे मन्त्रालयले अर्थ र सामान्य प्रशासनसँग पनि छलफल गर्नुपर्ने प्रवक्ता बुढाथोकीले बताए। प्रारम्भिक योजनाअनुसार एक हजार शय्याको अस्पताल निर्माण गर्न बहुवर्षीय योजनामा जाँदा पनि ६ वर्ष लाग्ने देखिन्छ। सरकारले एक वा दुई वर्षमा अस्पताल निर्माणका लागि ठूलो आकारमा बजेट विनियोजन गर्न नसक्ने भएकाले यसलाई बहुवर्षीय योजनाका रूपमा अघि बढाउनेबारे स्वास्थ्य मन्त्रालयले अर्थ मन्त्रालयसँग पहल गरेको छ।

सरकारले चालू आर्थिक वर्षमा कान्ति अस्पताललाई ३४ करोड रुपैयाँ विनियोजन गरेको थियो। तर, यसमध्ये प्रशासनिक खर्च नै २३ करोड हाराहारी हुने गरेको छ। अन्य संरचना निर्माण र मर्मतसम्भारको काम गर्न बजेट अभाव हुने गरेको अस्पताल प्रशासनले जनाएको छ।

कूल तीन सय २५ बेडमा पिआइसियू, एनआइसियूलगायत गम्भीर बिरामीको उपचार गर्ने बेड ४२ मात्र छन्। अस्पतालमा लाग्ने भिड थेग्न यो संख्या निकै कम हो। अस्पतालमा एमबिबिएस र विशेषज्ञ गरी ९८ चिकित्सक छन् भने दुई सय २३ नर्स छन्। त्यस्तै, प्यारामेडिक्सतर्फ ५० जनाको जनशक्ति छ। सेक्युरिटी गार्ड, सफाइ कर्मचारी, प्रशासन तथा अन्य कर्मचारी पुग्दो भए पनि स्वास्थ्यकर्मीको संख्या कम छ। रातिको समयमा त कान्तिमा विशेषज्ञ चिकित्सक भेट्नै मुस्किल हुने गरेको छ।

भूकम्पमा चर्किएको भवनको भएन मर्मतसम्भार

कान्ति बाल अस्पतालको प्रशासनिक भवन ०७२ को भूकम्पमै चिरा परेको थियो। त्यति वेला भवन जोखिमपूर्ण भएको भन्दै रातो स्टिकर नै टाँसिएको थियो। तर, अझै पनि अस्पतालका कर्मचारीहरूले सोही भवनमा बसेर काम गरिरहेका छन्। 'रातो स्टिकर लगाएको भवनमा बसेर काम गरिरहेका छौं, मर्मतसम्भारको लागि बजेट छैन,' सूचना अधिकारी केसीले भने, 'सरकारी अस्पताललाई पर्याप्त बजेट नदिँदा समस्या हुने गरेको छ।'





पश्चिम सदैं...

पृष्ठ १ बाट क्रमशः

गण्डकीसम्म वर्षाको सम्भावना छ। सुदूरपश्चिम र कर्णालीका एक-दुई ठाउँमा वर्षा हुन सक्छ।' बिहीबार पनि पश्चिमभन्दा पूर्वी र मध्य नेपालमा बढी वर्षाको सम्भावना छ। कोशी, मधेशका तराई भेगमा हावाहुरीको सम्भावना पनि छ। बुधबार पूर्वी र मध्य नेपालमा झरी नै परेको थियो। काठमाडौं उपत्यकामा पनि दिनभर पानी परेको थियो। पछिल्लो २४ सर्लाहीको चुरेमाई क्षेत्रमा ३१.८ सिन्धुलीको रानीबास क्षेत्रमा ३१ र ललितपुरको लेलेमा १६.६ मिलिमिटर वर्षा भएको छ।

मौसमविद् अधिकारीका अनुसार अहिले पश्चिमी न्यूनचापीय प्रणाली र भारतको बिहारआसपास रहेको न्यूनचापीय प्रणालीको असरका कारण पानी परिरहेको हो। पश्चिमी न्यूनचापीय प्रणाली पश्चिमबाट पूर्व बहन्छ, जुन खासै सक्रिय छैन।

तर, बिहारआसपासमा रहेको न्यूनचापीय प्रणालीको असरका कारण बादल पूर्वबाट पश्चिम बहँदै गएको छ। 'माथिल्लो वायुमण्डलको न्यून चापका कारणले नै तल्लो वायुमण्डलमा प्रभाव परेको हो,' अधिकारीले भने, 'बिहारबाट नजिक पर्ने भएकाले बंगालको खाडीबाट जलवाष्पयुक्त हावा खिचेर ल्याएको छ, बदली र वर्षा पनि पूर्व र मध्य नेपालमा धेरै भएको हो।'

अहिलेको प्रणाली शुक्रबारबाट कमजोर हुने आकलन गरिएको छ। तर, शनिबारबाट पश्चिमी न्यूनचापीय प्रणाली सक्रिय हुने सम्भावना छ, यसले पश्चिम क्षेत्रबाट वर्षा गराउन सक्छ। तर, यसबारे मौसम पूर्वानुमान महाशाखाले आधिकारिक घोषणा गरिसकेको छैन।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११०
टोल फ्री नं.: १६६०-०१-०७०७०१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका क्रेडिटकार्ड होल्डरहरुले उपभोग गरेको क्रेडिटकार्ड बापत बुझाउनु पर्ने बाँकी साँवा, ब्याज लगायतका अन्य बक्यौता र कम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई क्रेडिट कार्ड कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो बाँकी साँवा ब्याज लगायतका अन्य बक्यौता रकम भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपशिलका क्रेडिटकार्ड होल्डरहरुको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको क्रेडिट कार्डको सम्पुर्ण बाँकी साँवा, ब्याज र अन्य बक्यौता रकम भुक्तान गर्नुहोला। अन्यथा बाँकी बक्यौता भुक्तानी नगर्ने क्रेडिटकार्ड होल्डरहरुको नाम कालोसूचीमा समावेश गर्नुका साथै प्रचलित ऐन कानुन तथा यस बैंकसंग गरेको लिखत बमोजिम बैंकको आफ्नो लेना रकम असुल उपर गरिने छ।

तपसिल

ऋणीहरुको विवरण

१) तुफान अंसरी ना.प्र.पं.नं. : ३३१०८२/१५४६३ स्थायी ठेगाना: बारा जिल्ला, पुरैनिया गा.बि.स. वडा नं. १ हालको ठेगाना : बारा जिल्ला, फेटा गा.पा वडा नं. ७ बाबु : गुलाम अंसरी बाजे : लतिफ अंसरी कर्जा शिर्षक : क्रेडिट कार्ड	**२) रामेश्वर कुर्मी** ना.प्र.पं.नं. : ३७१००८/२६२१७ स्थायी ठेगाना: रुपन्देही जिल्ला, छिपाराढ गा.वि.स वडा नं. ३ हालको ठेगाना:रुपन्देही जिल्ला, रोहिणी गाँ.पा वडा नं. ३ बाबु : सुदामा कुर्मी बाजे : मदन कुर्मी कर्जा शिर्षक : क्रेडिट कार्ड	**३) चन्द्रकला लिम्बु** ना.प्र.पं.नं.: ०४१००६/५४३ स्थायी ठेगाना : झापा जिल्ला, दुवागढी गा.वि.स वडा नं. ४ हालको ठेगाना : झापा जिल्ला, मेचीनगार न.पा वडा नं.१० बाबु : हर्कबहादुर थाम्सुहाङ पति : नोभेम्बर विक्रम नेम्वाङ ससुरा : मदनविक्रम नेम्वाङ कर्जा शिर्षक : क्रेडिट कार्ड	**४) सुनिल कुमार सोनी** ना.प्र.पं.नं.: ०४३०१५/७७१ स्थायी ठेगाना : झापा जिल्ला, भद्रपुर गा.वि.स वडा नं. ९ हालको ठेगाना : झापा जिल्ला, भद्रपुर न.पा वडा नं. ९ बाबु : बद्रीप्रसाद सोनी बाजे : झावरमल सोनी कर्जा शिर्षक : क्रेडिट कार्ड
५) मुन्नी बेगम ना.प्र.पं.नं. : ७५७२/३४१४ स्थायी ठेगाना : धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स वडा नं. ४ हालको ठेगाना : धनुषा जिल्ला, सबैला न.पा वडा नं. १२ बाबु : मन्जुर अहमद राईन पति : मो.जाकीर राईन ससुरा : अैलुन कवारी मिया कर्जा शिर्षक : क्रेडिट कार्ड	**६) श्याम प्रसाद चाइ** ना.प्र.पं.नं. : ०५२३१२४६ स्थायी ठेगाना: पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स. वडा नं. २ हालको ठेगाना: पर्सा जिल्ला, विन्दबासिनी गा.पा. वडा नं. २ बाबु : सुरज महतो चाइ बाजे : गोपी महतो चाइ कर्जा शिर्षक : क्रेडिट कार्ड	**७) रहिम थापा** ना.प्र.पं.नं. :०१-०६६-३६०८ स्थायी ठेगाना : काभ्रे जिल्ला, बल्थली गा.वि.स वडा नं. २ हालको ठेगाना:ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ४ बाबु : गोकर्ण थापा बाजे : राम चन्द्र बहादुर थापा कर्जा शिर्षक : क्रेडिट कार्ड	**८) किरण श्रेष्ठ** ना.प्र.पं.नं. : १३२८२० स्थायी ठेगाना: कास्कि जिल्ला, पोखरा उ.म.न.पा वडा नं. ११ हालको ठेगाना: कास्कि जिल्ला, पोखरा म.न.पा वडा नं. १० बाबु : बल बहादुर श्रेण्ठ बाजे : बिर बहादुर श्रेण्ठ कर्जा शिर्षक : क्रेडिट कार्ड
९) आवाश बन्जाडे ना.प्र.पं.नं. : ३७-०१-६९-००३०५ स्थायी ठेगाना : रुपन्देहि जिल्ला, आनन्दवन गा.वि.स वडा नं. ५ हालको ठेगाना: रुपन्देहि जिल्ला, तिलोतमा न.पा वडा नं. ५ बाबु : नारायण बन्जाडे बाजे : ईन्द्र प्रसाद बन्जाडे कर्जा शिर्षक : क्रेडिट कार्ड	**१०) भुवन साह ठोढ** ना.प्र.पं.नं. : ०५६७१८०२ स्थायी ठेगाना: पर्सा जिल्ला, बेरियावर्ति नौतज गा.वि.स वडा नं. ३ हालको ठेगाना: पर्सा जिल्ला, पोखरिया न.पा वडा नं. ८ बाबु : मंगल साह ठोढ बाजे : ठगा साह ठोढ कर्जा शिर्षक : क्रेडिट कार्ड	**११) राजेन्द्र बहादुर शाक्य** ना.प्र.पं.नं. : ३९-०१-७५-०७०५९ स्थायी ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा वडा नं. ३ हालको ठेगाना: रुपन्देहि जिल्ला, बुटवल उ.म.न.पा वडा नं. ४ बाबु : पुर्ण बहादुर शाक्य बाजे : हर्ष बहादुर शाक्य कर्जा शिर्षक : क्रेडिट कार्ड	**१२) अबधेश प्रसा

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार ८ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ प्रधानमन्त्री प्रचण्ड र आइसिसीका अध्यक्ष बार्कलेबीच भेट

नेपाली क्रिकेट विकासका लागि सहयोग गर्ने प्रतिबद्धता



नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)का अध्यक्ष जर्ज बार्कलेले नेपालको क्रिकेट विकासमा आफूले सहयोग गर्ने बताएका छन्। चारदिने नेपाल भ्रमणमा रहेका बार्कलेले बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगको भेटमा मुलुकको क्रिकेट विकास गर्न आइसिसी पूर्ण रूपमा तयार रहेको बताएका हुन्। 'नेपालको क्रिकेटको विकासका लागि आइसिसीले सहयोग गर्नेछ,' उनले भने। एसोसिएट राष्ट्रमा उत्कृष्ट प्रदर्शन गरिरहेको नेपालले आइसिसीको पूर्ण सदस्यता प्राप्त गर्न निश्चित मापदण्ड पूरा गर्नुपर्ने धारणा उनले राखेका छन्।

'आइसिसीको पूर्णकालीन सदस्य प्राप्त गर्न धेरै क्षेत्रमा सुधार गर्नुपर्ने हुन्छ, नेपालले भौतिक पूर्वाधारदेखि अन्य मापदण्ड पूरा गर्नुपर्छ,' उनले भने, 'आयरल्यान्ड पनि सबै मापदण्ड पूरा गरेर पूर्ण सदस्य राष्ट्र भएको हो।' प्रधानमन्त्री प्रचण्डले आइसिसी अध्यक्षको नेपाल भ्रमणले नेपाली क्रिकेटले प्राथमिकता र महत्त्व पाएको बताएका छन्। यसैबीच, प्रधानमन्त्री प्रचण्डले आइसिसी अध्यक्षलाई नेपालमा क्रिकेटमा भइरहेको विकास र भौतिक निर्माणबारे जानकारी दिए। राष्ट्रिय गौरवको आयोजनाका रूपमा विभिन्न क्षेत्रमा क्रिकेट मैदान बनिरहेको उनले बताए।

'नेपाल सरकारले क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको योजनाका रूपमा निर्माण गर्ने निर्णयअनुरूप पूर्वाधारलाई प्राथमिकता दिएको छ,' प्रचण्डले भने। चार वर्षपछि नेपालले बंगलादेशसँग मिलेर महिला यू-१९ विश्वकप क्रिकेट प्रतियोगिता आयोजनाको अवसर दिएकाले प्रचण्डले आइसिसीलाई धन्यवाद दिए।

'सन् २०२७ को यू-१९ महिला विश्वकपका लागि नेपाल सरकारले निकै महत्त्व दिएको छ। आइसिसीबाट पनि महत्त्वपूर्ण सहयोग हुने अपेक्षा गरेका छौं,' उनले भने, 'नेपाललाई विश्वकपजस्तो महत्त्वपूर्ण प्रतियोगिता आयोजना गर्ने अवसर दिएकाले आइसिसीलाई धन्यवाद दिन चाहन्छु।' भेटवार्तामा आइसिसी अध्यक्ष बार्कलेले नेपालको क्रिकेट विकासमा सहयोग गर्ने विश्वास दिलाए।

खेलकुदमन्त्रीसँग चार विषयमा छलफल

बार्कले बुधबारै युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठसँग पनि छलफल गरेका छन्। मन्त्री श्रेष्ठसँगको वार्ता मुख्य गरी नेपालको राष्ट्रिय गौरवका रूपमा रहेका रंगशाला र त्रिवि मैदानको फ्लडलाइट केन्द्रित थियो। आइसिसीसँगको सहकार्य तथा क्रिकेटको विकास र अभिवृद्धिको विषयमा छलफल भएको खेलकुद मन्त्रालयले जनाएको छ। नेपालमा क्रिकेटको बढ्दो लोकप्रियता र अन्तर्राष्ट्रिय मञ्चमा यसको महत्त्वलाई पहिचान गर्दै नेपालको क्रिकेट विकासको प्रयासलाई सहयोग गर्न आइसिसी उत्साहित र प्रतिबद्ध रहेको बार्कलेले जानकारी गराए।

श्रेष्ठले मूलपानीको तल्लो रंगशाला, भरतपुरको गौतमबुद्ध रंगशाला र विराटनगरको बैजनाथपुरमा निर्माणाधीन गिरिजाप्रसाद कोइराला रंगशाला राष्ट्रिय गौरवको आयोजनामा समावेश भएको जानकारी दिए। त्रिवि मैदानको फ्लडलाइटको जडान प्रक्रिया अघि बढेको उनले बताए।



प्रधानमन्त्री प्रचण्डले भने-

सरकारले क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको योजनाका रूपमा निर्माण गर्ने निर्णयअनुरूप पूर्वाधारलाई प्राथमिकता दिएको छ।

आइसिसी अध्यक्ष बार्कलेले भने-



आइसिसीले निर्धारण गरेको मापदण्ड पूरा गरेको अवस्थामा नेपाल आइसिसीको पूर्ण सदस्य बन्न सक्छ।

नेपाली क्रिकेटको भविष्य उज्ज्वल

नेपाली क्रिकेटको विद्यमान अवस्थाबाट आफू प्रभावित भएको बार्कलेले जनाएका छन्। प्रधानमन्त्री र खेलकुदमन्त्रीसँगको भेटवार्तापछि उनले नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गरेको पत्रकार सम्मेलनमा नेपाली क्रिकेटको भविष्य उज्ज्वल रहेको उल्लेख गरेका हुन्। 'मैले प्रधानमन्त्री, खेलकुदमन्त्री र राखेपका सदस्यसचिवलाई भेटैं। नेपाली क्रिकेटको भविष्यलाई लिएर सकारात्मक प्रभाव परेको छ,' उनले भने, 'नेपालको प्रगति हेर्दा तपाईंहरूको वर्तमान र भविष्य सुरक्षित छ।' उनले आफ्नो नेपाल भ्रमणले क्यान र आइसिसी दुवैलाई फाइदा पुग्ने बताएका छन्। उनले क्रिकेट विकासका लागि पूर्वाधारमा लगानी आवश्यक रहेको स्पष्ट पारेका छन्।

'आइसिसीका प्रतियोगिता र दुईदेशीय शृंखला आयोजना गर्न स्तरीय पूर्वाधार चाहिन्छ,' उनले भने, 'अभ्यास मैदान, लाइट र हाई पफर्मेन्स एरियालगायत न्यूनतम आवश्यकताभित्र पर्छन्।' पत्रकार सम्मेलनमा आइसिसीका अध्यक्षले नेपालको दर्शक, फलोअर्स र यहाँको प्राकृतिक सुन्दरताले प्रभावित भएको जनाए। यसैबीच, क्यानले आफू निलम्बनमा पर्दा रोकिएको फन्ड उपलब्ध गराउन पनि आग्रह गरेको छ।

उनले नेपालमा क्रिकेटको सिरिज गर्नका लागि क्रिकेट संरचनाका न्यूनतम मापदण्ड पूरा हुनुपर्ने जनाए। 'सबै मापदण्ड पूरा भए नेपालमा अन्तर्राष्ट्रिय टोलीले सिरिज खेल्न सक्छ,' उनले भने, 'सम्भवतः नेपाल तटस्थ भूमि बन्न सक्छ।' क्यानका सचिव पारस खड्काले आइसिसीका ठूला प्रतियोगिता आयोजना गर्न नेपाल तयार रहेको बताए। उनले सरकार पनि संरचना निर्माणमा सकारात्मक रहनु सुखद रहेको बताएका छन्।

■ एनभिए भलिबल च्याम्पियनसिप

एपिएफलाई स्तब्ध पार्दै गण्डकी सेमिफाइनलमा



तस्बिर : **ज्ञानेन्द्र कार्की**/ नयाँ पत्रिका

नयाँ पत्रिका

विभागीय टोली नेपाल एपिएफ क्लबलाई स्तब्ध पार्दै गण्डकी प्रदेश आठौं आरबिबी एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हलमा बुधबार भएको दोस्रो क्वार्टरफाइनलमा गण्डकीले एपिएफलाई ३-० को सोझो सेटमा हराउँदै अन्तिम चारमा स्थान पक्का गरेको हो। पहिलो सेट गण्डकीले २५-१७ ले बाजी मारेको थियो। तुलनात्मक रूपमा दोस्रो सेट रोमाञ्चक बन्यो। एपिएफले दोस्रो सेटमा सुधारिएको प्रदर्शन गर्दा गण्डकीले सहज जित निकाल्न सकेन। दोस्रो सेटमा गण्डकी ३०-२८ ले विजयी भयो। तेस्रो सेटमा गण्डकीले २५-२३ ले जित्दा एपिएफ क्वार्टरफाइनलबाटै बाहिरियो।

गण्डकीले फाइनल प्रवेशको खेलमा साबिक विजेता टप हेल्प नेपालसँग प्रतिस्पर्धा गर्नेछ। हेल्प नेपाललले बुधबार भएको अर्को क्वार्टरफाइनलमा बुढानीलकण्ठ भलिबल क्लबलाई ३-० को सोझो सेटमा निराश पारेको थियो। यसैगरी महिलातर्फ नेपाल पुलिस क्लब र न्यु डायमन्ड विजयी भएका छन्। समूह 'ए'मा पुलिसले त्रिभुवन आर्मी क्लबलाई ३-० को सेटमा हरायो। जितसँगै पुलिस समूह विजेता बनेको छ। आर्मी र कर्णाली प्रदेश प्रतियोगिताबाट बाहिरिए।

तीन भारतीय खेलाडी सम्मिलित एभरेस्ट भलिबल क्लब समूह 'ए'को उपविजेता बन्यो। एभरेस्टले मधेश प्रदेशलाई ३-० ले हरायो। न्यु डायमन्ड समूह 'बी'को उपविजेता बन्यो। महिलातर्फमा पुलिस, न्यु डायमन्ड, एपिएफ र एभरेस्ट सेमिफाइनलमा प्रवेश गरेका छन्। पुरुषतर्फ हेल्प नेपाल, एपिएफ, पुलिस, आर्मीसँगै कोशी, सुदूरपश्चिम, बुढानीलकण्ठ र गण्डकी अर्को वर्ष हुने आठौं एनभिए महिला तथा पुरुष भलिबल लिगका लागि छनोट भएका छन्। प्रतियोगितामा पुरुष तथा महिलातर्फका विजेताले समान पाँच लाख, उपविजेताले २ लाख र तेस्रो टोलीले १ लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

नेपाल आज बहराइनसँग खेल्दै

नयाँ पत्रिका

फिफा विश्वकप २०२६ अन्तर्गत दोस्रो चरणको खेलमा आज (बिहीबार) नेपाललले बहराइनसँग प्रतिस्पर्धा गर्दै छ। नेपालको फुटबल इतिहासमा बहराइन नयाँ प्रतिद्वन्द्वी हो। फिफाको तालिकाअनुसार यो खेल दशरथ रंगशालामा हुनुपर्ने थियो। तर, रंगशालाको मैदान जीर्ण भएको रिपोर्ट एएफसीका पदाधिकारीले बुझाएपछि नेपाल र बहराइनबीच खेल अन्य भेन्युमा सारिएको हो। बहराइनकै प्रस्तावमा एन्फाले 'होम म्याच' बहराइनमै गर्न तयार भएको हो।

नेपाली टोली बहराइन पुग्नुअघि नै आन्तरिक विवादमा मुछेको थियो। बहराइनविरुद्ध खेल्ने नेपाली टोलीमा आयुष घलानसँगै गोलरक्षक दीप कार्की, रक्षक रोहित चन्द, मिडफिल्डर एरिक विष्ट, सुरजजिउ ठकुरीजस्ता खेलाडी छैनन्। उनीहरूलाई राष्ट्रिय टोलीका प्रशिक्षक भिसेन्जोले बोलाए पनि बहराइन गएनन्।

गोलरक्षक किरणकुमार लिम्बूको कप्तानीमा नेपाललले आफूभन्दा ९३औं स्थान माथिको टोलीसँग खेल्दै छ। बहराइन फिफा वरीयताको ८२ र नेपाल १७५औं स्थानमा छ। विश्वकप छनोट तथा एसियन कप २०२७ छनोट समूह 'एच'मा खेलिएको दुवै खेलमा नेपाल पराजित भएको छ। बहराइनले एक खेलमा जित र एक खेलमा हार बेहोरेको छ। समूहमा दुई खेलमा युएईले दुई खेल जितेको छ। समान ३ अंकका साथ बहराइन र यमन दोस्रो र तेस्रो स्थानमा छन्। नेपाल भने लगातार दुई खेलमा पराजित भइसकेको छ।

खेल संक्षेप

महिला फुटबल टोलीलाई १० लाख हस्तान्तरण

काठमाडौं/ साउदी अरेबियामा भएको वाफ च्याम्पियनसिप उपविजेता नेपाली राष्ट्रिय महिला फुटबल टोलीलाई यमबहादुर गुरुङले उपलब्ध गराएको १० लाख रुपैयाँ बुधबार एक कार्यक्रमबीच हस्तान्तरण गरिएको छ। २३ सदस्यीय खेलाडी टोलीका हरेक सदस्यलाई जनही ४३ हजार ४ सय ७८ रुपैयाँ प्रदान गरिएको हो। डेढ दशकदेखि साउदी अरबमा बस्दै आएका बुटवल उपमहानगरपालिका- ११ का गुरुङले खेलाडीको उच्च प्रदर्शनको कदर गर्दै प्रोत्साहनस्वरूप १० लाख रुपैयाँ प्रदान गरेका हुन्। राष्ट्रिय खेलकुद परिषद्की सदस्यसमेत रहेकी एन्फा महिला फुटबल संघकी अध्यक्ष पेमा डोल्मा लामामार्फत रकम हस्तान्तरण गरिएको हो।

वर्षाका कारण खेल स्थगित

बारा/ जितपुर-सिमरा टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत बुधबार जनपुर पिस फाउन्डेसन र खुकुरी क्रिकेट क्लब भैरहवाबीचको खेल वर्षाका कारण खेल स्थगित भएको छ। बिहानैदेखि परेको वर्षा नरोकिएपछि खेल स्थगित भएको आयोजकले जनाएको छ। आयोजक अभियान नेपालका संरक्षक त्रिलोकविक्रम शाहले खेललाई बिहीबार सारिएको बताए। राउन्ड रोबिनका आधारमा सञ्चालित प्रतियोगितामा समूह 'बी'को दुई खेल बाँकी छन्। यस समूहमा मकवानपुर, जनकपुर र भैरहवा छन्। प्रतियोगिताको फाइनलमा समूह 'ए'को विजेता पर्सा क्रिकेट संघ पुगिसक्यो।

टी-२० च्याम्पियनसिप आजदेखि



भरतपुरमा **विवेक पोखेल**

भारतको राष्ट्रियस्तरका क्रिकेट खेलाडी सहभागी हुने दुई टोलीसहित भरतपुरमा इन्डो-नेपाली टी-२० च्याम्पियनसिप आजदेखि सुरु हुँदै छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय रंगशाला (नमुना मैदान)मा हुने यो प्रतियोगितामा भारतको तालतला कोलकाता र पिएसआर लखनउसहित नेपालका चार क्षेत्रीय टोलीले भाग लिनेछन्। नेपालबाट भरतपुर मेयर ११, बागमती, सुदूरपश्चिम र मधेश प्रदेश सहभागी छन्।

चितवन जिल्ला क्रिकेट संघको आयोजनामा हुन लागेको प्रतियोगिता ३० चैतसम्म हुनेछ। टी-२० च्याम्पियनसिपमा १८ खेल हुनेछन्। प्रतियोगिताले भरतपुरमा कूटनीतिक सम्बन्ध र पर्यटन सम्भावना प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास संघले लिएको छ। संघका सचिव सुरज ज्ञावलीले भने, 'हाम्रो उद्देश्य क्रिकेटरलाई प्लेटफर्म प्रदान गर्नु हो।' भिजिट भरतपुर- २०२४ चल्दै गर्दा खेलले स्पोर्टस् टुरिजम विकास पनि हुनेछ। संघका अध्यक्ष सुदीप पिया र मुख्य प्रायोजक वरुण वेभरेजेजका कन्ट्री म्यानेजर विशाल ठाकुरले च्याम्पियनसिप ट्रफी अनावरण गरेका छन्।

Province Government
Gandaki Province
Ministry of Physical Infrastructure, Urban Development and Transport Management
Infrastructure Development Directorate

Infrastructure Development Office, Kaski

Invitation for Electronic Bids

Date of publication: 2080-12-08 (21st March, 2024) *(First Time Published)*

The Infrastructure Development Office Pokhara, Kaski invites *electronic* bids for Construction of following work under NCB Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to summit bid with the required documents with in the mentioned period as stated in Bidding Document.

SN	Contract No.	Description of Work	Avg. Annual Construction Turnover (NRs.)	Bid Security (NRs.)	Bid Document Fee (NRs)	Specific Experience Requirement
1	IDOKASKI/ W/R/NCB/ MY/86/2080/81	Upgrading of Ramkot-Thulibeshi-Syastri-Deupurbeshi-Polyang Road (Rupa Ring Road) Kaski	422 M	19.88 M	20,000	As Stated in section III of EQC of Bid Document
2	IDOKASKI/ W/R/NCB/ MY/117/2080/81	Upgrading of Section of Lamkhet Mauja Mohoria Road, Pokhara-20	59 M	1.05 M	5,000	As Stated in section III of EQC of Bid Document

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/१२/०८

यस कार्यालयको मिति २०८०/१०/२२ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/05/080-81 अनुसार दर्ता हुन आएका बोलपत्र सम्बन्धी प्रस्तावहरु मध्येबाट तपशिलका बोलपत्रदाताहरु न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क्र. स.	ठेक्का नं.	बोलपत्रदाताहरुको नाम र ठेगाना	कबोल रकम रु. (मू.अ.कर र पि. एस बाहेक)
1	LIDPO/PKR/W/ NCB/50/080-81	M/S Advance Gorkha Construction Pvt. Ltd, Gorkha	८९,४७,५५१.५०
2	LIDPO/PKR/W/ NCB/51/080-81	M/S Suave Construction and Consultant Pvt. Ltd, Kathmandu	८१,९५,५३२.९०
3	LIDPO/PKR/W/ NCB/52/080-81	M/S Balewa Bhairab Nirman Sewa, Baglung	२४,००,८४०.२०
4	LIDPO/PKR/W/ NCB/53/080-81	M/S Sholay Nirman Sewa Pvt. Ltd., Tamankhola-02, Baglung	२०,१८,३२०.००
5	LIDPO/PKR/W/ NCB/54/080-81	M/S Acharya Nirman Sewa, Myagdi	६५,२२,९१४.६०

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं
बागमती प्रदेश, नेपाल

आशय सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/०८

यस नगरपालिका अन्तर्गत तपसिल अनुसारको ठेक्का नम्बरमा उल्लेखित कार्यको लागि मिति २०८०/१०/२६ को नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार e-Bidding माध्यमबाट दर्ता हुन आएका बोलपत्र मध्ये तपसिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र मूल्यांकित सारभूत रुपमा प्रभावग्राहि देखिएकोले स्वीकृतिको प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन(बाह्रौ संसोधन), २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

क्र.सं	ठेक्का नं.	योजनाको विवरण	बोलपत्रदाताको नाम	कबोल रकम (भ्याट सहित)
1	Adhikari gaun-Manichaur-Sankhu Road/W/ NCB/08/2080-81	Pavement Works of Adhikari Gaun-Manichaur-Sankhu Road	Liyonel construction pvt. ltd., Kathmandu	७६,४१,९०५.००(अक्षरेपी छैहत्तर लाख एकचालिस हजार नौ सय पाँच रुपैंया मात्र)

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com